*दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई पराजित गरौं,*
*जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं ।*

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## प्रथम विधान महाधिवेशन

(असोज १५–१७, २०७८) बाट पारित

# राजनीतिक प्रतिवेदन

cpnuml

| | |
|---|---|
| पुस्तकको नाम | : राजनीतिक प्रतिवेदन |
| प्रकाशक | : नेकपा (एमाले) केन्द्रीय सचिवालय |
| संस्करण | : पहिलो |
| मुद्रित प्रति | : १० हजार |
| मिति | : मंसिर २०७८ |
| मूल्य | : रु.७०/– |
| ले–आउट डिजाइन तथा मुद्रण व्यवस्थापन | : एम एस माउस पुतलीसडक |

# विषयसूची

१. नवौं राष्ट्रिय महाधिवेशनको सङ्क्षिप्त पुनरावलोकन ........ ८
२. अन्तर्राष्ट्रिय परिस्थिति, भूराजनीति र हाम्रो विदेश नीति ........ १५
३. नवौं राष्ट्रिय महाधिवेशनदेखि पार्टी एकीकरणसम्म ........ २७
४. पार्टी एकीकरणको ऐतिहासिक परिघटना ........ ४६
५. सरकारका साढे तीन वर्ष ........ ६१
६. अदालतको फैसला र गठबन्धन सरकार ........ ७६
७. अध्यादेश, संवैधानिक अङ्गहरूको भूमिका र पार्टी विभाजन ........ ८३
८. पार्टीभित्र उत्पन्न समस्या र एकताका प्रयत्न ........ ८६
९. समाजवादको आधार निर्माणमा हाम्रो पहल ........ ८८
१०. सिद्धान्त, कार्यक्रम, कार्यदिशा र नीति ........ ९९
११. पार्टी निर्माण ........ ११४
१२. आगामी कार्यभार ........ १२३

प्रिय कमरेडहरू !

हामी आज नवौं राष्ट्रिय महाधिवेशनले व्यवस्था गरे बमोजिम आयोजित पार्टीको विधान महाधिवेशनमा उपस्थित भएका छौं । आरम्भमा म सबै प्रतिनिधि कमरेडहरूलाई महाधिवेशनमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल, जननेता मदन भण्डारी तथा प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारीका साथै पार्टीका तत्कालीन महासचिव तुलसीलाल अमात्य र वाम– लोकतान्त्रिक आन्दोलन एवं महिला मुक्ति अभियानकी अग्रणी व्यक्तित्व सहाना प्रधान लगायत आन्दोलनका अग्रज व्यक्तित्वहरूप्रति उच्च सम्मानका साथ श्रद्धासुमन अर्पण गर्दछु । उहाँहरूको प्रेरणाले हामीलाई लक्ष्यतर्फ अविचलित रुपमा अगाडि बढ्न मार्गदर्शन गरिरहने छ । म नेपालको देशभक्तिपूर्ण युद्ध, लोकतन्त्र निम्तिका सङ्घर्ष एवं सामाजिक–आर्थिक रुपान्तरणका लागि कम्युनिष्ट आन्दोलनमा सहभागी हुने क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । र, उहाँहरूका सपना पूरा गर्न पार्टीका तर्फबाट दृढ सङ्कल्प व्यक्त गर्दछु । अग्रगामी परिवर्तनको यात्रामा सहभागिता, त्याग र बलिदानका गाथाहरू सिर्जना गर्ने घाइते, अपाङ्ग तथा बेपत्ता व्यक्तिका परिवारजनसहित समस्त न्यायप्रेमी जनताप्रति उच्च सम्मान र अभिनन्दन व्यक्त गर्दछु । नवौं

महाधिवेशन यता हामीले गुमाएका सहयोद्धा केन्द्रीय सदस्यहरू रामनाथ ढकाल, महिम लिम्बु, रवीन्द्र अधिकारी, दिनेशचन्द्र यादव, पशुपति चौलागाईँ तथा योगनारायण यादव सहित दिवंगत कमरेडहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

विधान महाधिवेशन हाम्रो पार्टी जीवनमा सुरु गरिएको नौलो अभ्यास हो । विगतदेखि नै पार्टीको सर्वोच्च संस्था राष्ट्रिय महाधिवेशनबाट नीति र नेतृत्व निरुपण हुँदै आएको छ । तर नेतृत्व र नीति निर्माणका प्रश्नलाई एकैसाथ, एउटै मञ्चबाट समाधान गर्न खोज्दा जटिलता उत्पन्न हुने गरेको, नेतृत्व चयनको प्रश्नमा ध्यान केन्द्रित हुँदा नीति निर्माणको कार्यसूची ओझेलमा परेको र विधानको टुङ्गो नलगाइकन अधिवेशनमा पुग्दा पार्टीका कतिपय संरचनाहरू सहभागीका मनोगत आकाङ्क्षा पूर्तिका लागि अपरिपक्व ढङ्गले टुङ्गिने गरेको अनुभव पनि हामीलाई भएको छ । तसर्थ विधि र नीति निर्माणको विषय नेतृत्व चयनको राप–चापबाट मुक्त रहन सकोस् र यस सम्बन्धी बहस एवं निष्कर्ष वस्तुगत, सन्तुलित र सिर्जनात्मक बन्न सकुन् भन्ने उद्देश्यले यस खालको विशेष प्रबन्ध गरिएको हो । पहिलो पल्ट आयोजित विधान महाधिवेशनलाई सार्थक र परिणाममुखी बनाउन कमरेडहरूले रचनात्मक योगदान पुऱ्याउनु हुनेछ भन्ने विश्वास लिएको छु ।

सामान्यतया नेकपा (एमाले) को दसौं महाधिवेशन आजभन्दा दुई वर्षभन्दा अगाडि नै सम्पन्न भइसक्नु पर्ने थियो । यस बीच, २०७५ जेठ ३ गते नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच एकीकरण भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भयो । झण्डै तीन वर्ष हामी नेकपाकै रुपमा क्रियाशील रह्यौं । नेकपाको एकता महाधिवेशन २०७७ चैतका लागि तय समेत भइसकेको थियो । तर सीमित व्यक्तिका निहित स्वार्थका कारण एकीकरण निष्कर्षमा पुग्न सकेन । २०७७ साल फागुन २३ गते

*यो वर्तमान एकीकृत कम्युनिष्ट पार्टीको विधान महाधिवेशन हो । महाधिवेशनको आयोजनामा मात्र होइन, यसको नीति प्रतिपादन, विधि तर्जुमा र नेतृत्व निर्माणमा पनि एकताको निरन्तरताको विशेष पक्षलाई आत्मसात गर्नु पर्दछ ।*

सर्वोच्च अदालतको फैसलाले दुबै पार्टीलाई एकीकरण पूर्वको अवस्थामा फर्कायो । पार्टीलाई पुनः एकीकृत गरेर अगाडि लैजाने हाम्रो प्रयास सफल नभएपछि आज हामी नेकपा (एमाले) का रुपमा क्रियाशील छौं । आजको नेकपा (एमाले) स्थापना कालको नेकपा, हिजोको नेकपा (एमाले) र पार्टी एकीकरणपछि बनेको नेकपाकै निरन्तरतासहितको, त्यसकै बिरासत बोकेको पार्टी हो, एकीकृत पार्टी हो । तसर्थ, यो वर्तमान एकीकृत कम्युनिष्ट पार्टीको विधान महाधिवेशन हो । महाधिवेशनको आयोजनामा मात्र होइन, यसको नीति प्रतिपादन, विधि तर्जुमा र नेतृत्व निर्माणमा पनि एकताको निरन्तरताको विशेष पक्षलाई आत्मसात गर्नु पर्दछ ।

महाधिवेशन आयोजना गरिरहेको यस घडीमा नेपाली कम्युनिष्ट आन्दोलन सामु नयाँ चुनौती थपिएका छन् । एकीकरण प्रक्रिया पूरा हुनै नपाई भङ्ग भएको छ, नेकपा (एमाले) बाट केही व्यक्ति बाहिरिएका छन् र पार्टी प्रतिपक्षी भूमिकामा पुगेको छ । पार्टीका विरुद्ध घेराबन्दी र आक्रमणको नयाँ शृङ्खला सुरु भएको छ । संविधान, लोकतन्त्र, मुलुकको स्थिरता र एकता, समृद्धिको अभियान एवं राष्ट्रिय हितमाथि जोखिम बढेको छ । हाम्रा सामु दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई पराजित गर्दै नेपाली कम्युनिष्ट आन्दोलनलाई सही दिशामा अघि बढाउने दायित्व छ । साथै

जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादका आधार निर्माण गर्ने अभिभारा छ । विधान महाधिवेशनलाई यसै उद्देश्यमा केन्द्रित गर्न जरुरी छ ।

प्रस्तुत प्रतिवेदनमा म नवौं महाधिवेशनका निष्कर्ष, पार्टी एकीकरण र त्यस क्रममा विकसित अवधारणा, पार्टीको आन्तरिक जीवनमा देखा परेको प्रवृत्ति तथा समस्या, यस अवधिमा सम्पादित कामको सङ्क्षिप्त समिक्षा सहित वर्तमान राष्ट्रिय र भूराजनीतिक परिस्थितिका मुख्य प्रवृत्तिको विश्लेषण, पार्टीका सिद्धान्त, नीति र कार्यक्रमको अद्यावधिक पुनरावलोकन, परिवर्तित सन्दर्भमा पार्टी निर्माण तथा हाम्रा आगामी कार्यभार जस्ता विषयमा केही प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

## १. नवौं राष्ट्रिय महाधिवेशनको सङ्क्षिप्त पुनरावलोकन

(क) नेकपा (एमाले) को नवौं राष्ट्रिय महाधिवेशन २०७१ साल असार १९ – साउन १ मा काठमाडौंमा आयोजना गरिएको थियो । विभिन्न कारणले महाधिवेशन निर्धारित समयभन्दा करिब चार महिना ढिलो र मध्य बर्षामा आयोजना भयो । तसर्थ महाधिवेशनको उद्घाटन र समापन सत्रमा आम जनसमुदायको व्यापक उपस्थिति हुन सकेन । निर्वाचन प्रणालीका जटिलता (केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा परीक्षण आयोगको निर्वाचन एकैपटक हुनु, विद्युतीय मतदान मेसिन प्रयोगमा सहमति नजुट्नु र प्यानलगत निर्वाचन हुनु आदि) का कारण एक साताका लागि तय गरिएको महाधिवेशन झण्डै दुई सातासम्म लम्बिएको थियो ।

*महाधिवेशन पार्टीभित्र कुनै नीतिगत मतभिन्नता भएमा त्यसको समाधान गर्ने थलो हो । नेतृत्वका प्रश्नमा प्रतिष्पर्धा भए प्रतिनिधिहरूको मतद्वारा टुङ्गिने मञ्च हो । पारित नीतिको मार्गदर्शन र निर्वाचित नेतृत्वको अगुवाइमा पार्टीमा उन्नत स्तरको एकता र उर्जा निर्माण गर्ने पार्टीको सर्वोच्च निकाय हो ।*

महाधिवेशनमा राजनीतिक प्रतिवेदन, सङ्गठनात्मक प्रस्ताव र विधान सहमतिमै पारित भए । २०७१ साउन १ गते केपी शर्मा ओली अध्यक्ष रहेको नेकपा (एमाले) को १६१ सदस्यीय केन्द्रीय कमिटी चयनसँगै महाधिवेशन समाप्त भएको थियो ।

महाधिवेशन पार्टीभित्र कुनै नीतिगत मतभिन्नता भएमा त्यसको समाधान गर्ने थलो हो । नेतृत्वका प्रश्नमा प्रतिष्पर्धा भए प्रतिनिधिहरूको मतद्वारा टुङ्गिने मञ्च हो । पारित नीतिको मार्गदर्शन र निर्वाचित नेतृत्वको अगुवाइमा पार्टीमा उन्नत स्तरको एकता र उर्जा निर्माण गर्ने पार्टीको सर्वोच्च निकाय हो । तर नवौं महाधिवेशनपछि पनि अस्वस्थता र कटुताका असर समाप्त हुन सकेनन् ।

**(ख) अन्तर्राष्ट्रिय परिस्थितिबारे नवौं महाधिवेशनका मुख्य निष्कर्ष :**

- विश्व वित्तीय पुँजीवादको सङ्कट गहिरँदै गएको छ । समाजवादको अपरिहार्यता र वामपन्थी विकल्पको औचित्य पुनर्पुष्टि भएको छ । वामपन्थी आन्दोलनमा नयाँ उभार सिर्जना भएको छ ।

- विश्वमा तनाव, द्वन्द्व र वाह्य हस्तक्षेपका प्रवृत्तिहरू विद्यमान छन् । तर शान्ति स्थापना र द्वन्द्व न्यूनीकरणका प्रयास पनि विस्तार हुँदै गएका छन् ।
- आतङ्कवाद र अतिवादको चुनौती थपिएको छ ।
- अधिनायकवादी सत्ताका विरुद्ध लोकतन्त्रको नयाँ लहर देखा परेको छ।
- चीनले समाजवाद निर्माणको मौलिक बाटो अवलम्बन गर्दै अभूतपूर्व विकास गरेको छ । चीनको सफलता विश्वका श्रमजीवी जनताका लागि प्रेरणाको विषय बनेको छ ।
- लैङ्गिक समानता, श्रमिकका हक, मानव अधिकार, जलवायु परिवर्तन जस्ता मुद्दामा सामाजिक आन्दोलनको प्रभाव बढ्दै गएको छ । वामपन्थी आन्दोलनले आफूलाई सामाजिक आन्दोलनसँग जोड्न सक्नु पर्छ ।
- चीन र भारतबीच बढ्दो अन्तरसम्बन्ध र सहकार्य सकारात्मक छन् । नेपाल दुबै मुलुकसँग पारस्परिक लाभ र सम्मानमाथि आधारित सम्बन्ध विस्तार गर्न चाहन्छ । हामी उनीहरूका जायज सरोकारप्रति सजग छौं, उनीहरूबाट पनि त्यस्तै व्यवहार चाहन्छौं ।
- राष्ट्रिय हितको रक्षा नै हाम्रो विदेश नीतिको सार हो ।

**(ग) राष्ट्रिय परिस्थितिबारे महाधिवेशनका निष्कर्षहरू:**

- संविधानसभाको दोस्रो निर्वाचनले संविधान निर्माणका लागि अनुकूल शक्ति सन्तुलन निर्माण गरेको छ ।

*नेपाल दुबै मुलुकसँग पारस्परिक लाभ र सम्मानमाथि आधारित सम्बन्ध विस्तार गर्न चाहन्छ । हामी उनीहरुका जायज सरोकारप्रति सजग छौं, उनीहरूबाट पनि त्यस्तै व्यवहार चाहन्छौं ।*

- सरकारलाई संविधान निर्माणको सहजकर्ता, परिवर्तनको संवाहक, विकास निर्माणको अभियन्ता र जनताको सेवकका रुपमा अगाडि बढाउने प्रयास गर्नु पर्छ ।
- २०६२/६३ को आन्दोलन र जनक्रान्तिका क्रममा श्रमजीवी वर्ग र पुँजीपति वर्गका प्रतिनिधि पार्टीहरूबीच सहकार्य र प्रतिष्पर्धाको विशेष अवस्था सिर्जना भएको छ । संविधान निर्माण र सङ्क्रमणकाल अन्त्य गर्ने बिन्दुसम्म यो सहकार्य जारी रहनु पर्छ । तर प्रतिष्पर्धामा श्रमजीवी वर्गको श्रेष्ठता स्थापित गर्ने आवश्यकतालाई भने हमेशा ध्यानमा राख्नु पर्छ ।
- सामाजिक–आर्थिक क्षेत्रका चुनौती हुन्– लम्बिँदो सङ्क्रमणकाल, सङ्कटग्रस्त अर्थतन्त्र, जनसङ्ख्याको असमान वितरण, असन्तुलित विकास, भ्रष्टाचार र अवैध स्रोतहरूको बढ्दो प्रभाव, शिक्षा र स्वास्थ्यको बढ्दो व्यापारीकरण, महिला हिंसामा वृद्धि, छुवाछुत र जातीय विभेद अन्त्य हुन नसक्नु, जलवायु परिवर्तन र वातावरणीय विनास आदि ।
- समाजमा सकारात्मक प्रवृत्ति पनि बढ्दै गएका छन्, जस्तै– सामाजिक सद्भाव पुनस्र्थापित हुँदै जानु, द्वन्द्वकालका कटुता क्रमशः कम हुनु,

सामाजिक चेतनामा उल्लेख्य वृद्धि, विदेशिन वाध्य युवाहरूको स्वदेशमै फर्केर स्वरोजगारमा सङ्लग्न हुने क्रम बढ्नु, सूचना प्रविधिको पहुँच उल्लेख्य विस्तार, राजनीतिक स्थायित्वको संभावना बढ्नु आदि ।

(घ) नेकपा (एमाले) सामाजिक–आर्थिक रुपान्तरणको अग्रणी शक्ति हो । नेपाली काङ्ग्रेस मूलतः नवउदारवादी र यथास्थितिवादी शक्ति हो । त्यससँग हाम्रो प्रतिष्पर्धा र सहकार्यको सम्बन्ध छ । एनेकपा (माओवादी) को लोकतान्त्रिक रुपान्तरण भइसकेको छैन, तसर्थ त्यससँग सहकार्य–सङ्घर्ष–रुपान्तरणको नीति अवलम्बन गर्नु पर्दछ । मधेस केन्द्रित दलहरू तराई–मधेसका यथास्थितिवादी शक्ति हुन्, उनीहरू राष्ट्रिय एकताका प्रश्नमा गलत विचार बोकिरहेका छन् ।

(ङ) २०६२/६३ को परिवर्तन नेपालको सन्दर्भमा मौलिक ढङ्गले सम्पन्न पुँजीवादी जनवादी क्रान्ति हो । यो पुष्पलालको संयुक्त जनआन्दोलनको नीति र जनताको बहुदलीय जनवादले देखाएको बाटो अनुरुप छ । यसले राजतन्त्रको अन्त्य गरेको छ । यससँगै प्रधान अन्तरविरोधको स्थितिमा परिवर्तन आएको छ ।

(च) सामन्तवादका अवशेषहरू कायम रहेको भए पनि सामन्तवाद मूलभूत रुपमा विघटन भएको छ र नेपाली समाज प्रारम्भिक प्रकृतिको पुँजीवादी समाजमा बदलिएको छ ।

(छ) नेपाल विश्व रङ्गमञ्चमा सधैभरि स्वतन्त्र र सार्वभौम राष्ट्रका रुपमा रहँदै आएको छ । तसर्थ यसलाई अर्ध–उपनिवेश भन्नु त्रुटि हुन्छ । यो पदावली अब प्रयोग गरिने छैन। तर नेपालको राष्ट्रियता या राष्ट्रिय स्वाधीनताको सङ्घर्ष समाप्त भयो भन्ने अर्थमा भने यसलाई बुझ्नु हुँदैन ।

> *२०६२/६३ को परिवर्तन नेपालको सन्दर्भमा मौलिक ढङ्गले सम्पन्न पुँजीवादी जनवादी क्रान्ति हो । यो पुष्पलालको संयुक्त जनआन्दोलनको नीति र जनताको बहुदलीय जनवादले देखाएको बाटो अनुरूप छ । यसले राजतन्त्रको अन्त्य गरेको छ । यससँगै प्रधान अन्तरविरोधको स्थितिमा परिवर्तन आएको छ ।*

जननेता मदन भण्डारीले परिभाषित गर्नुभएको प्रगतिशील राष्ट्रवादको आलोकमा यस विषयलाई सही ढङ्गले बुझ्नु र अगाडि बढाउनु पर्दछ ।

(ज) महाधिवेशनबाट राज्य, राष्ट्र र पहिचानका प्रश्नहरूको मार्क्सवादी व्याख्या गर्दै नेपाली समाजको सही चरित्र चित्रण गरिएको थियो ।

(झ) नयाँ संविधानका अन्तरवस्तुका बारेमा पार्टी दृष्टिकोण प्रस्तुत गर्दै महाधिवेशनले विद्यमान शक्ति सन्तुलनलाई हेरेर कतिपय विषयमा लचकता अपनाउनु पर्ने आवश्यकता औंल्याएको थियो ।

(ञ) परनिर्भरताको बिरासत अन्त्य गर्दै राष्ट्रिय विकासको मौलिक बाटो अवलम्बन गर्नु पर्ने कुरामा विशेष जोड दिंदै महाधिवेशनमा यसको मोटो रुपरेखा अगाडि सारिएको थियो ।

(ट) जनताको बहुदलीय जनवादको रक्षा, प्रयोग र विकासका २२ वर्षको समिक्षा गर्दै महाधिवेशनले जबजको सिद्धान्तको सहीपना पुनर्पुष्टि भएको, समाजवाद निर्माणका सन्दर्भमा पनि जबजले मार्गदर्शन गर्ने स्पष्ट पारेको थियो ।

(ठ) महाधिवेशनले जनक्रान्तिको सफलतासँगै नेपाल आम रुपमा समाजवादी क्रान्तिको युगमा प्रवेश गरेको भएता पनि तत्काल लागू गरिने कार्यक्रमको चरित्र भने जनताको बहुदलीय जनवादी नै हो भन्ने स्पष्ट पारेको थियो । 'नेकपा (एमाले) को परिकल्पनाः सुखी नेपाली, समृद्ध नेपालको स्थापना' अवधारणामा कार्यक्रमका मूलभूत विशेषताहरू सूत्रबद्ध गरिएको थियो ।

(ड) महाधिवेशनले पार्टी निर्माणका सैद्धान्तिक प्रश्नमा गहन छलफल गर्दै पार्टीलाई पुँजीपति वर्गसँगको प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्न सक्ने गरी वैचारिक रुपमा स्पष्ट, सङ्गठनात्मक रुपमा चुस्त, व्यापक सदस्यता सहितको, जनतासँगको सम्बन्ध प्रगाढ भएको, नेता कार्यकर्तामा उच्च नैतिक आचरण भएको, लोकतान्त्रिकरणका नाममा हुने प्यानलगत भावना र यसले सिर्जना गर्ने निषेधको सोचबाट मुक्त, समृद्धिको अगुवाइ गर्न सक्ने र अनुशासित तथा एकतावद्ध पार्टीका रुपमा विकास गर्नु पर्ने कुरामा जोड दिएको थियो ।

(ढ) महाधिवेशनले निर्धारण गरेका कार्यभार थिए– संविधान निर्माण, सामन्तवादका अवशेषको उन्मूलन, राष्ट्रिय अर्थतन्त्रको विकास, पार्टीको वैचारिक–सैद्धान्तिक स्तरको अभिवृद्धि, सामाजिक सांस्कृतिक रुपान्तरण, सङ्घीय ढाँचाको निर्माण, स्थानीय निकायको निर्वाचन, कम्युनिष्ट आन्दोलनको एकीकरण, वामपन्थी, देशभक्त र लोकतान्त्रिक शक्तिहरूको मोर्चा निर्माण, सदस्यता विस्तार (पाँच लाख पुऱ्याउने), राष्ट्रिय हितको सुरक्षा र सन्तुलित विदेश सम्बन्ध, पार्टीको आर्थिक कामको व्यवस्थापन र अध्ययन अनुसन्धान केन्द्र स्थापना ।

*संविधान निर्माण, सङ्घीय संरचनाको निर्माण र संस्थागत विकास, स्थानीय निर्वाचन र पार्टीको उल्लेख्य सफलता, राष्ट्रिय हितको रक्षा, सन्तुलित विदेश सम्बन्ध, कम्युनिष्ट आन्दोलनको एकीकरण, सदस्यता विस्तार जस्ता महाधिवेशनले निर्धारण गरेका अधिकांश कार्यभार हामीले सम्पन्न गरेका छौं ।*

यस महाधिवेशनसमक्ष यो तथ्य प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ– संविधान निर्माण, सङ्घीय संरचनाको निर्माण र संस्थागत विकास, स्थानीय निर्वाचन र पार्टीको उल्लेख्य सफलता, राष्ट्रिय हितको रक्षा, सन्तुलित विदेश सम्बन्ध, कम्युनिष्ट आन्दोलनको एकीकरण, सदस्यता विस्तार जस्ता महाधिवेशनले निर्धारण गरेका अधिकांश कार्यभार हामीले सम्पन्न गरेका छौं ।

## २. अन्तर्राष्ट्रिय परिस्थिति, भूराजनीति र हाम्रो विदेश नीति

अन्तर्राष्ट्रिय परिस्थिति र भूराजनीतिका मूलभूत पक्षहरू नवौं राष्ट्रिय महाधिवेशनले विश्लेषण गरेजस्तै नै छन् । तर यस बीचमा केही नयाँ घटना र प्रवृत्तिको विकास भएको छ । नेपालको कम्युनिष्ट आन्दोलन, राष्ट्रिय हित तथा सामाजिक–आर्थिक रुपान्तरणसँग प्रत्यक्ष/परोक्ष सम्बन्ध राख्ने घटनाक्रम र प्रवृत्तिको विश्लेषण गर्नु र त्यसबारे उपयुक्त दृष्टिकोण निर्माण गर्नु सान्दर्भिक हुन्छ ।

(क) अन्य मुलुकका आन्तरिक मामलामा हस्तक्षेप गर्ने, विभिन्न बहानामा आक्रमण गर्ने र आफू अनुकूलका सत्ता निर्माणको षडयन्त्र गर्ने साम्राज्यवादी क्रियाकलाप रोकिएका छैनन् । आर्थिक रुपमा यो विश्व वित्तीय पुँजीवादका रुपमा प्रकट भएको छ भने यसले चरम व्यक्तिवादी र उपभोक्तावादी संस्कृतिलाई प्रोत्साहन गरिरहेको छ । यससँग उत्पीडित राष्ट्रहरू र विश्वका श्रमजीवी वर्गको अन्तरविरोध सघन बनिरहेको छ ।

(ख) सन् २००८ देखि सुरु भएको विश्व वित्तीय पुँजीवादी सङ्कटले पुँजीवादी प्रणालीका संरचनागत कमजोरी र सीमाहरूलाई उजागर गरिदियो । विकसित पुँजीवादी मुलुकहरूको आर्थिक वृद्धिमा गिरावट आयो । बेरोजगारी बढ्यो । कैयौं उद्योग, वित्तीय संस्था र रियलस्टेट व्यवसाय टाट पल्टिए । स्वयं नवउदारवादका पक्षधरहरू नै राज्यको भूमिका वृद्धि र हस्तक्षेपको पक्षमा उभिन वाध्य भए । यसले सरकार र राज्यको भूमिका कटौती गर्नु पर्ने नवउदारवादी मान्यता गलत थियो भन्ने पुष्टि भयो । सीमित पुँजीपतिहरूको उद्धारका लागि राज्यले आफ्नो कोषबाट अरबौं डलर खर्च गरे । तर मितव्ययिताका नाममा सामाजिक सुरक्षामा भने व्यापक कटौती गरियो, जसले गर्दा श्रमिक वर्ग, जेष्ठ नागरिक र विपन्नहरू जोखिममा परे । आज उनीहरूको असन्तुष्टि आन्दोलनमा प्रकट हुन थालेको छ । यद्यपि, विश्व वित्तीय पुँजीवाद विभिन्न उपायहरू मार्फत् आफ्ना सङ्कटहरूको अस्थायी समाधान गर्न सफल देखिएको छ, तर सङ्कटहरूको पुनरावृत्ति अनिवार्य छ । पुँजीवादसँग आफ्ना सङ्कटको दिगो समाधान छैन ।

(ग) चौथो औद्योगिक क्रान्ति, रोबोटिक्स, थ्रीडी प्रिन्टिङ, आर्टिफिसियल इन्टेलिजेन्स लगायत नवअन्वेषित प्रविधिका कारण श्रमको स्वरुप, श्रम सम्बन्ध र शोषणका स्वरुपमा अकल्पनीय परिवर्तन भएको छ ।

*विगतमा क्रमशः भूमि, उद्योग र वित्तीय पुँजीमाथि एकाधिकार जमाउँदै अघि बढेको विश्व पुँजीवादको ध्यान यतिबेला सूचना र ज्ञानमाथिको वर्चस्वमा केन्द्रित भएको छ । ठूलो मात्रामा सङ्ग्रहित डेटा (बिग डेटा) माथि वर्चस्वको विषय राष्ट्रिय सुरक्षाको प्रश्न बनेको छ ।*

उत्पादनमा अत्याधुनिक प्रविधिको प्रयोगले श्रमिकहरूको ठूलो सङ्ख्यालाई बेदखल गर्दै बेरोजगार बनाइदिएको छ । करार श्रम, आउट सोर्सिङ र अन्य माध्यमले जोखिम अवस्थाका श्रमिक वर्गमा बदल्दै लगेको छ । श्रमिकहरूका अतिरिक्त उपभोक्ताहरू माथिको शोषण पनि तीव्र बनेको छ ।

(घ) विश्वको समग्र सम्पदामा उल्लेख्य वृद्धि भएको छ । विज्ञान प्रविधिको अभूतपूर्व विकासले मानव जीवनलाई सरल र सुविधासम्पन्न तुल्याउने सकिने आधार निर्माण भएको छ । तर सम्पत्तिको असमान वितरण, विश्वव्यापी रुपमा विद्यमान गरीबी तथा विज्ञान प्रविधिका लाभहरूबाट विश्वको ठूलो जनसङ्ख्या बञ्चित हुनु परेको अवस्था (डिजिटल डिभाइड) का कारण धनी र गरीब बीचको खाडल झनै बढेको छ । राष्ट्र–राष्ट्रबीच र एउटै राष्ट्रभित्र पनि विभिन्न वर्ग र समुदायबीचको आर्थिक विषमता झनै बढेको छ । सीमित घराना या बहुराष्ट्रिय निगमका हातमा सम्पत्तिको अत्यधिक सङ्केन्द्रण बढेको छ, जुन विश्व पुँजीवादी उत्पादन सम्बन्धको अनिवार्य परिणाम र असाध्य सङ्कट दुबै हो ।

(ङ) विगतमा क्रमशः भूमि, उद्योग र वित्तीय पुँजीमाथि एकाधिकार जमाउँदै अघि बढेको विश्व पुँजीवादको ध्यान यतिबेला सूचना र ज्ञानमाथिको वर्चस्वमा केन्द्रित भएको छ। ठूलो मात्रामा सङ्ग्रहित डेटा (बिग डेटा) माथि वर्चस्वको विषय राष्ट्रिय सुरक्षाको प्रश्न बनेको छ। सूचना–प्रविधिको अकल्पनीय विकास र यसको अत्यधिक प्रयोगका कारण विगतका कतिपय प्रविधि, शैली र प्रणाली असान्दर्भिक बन्दै गएका छन्। यद्यपि, सूचना प्रविधिको तीव्र विकासले मानव जीवनमा थुप्रै सकारात्मक प्रभाव पनि पारेको छ, तर सूचनाको भण्डारण सीमित कम्पनीहरूको हातमा रहनु र त्यसको प्रयोग/दुरुपयोगको एकाधिकार पनि उनीहरूसँगै रहनुले समाजमा नयाँ चुनौती समेत थपेको छ। व्यक्तिका निजी सूचना (डेटा) लाई विश्लेषण गरेर बजारीकरण गर्ने, व्यक्तिको निजी जिन्दगीलाई निशाना बनाउने, गलत सूचना या अर्ध–सत्य सूचना मार्फत् समाजको मनोविज्ञानलाई नै प्रभावित गर्ने, राज्यको सार्वभौम भूमिका कमजोर पार्ने र उदार राजनीतिविरुद्ध सङ्कट खडा गर्ने जस्ता जोखिम बढेर गएका छन्।

(च) जलवायु परिवर्तन, आतङ्कवादको नियन्त्रण र गरिबी निवारण जस्ता विषयमा अझ फराकिलो अन्तर्राष्ट्रिय सहकार्य र ऐक्यवद्धता आवश्यक छ। तर विश्वव्यापीकरणका पक्षधर राष्ट्रहरूमै अतिवाद, अन्धराष्ट्रवाद, सङ्कीर्णता र स्वार्थी प्रवृत्ति बढेको छ। विभिन्न विकसित मुलुक आफ्ना अन्तर्राष्ट्रिय दायित्व र न्यायबाट विमुख भएका छन्। विकासशील मुलुकमा प्रवाह हुनु पर्ने विकास सहायता र लगानीमा कटौती भएको छ। उनीहरूका उत्पादनले सहज र सौविध्यपूर्ण पहुँच पाइरहेका छैनन्। विकासशील राष्ट्रहरूको दिगो विकास लक्ष्य गम्भीर रुपमा प्रभावित हुन थालेको छ।

*जलवायु परिवर्तन, आतङ्कवादको नियन्त्रण र गरिबी निवारण जस्ता विषयमा अझ फराकिलो अन्तर्राष्ट्रिय सहकार्य र ऐक्यवद्धता आवश्यक छ । तर विश्वव्यापीकरणका पक्षधर राष्ट्रहरूमै अतिवाद, अन्धराष्ट्रवाद, सङ्कीर्णता र स्वार्थी प्रवृत्ति बढेको छ । ... विकासशील मुलुकमा प्रवाह हुनु पर्ने विकास सहायता र लगानीमा कटौती भएको छ ।*

(छ) विश्व व्यापार सङ्गठनलाई निष्प्रभावी तुल्याइएको छ । संसारका प्रमुख अर्थतन्त्रबीचको तनाव र व्यापार युद्धलाई अन्त्य गर्ने सार्थक पहल हुन सकेको छैन । संयुक्त राष्ट्र सङ्घ र यस अन्तरगत मानव अधिकार परिषद्, जलवायु सम्झौता जस्ता संस्था/प्रबन्धलाई निष्प्रभावी तुल्याउने कोशिस भएको छ ।

(ज) शस्त्रास्त्रको होड तथा पारमाणविक, रासायनिक, जैविक एवं आम विनाशका हतियारको विस्तार र सङ्कलनले विश्व शान्तिमाथि खडा गरेको चुनौती कायमै छ ।

(झ) विश्व शक्ति सन्तुलनमा तीव्र परिवर्तन देखा परेको छ । लामो समयसम्म युरोप–अमेरिका केन्द्रित विश्व ढाँचामाथि चीनको उदय, रुसको पुनरागमन, ब्राजिल, रुस, चीन, भारत र दक्षिण अफ्रिकाको सहकार्य (ब्रिक्स), एसियाली पूर्वाधार विकास बैंक (एआइआइबी) को स्थापना, साङ्घाई सहकार्य सङ्गठन, क्षेत्रीय शक्ति र सङ्गठनहरूको बढ्दो भूमिका जस्ता  विषयले चुनौती दिएका छन् । विश्व क्रमशः बहुध्रुवीय बन्दै गएको छ । चीनसँगको सम्बन्ध लगायत प्रश्नमा युरोपले सापेक्ष स्वतन्त्र दृष्टिकोण राख्न थालेको छ । विश्व प्रतिष्पर्धाको केन्द्र एसिया–

प्रशान्त क्षेत्र बन्न थालेको छ। अमेरिकाले अगाडि सारेको इन्डो–प्यासिफिक स्ट्राटेजी यसै विषयतिर लक्षित छ। हालै अष्ट्रेलिया, बेलायत र अमेरिकाबीच भएको नयाँ सुरक्षा सम्झौता (ओकस) ले यस क्षेत्रमा तनाव सिर्जना गरेको छ ।

(ञ) लोकतान्त्रिक प्रणाली र वामपन्थी आन्दोलनमाथि चुनौती खडा भएका छन्। म्यान्मारमा 'कु' भएको छ र नेतृ आङ सान सुची लगायत लोकतन्त्रवादी नेताहरूलाई गिरफ्तार गरिएको छ। शान्तिपूर्ण प्रदर्शनमाथि हिंसात्मक दमन भएको छ। ल्याटिन अमेरिकाका विभिन्न मुलुकमा वामपन्थी सरकार र आन्दोलनलाई असफल बनाउन हस्तक्षेप र नाकाबन्दी जारी छन्। यसका बाबजुद त्यहाँ वामपन्थी आन्दोलनले नयाँ गति लिइरहेको छ।

(ट) सन् २०१९ को अन्त्यतिरबाट सुरु भएको कोभिड–१९ (सार्स कोभ–२) महामारीले विश्वलाई आक्रान्त तुल्याएको छ। सेप्टेम्बर २७, २०२१ सम्म २३ करोड २५ लाख भन्दा बढी व्यक्तिलाई सङ्क्रमित र ४७ लाख ६१ हजार भन्दा धेरैको ज्यान लिएको यो महामारीले विश्व अर्थतन्त्रलाई १९३० को आर्थिक मन्दी र दोस्रो विश्वयुद्धले भन्दा गहिरो धक्का पुऱ्याएको छ। सन् २०२० मा विश्व अर्थतन्त्र ४.५ प्रतिशतभन्दा बढीले सङ्कुचित भएको छ। पर्यटन, विश्व व्यापार, शिक्षा, स्वास्थ्य, सामाजिक संवाद र सम्बन्ध लगायत यावत् पक्षलाई प्रभावित पारेको यो महामारी हाम्रो पुस्ताले सामना गरेको सबैभन्दा ठूलो स्वास्थ्य चुनौती हो। वैज्ञानिकहरूले आठ महिनामै कोभिड विरुद्धको खोप आविष्कार गरेर यससँगको लडाइँमा महत्वपूर्ण उपलब्धि हासिल गरेका छन्, तर खोपको असमान वितरण आज गंभीर चुनौती बनेको छ। सेप्टेम्बर २५ सम्मको तथ्याङ्क हेर्ने हो भने कुल लगाइएको ६ अरब ११ करोड मात्रा खोपमध्ये

*सन् २०५० सम्ममा विश्वको तापमान वृद्धिलाई १.५ सेल्सियसमा सीमित गर्ने प्रतिवद्धता पूरा हुन असंभव जस्तै देखिएको छ । कतिपय वैज्ञानिकले त्यतिञ्जेल तापक्रममा औसत २ प्रतिशतभन्दा बढी वृद्धि हुने प्रक्षेपण गरेका छन् । यसले ध्रुवीय क्षेत्र र हिमालय क्षेत्रमा हिउँ पग्लिने क्रम भयावह रुपमा बढ्ने तथा तल्लो तटीय भूभागमा अकल्पनीय क्षति पुग्ने आशङ्का गरिएको छ ।*

४ अरब ४७ करोड (७३ प्रतिशतभन्दा बढी) तेह्रवटा मुलुकमा मात्रै प्रयोग भएको छ। 'खोप राष्ट्रवाद', विश्व स्वास्थ्य सङ्गठनले खडा गरेको कोभ्याक्स एलाइन्सलाई निष्प्रमावी तुल्याइएको अवस्था र भाइरस एवं खोपका विषयमा देखिएको राजनीतिकरण बिडम्बनापूर्ण छन्।

(ठ) जलवायु परिवर्तन आज पृथ्वी र पृथ्वीवासी दुबैका सामु असाधारण चुनौतीका रुपमा उपस्थित छ । विगत दुई वर्षमा मात्रै ब्राजिल, अमेरिका, अष्ट्रेलिया, ग्रीस, रुस लगायत मुलुकका जङ्गल भयानक डढेलोको चपेटामा परेका छन् । चीन, भारत, उत्तर युरोप लगायत मुलुकमा भीषण बाढी आएको छ । उत्तरी ध्रुवमा तीव्र रुपमा हिउँ पग्लिँदै छ । हिन्दकुश हिमालय क्षेत्रमा हिमताल विस्फोट, हिमपहिरो र अतिवृष्टिका चुनौती बढेका छन् । नेपाल जस्ता मुलुकमा इतिहासमै पहिलो पल्ट आएको चक्रवातले ठूलो क्षति पुऱ्याएको छ। समुद्री सतह तीव्र रुपमा वृद्धि हुँदा टापु राष्ट्र र तटवर्ती सहरहरूको अस्तित्व जोखिममा परेको छ। सन् २०५० सम्ममा विश्वको तापमान वृद्धिलाई १.५ सेल्सियसमा सीमित गर्ने प्रतिवद्धता पूरा हुन असंभव जस्तै देखिएको छ। कतिपय वैज्ञानिकले त्यतिञ्जेल तापक्रममा औसत २ प्रतिशतभन्दा बढी वृद्धि हुने प्रक्षेपण गरेका छन्। यसले ध्रुवीय क्षेत्र र हिमालय क्षेत्रमा

हिउँ पग्लिने क्रम भयावह रुपमा बढ्ने तथा तल्लो तटीय भूभागमा अकल्पनीय क्षति पुग्ने आशङ्का गरिएको छ। जलवायु परिवर्तनका विरुद्ध बलियो अन्तर्राष्ट्रिय साझेदारी अपरिहार्य भएको छ। औद्योगिक राष्ट्रहरूले देखिने गरी कार्बन उत्सर्जन घटाउनु र हरित अर्थतन्त्र एवं हरित विकासका लागि ठोस कदम चाल्नु अत्यावश्यक छ। तथा, जोखिममा परेका मुलुकका लागि वित्तीय सुविधाको खाँचो टड्कारो भएको छ।

(ड) चीन र भारतबीच सुरु हुन लागेको संवाद, समझदारी र सहकार्यलाई केही समय यता तनाव र सीमा विवादले विस्थापन गर्दै लगेको छ। गतः वर्ष गालवान उपत्यकामा भएको झडपसँगै दुई देशबीच अविश्वास बढेर गएको छ। भारतले चिनियाँ सामानको वहिष्कार, एप्सहरूमाथि प्रतिबन्ध र अमेरिका, जापान, अष्ट्रेलिया र भारतबीचको प्रस्तावित चतुष्कोणीय सैन्य गठबन्धन (क्वाड) लाई सक्रिय बनाउने जस्ता कदम चालेको छ। दुई देशबीच संवाद भए पनि समस्या कायमै छ। दुई देशबीचको तनावको असर समग्र दक्षिण एसियामा अनुभूत भएको छ। भारत– पाकिस्तानबीच तनाव जारी नै छ। भारतसँग नेपाल लगायत विभिन्न छिमेकी मुलुकका कतिपय विवादित विषय अझै समाधान हुन सकेका छैनन्।

(ढ) चिनियाँ विशेषतासहितको समाजवाद निर्माणमा चीनले हासिल गरेको प्रगति अभूतपूर्व छ। सन् २०२० मा चीनले आफ्ना सबै नागरिक गरिबीबाट मुक्त भएको घोषणा गरेको छ। चालीस बर्षको अवधिमा असी करोड भन्दा बढी नागरिकलाई गरिबीबाट मुक्त गर्ने सफल चीन विश्वमै उदाहरणीय बनेको छ। चिनियाँ कम्युनिष्ट पार्टी स्थापना भएको सय वर्ष पुगेको अवसरमा चीनले औसतरुपमा समृद्ध (मोडरेटली प्रस्परस) समाजवादी राष्ट्र बन्ने पहिलो शताव्दी लक्ष्य

*चिनियाँ विशेषतासहितको समाजवाद निर्माणमा चीनले हासिल गरेको प्रगति अभूतपूर्व छ । सन् २०२० मा चीनले आफ्ना सबै नागरिक गरिबीबाट मुक्त भएको घोषणा गरेको छ । चालीस बर्षको अवधिमा असी करोड भन्दा बढी नागरिकलाई गरिबीबाट मुक्त गर्न सफल चीन विश्वमै उदाहरणीय बनेको छ ।*

हासिल गरेको छ । यस सफलताका लागि चिनियाँ कम्युनिष्ट पार्टी र चिनियाँ जनता वधाइका हकदार छन् । आगामी दशकसम्म संसारको पहिलो अर्थतन्त्र बन्ने प्रक्षेपण गरिएको चीनले दोस्रो शताव्दी लक्ष्य पनि हासिल गर्न सफल हुने विश्वास गर्न सकिन्छ । कोभिड महामारीको सफल नियन्त्रण गर्दै चिनियाँ अर्थतन्त्र पुरानै लयमा फर्किन थालेको छ । आफ्नो समृद्धिसँगै चीनले विकासशील राष्ट्रहरूप्रति ऐक्यवद्धता र सहयोगलाई बढाउँदै लगेको छ । चीनले अगाडि सारेको बेल्ट एण्ड रोड इनिसिएटिभमा १५० भन्दा बढी मुलुक सहभागी भएका छन् । कतिपय शक्ति राष्ट्र भने चीनको शान्तिपूर्ण उदयलाई सहज रुपमा नलिने, उसको भूमिका र चासोलाई वेवास्ता गर्ने एवं तनाव बढाउने काममा सङ्लग्न देखिएका छन् ।

(ण) ट्विन टावर र पेण्टागनमा भएको आतङ्कवादी हमलापछि अफगानिस्तानमा आक्रमण गर्न पुगेको अमेरिका र नेटो सैन्य गठबन्धनका सैनिकहरू बीस वर्षपछि पछाडि हटेका छन् । विदेशी सेनाको बहिर्गमनसँगै अफगानिस्तानमा तालिबानी विद्रोहीहरूको नियन्त्रण कायम भएको छ । २५ खर्ब डलर भन्दा बढी खर्च गरेर पनि ठूलो क्षतिसहित अमेरिका अफगानी भूमिबाट फिर्ता हुन वाध्य

हुनु भियतनाम युद्धको ४६ वर्षपछि अमेरिकाले बेहोर्नु परेको ठूलो असफलता हो । यसले के कुरा स्पष्ट पारेको छ भने जुन सुकै बहानामा गरिए पनि वाह्य हस्तक्षेप र आक्रमण गलत हो । त्यसको असफलता अनिवार्य छ । कुनै पनि मुलुकको समस्या समाधानको जिम्मा सम्बन्धित मुलुककै जनताको हो, वाह्य शक्तिको होइन । आतङ्कवाद आज विश्वव्यापी चुनौतीका रुपमा खडा भएको छ, तर यसको विकल्प वाह्य हस्तक्षेप, आक्रमण या कुनै राष्ट्रको कब्जा हुन सक्दैन ।

तालिबानको नियन्त्रणसँगै अफगानिस्तानको भविष्यलाई लिएर गंभीर चिन्ता र आशङ्का पैदा भएका छन् । तालिबानले इतिहासबाट पाठ सिकेर आफूहरूलाई विश्व परिस्थिति अनुकूल बनाउँछ कि अतिवादी, रुढीवादी र अमानवीय शासन व्यवस्थालाई निरन्तरता दिन्छ ? उसै गरी आतङ्कवादका संरक्षक बन्छ कि भूराजनीतिक संवेदनशीलताप्रति सजग बन्दै अगाडि बढ्छ ? यकिन छैन । अफगानिस्तान घटनाका बाछिटा दक्षिण एसियामा पर्न सक्ने र अफगानिस्तानलाई लिएर भूराजनीतिक तनाव सिर्जना हुन सक्ने संभावनालाई पनि ध्यानमा राख्दै नेपाल स्पष्ट रुपमा अहस्तक्षेप, लोकतन्त्र, खुल्लापन र क्षेत्रीय शान्तिका पक्षमा दृढतापूर्वक उभिनु पर्छ ।

(ण) विश्व राजनीति र अर्थतन्त्रको केन्द्र एसियातिर सरिरहेको तथा विश्वमा एसियाको भूमिका बढिरहेका परिप्रेक्ष्यमा चीन– भारतको सम्बन्धको प्रभाव नेपाल लगायत दक्षिण एसिया र समग्र विश्वमै गहिरो गरी पर्छ । दुई शक्तिशाली छिमेकीबीच सम्बन्ध सुधार भयो भने नेपाललाई दुबैसँग सन्तुलित सम्बन्ध राख्न, अविश्वास र आशङ्कालाई दूर गर्न एवं दुई देशको आर्थिक विकास, ठूलो बजार र समृद्धिबाट अधिकतम लाभ लिन अनुकूल वातावरण निर्माण हुने छ । तनाव बढ्यो भने त्यसको

*नेपाल एक चीन नीतिमा दृढ छ र आफ्नो भूमि कुनैपनि छिमेकी तथा मित्र राष्ट्रहरूका विरुद्ध प्रयोग हुन नदिने नीतिमा अविचलित छ । आगामी दिनमा हामीले चीनसँगको बहुआयामिक सम्बन्ध र आर्थिक साझेदारीलाई अझ प्रगाढ बनाउनु पर्छ ।*

असर नेपाल लगायत यस क्षेत्रमै पर्छ । हामी चीन र भारतबीचको सीमा समस्या लगायतका मतभिन्नताहरू चाँडै समाधान हुन सकुन् र दुई देशबीच सार्थक साझेदारी विकास होस् भन्ने चाहन्छौं । यसले नेपालमा त्रिदेशीय विकास र सहयोगको संभावना पनि बढ्ने छ ।

नेपाल एक चीन नीतिमा दृढ छ र आफ्नो भूमि कुनैपनि छिमेकी तथा मित्र राष्ट्रहरूका विरुद्ध प्रयोग हुन नदिने नीतिमा अविचलित छ । आगामी दिनमा हामीले चीनसँगको बहुआयामिक सम्बन्ध र आर्थिक साझेदारीलाई अझ प्रगाढ बनाउनु पर्छ ।

नेपाल–भारतबीचको झण्डै १९ सय किलोमिटर नियमन नभएको सीमाको लाभ उठाउँदै सीमा वारपार अपराध नहोस् र आतङ्ककारीले लाभ उठाउन नसकुन् भन्ने बिषयमा भारतको चासो देखिन्छ । भारतसँग भयावह बनिरहेको व्यापार घाटा कम होस्, कृषि उपज लगायत नेपाली उत्पादनलाई भारतमा प्रवेश गर्न अवरोध सिर्जना नगरियोस्, लिपुलेक, लिम्पियाधुरा, कालापानी र सुस्ता क्षेत्रका नेपाली भूभाग फिर्ता होउन्, खुला सीमाको व्यवस्थापन होस्, जलस्रोतको वहुपक्षीय उपयोगका सम्बन्धमा गलत सोच र व्यवहार हटून्, नेपालको आन्तरिक मामलामा

अनावश्यक चासो र हस्तक्षेप नहोस् भन्ने जस्ता नेपालका पनि चासो र सरोकार छन् । हामी १९५० को सन्धी लगायत इतिहासले छोडेर गएका समस्यालाई समाधान गर्दै दुई देशबीच सार्वभौम समानता, अहस्तक्षेप र पारस्परिक सम्मान तथा लाभमा आधारित एक्काइसौं शताव्दी सुहाउँदो, विश्वासिलो र बहुआयामिक सम्बन्ध विकास गर्न चाहन्छौं । हामी हाम्रा छिमेकीका जायज चासो र सरोकारप्रति सजग छौं । त्यस्तै सजगता र सम्मान हामी हाम्रा मित्रहरू, विशेषतः छिमेकीहरूबाट चाहन्छौं । दुई देशबीचका समस्यालाई जिम्मेवार कुटनीतिक पहलका माध्यमबाट समाधान गर्न चाहन्छौं ।

(त) हाम्रो विदेश नीतिको सार हो– विश्वका सबै देशसँग सार्वभौम समानता, अहस्तक्षेप, पारस्परिक सहयोग तथा सम्मानमा आधारित सम्बन्ध विकास गर्नु, संयुक्त राष्ट्र सङ्घको बडापत्र, शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्त र असङ्लग्नताका सिद्धान्तमा आधारित विदेश सम्बन्ध सञ्चालन गर्नु, युद्ध, कुनै पनि रुपमा प्रकट हुने आतङ्कवाद, आणविक अस्त्र र हातहतियारको होडबाजीको विरोध गर्नु, उत्पीडित राष्ट्रहरूको स्वाधीनताको रक्षा एवं विश्व शान्ति, न्याय, समृद्धि र आर्थिक विकासका पक्षमा दृढतापूर्वक उभिनु, नेपालको राष्ट्रिय हितलाई केन्द्रभागमा राख्नु र मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता र स्वाभिमानको रक्षा गर्नु, प्राकृतिक साधन स्रोतमा जनताको अक्षुण्ण अधिकारको संरक्षण गर्नु र देश विकासमा तिनको अधिकतम सदुपयोग गर्नु, मानवीय सुरक्षा, प्राकृतिक साधन स्रोतको रक्षा तथा राष्ट्रिय सुरक्षालाई सम्वर्द्धन गर्नु, विदेशी ऋण सहयोग र लगानीलाई नेपालको हित अनुकूल परिचालन गर्नु र नेपालको छविलाई शान्तिप्रिय, लोकतान्त्रिक र प्रगतिशील राष्ट्रको रुपमा स्थापित गर्नु । आफ्नो देशको

> *सबैसँग मित्रता कायम गर्ने, कसैसँग वैरभाव नराख्ने हाम्रो घोषित नीति हो । नेपालको संविधानमा नै उल्लेख गरिएको विगतका असमान सन्धी सम्झौताहरुको पुनरावलोकन गर्दै राष्ट्रिय हित र समानतामा आधारित सन्धी सम्झौताहरु गर्ने प्रावधानप्रति हामी प्रतिबद्ध छौं ।*

हित र जनताको समृद्धिको लागि काम–कुरा गर्नु कुनै देशप्रतिको विरोध वा विद्वेष होइन । सबैसँग मित्रता कायम गर्ने, कसैसँग वैरभाव नराख्ने हाम्रो घोषित नीति हो । नेपालको संविधानमा नै उल्लेख गरिएको विगतका असमान सन्धी सम्झौताहरूको पुनरावलोकन गर्दै राष्ट्रिय हित र समानतामा आधारित सन्धी सम्झौताहरू गर्ने प्रावधानप्रति हामी प्रतिबद्ध छौं ।

(थ) हामी नयाँ र न्यायपूर्ण विश्व व्यवस्थाका पक्षमा दृढतापूर्वक उभिन्छौं । उत्पीडित राष्ट्रहरू तथा श्रमजीवी वर्गका हक हित र मुक्तिका आन्दोलनमा ऐक्यवद्धता जाहेर गर्ने र आफ्नो ठाउँबाट विश्व शान्ति, न्याय, समानता र समाजवादी आन्दोलनलाई सघाउने हाम्रो नीति हो ।

## ३. नवौं राष्ट्रिय महाधिवेशनदेखि पार्टी एकीकरणसम्म

नवौं महाधिवेशनपछिको अवधि पार्टी र राष्ट्रकै जीवनमा निकै महत्वपूर्ण र आँधीमय रह्यो । तिनमा पार्टीले प्रभावकारी र नेतृत्वदायी भूमिका खेल्यो । त्यस अवधिका केही महत्वपूर्ण घटनाक्रमलाई यसरी स्मरण गर्न सकिन्छः

## (क) संविधानसभाबाट संविधान निर्माण

पहिलो संविधानसभा संविधान निर्माण गर्न नसकी विघटन भएको, संविधानसभाको दोस्रो निर्वाचनका लागि प्रधानन्यायाधीशको नेतृत्वमा चुनावी सरकार बनाउने जस्तो जोखिम उठाइएको र संविधान निर्माण हुन नसकेमा मुलुक गहिरो राजनीतिक सङ्कटमा जाने विश्लेषण सहित नवौं महाधिवेशनपछि पार्टी संविधान निर्माणमा केन्द्रित रह्यो । प्रमुख दलहरूले निर्वाचनको क्रममा सहमतिका लागि अधिकतम प्रयास गर्ने यसो हुन नसके प्रक्रियाका माध्यमबाट भए पनि एक वर्षभित्र संविधान जारी गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । तर निर्वाचनमा पराजयपछि एनेकपा (माओवादी) ले आफ्नो अडान बदल्यो । निर्वाचनमा भएका कथित अनियमितताको छानवीन गर्न संसदीय छानबीन समिति बनाएपछि मात्रै संविधानसभामा प्रवेश गरेको त्यो पार्टी सहमतिकै जिद्दीमा अडिरह्यो, प्रक्रियामा माध्यमबाट संविधान बनाउन तयार भएन ।

अघिल्लो संविधानसभाले गरेका अधिकांश सहमतिलाई ग्रहण गरिएको थियो, तर शासकीय स्वरुप, सङ्घीयताको ढाँचा, नागरिकता जस्ता मूल प्रश्नमा दलहरूबीच सहमति जुट्न सकेन । यस पृष्ठभूमिमा, नेकपा (एमाले) र नेपाली काङ्ग्रेसले जनता बीच गरिएको प्रतिवद्धता अनुरुप सहमति हुन नसकेका विषयलाई मतदानमा लैजाने प्रयास गरे । २०७१ माघमा यी विषय संविधानसभा भित्र प्रवेश गर्दा एमाओवादी तोडफोड र अराजकतामा उत्रियो ।

२०७२ साल बैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट सिर्जित राष्ट्रिय विपत्तिपछि राजनीतिक दलहरूमाथि आपसी मतभिन्नता थाँती राख्दै उद्धार, राहत र पुनस्र्थापनामा केन्द्रित हुन दबाब सिर्जना भयो ।

*२०७२ साल बैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट सिर्जित राष्ट्रिय विपत्तिपछि राजनीतिक दलहरूमाथि आपसी मतभिन्नता थाँती राख्दै उद्धार, राहत र पुनर्स्थापनामा केन्द्रित हुन दबाब सिर्जना भयो । संविधानसभाको दोस्रो निर्वाचन भएको पनि डेढ वर्षभन्दा बढी समय बितिसकेको थियो ।*

संविधानसभाको दोस्रो निर्वाचन भएको पनि डेढ वर्षभन्दा बढी समय बितिसकेको थियो । विभिन्न चलखेल देखा पर्न थालेका थिए । भूकम्पबाट पीडामा परेका जनता दलहरूबीचको खिचातानीबाट व्यग्र र असन्तुष्ट थिए । संविधान निर्माणमा थप विलम्ब गर्नु उचित थिएन । यसै पृष्ठभूमिमा २०७२ जेठमा नेकपा (एमाले), नेपाली काङ्ग्रेस र एनेकपा (माओवादी) बीच १६ बु‘‘दे सहमति भयो, जसमा संविधान निर्माणका आधारभूत प्रश्नबारे मोटामोटी खाका बनाइएको थियो । संविधान जारी भइसकेपछि नेकपा (एमाले) को नेतृत्वमा सरकार बनाउने एवं सहमतिका साथ अगाडि बढ्ने समझदारी पनि तीन दलबीच भयो ।

तर मधेस–केन्द्रित दलहरू भने सहमतिमा आउन तयार भएनन् । नेपाललाई बहुराष्ट्रिय राज्य मान्नु पर्ने, आधाभन्दा बढी जनसङ्ख्या रहेको तराई–मधेसमा सकेसम्म एक, हुँदै नभएमा बढीमा दुई प्रदेश बनाउनु पर्ने, पहाडमा भने जातीय पहिचानका आधारमा दर्जनभन्दा बढी प्रदेश हुनु पर्ने, प्रदेशको सीमाङ्कन गर्दा तराई र पहाडलाई जुनसुकै हालतमा पनि अलग गर्नु पर्ने, नागरिकताको प्रावधानलाई खुकुलो बनाउनु पर्ने, तराई–मधेसको सम्पर्क भाषा हिन्दी हुनु पर्ने, स्थानीय तहलाई प्रदेशको मातहत राख्नु पर्ने र भूमिसुधार जस्ता विषयहरू प्रदेशको तजबीजमा

हुनु पर्ने जस्ता मधेस केन्द्रित दलका माग राष्ट्रको हितमा थिएनन् । राज्य पुनर्संरचना आयोगको प्रतिवेदन आफैमा विवादित थियो । तसर्थ मधेस केन्द्रित दलहरूका मागबमोजिम यसलाई जस्ताको तस्तै लागू गर्न संभव थिएन । शासकीय स्वरुपमा मुख्य दलहरूबीच कुनै न कुनै रुपको सहमति आवश्यक हुन्थ्यो । आफ्ना अडानमा कुनै लचकता नदेखाउने, सहमति गर्दै नगर्ने तर सहमति बेगर संविधान जारी गर्नै नपाइने मधेस केन्द्रित दलहरूको ढिपी अनुचित र सारमा संविधान बन्न नदिने उद्देश्यमा केन्द्रित थियो ।

जनताको माझमा सुझाव सङ्कलन गर्ने विषयको समेत उनीहरूले बिरोध गरे । संविधान लेखनको प्रक्रिया सुरु भएसँगै तत्कालीन मजफो, तमलोपा, सद्भावनाले संविधानसभा वहिष्कार गरे । तराई–मधेसका जनतामा भ्रम, असन्तुष्टि र आक्रोश सिर्जना गर्ने, उत्तेजना फैलाउने र विरोधलाई हिंसात्मक बनाउने काम सुरु भयो । कैलाली, कञ्चनपुर, बर्दिया, सप्तरी, धनुषा, पर्सा लगायत ठाउँमा विरोध प्रदर्शन, बन्द–हडताल, जातीय र साम्प्रदायिक विद्वेष र हिंसा फैलियो । यस क्रममा २०७२ भदौ ७ गते कैलालीको टिकापुरमा घटित घटना अत्यन्त त्रासद र विभत्स थियो, जसमा ८ जना सुरक्षाकर्मी र एकजना निर्दोष बालकको ज्यान गयो । सुर्खेत लगायत पहाडी भूभागमा पनि हिंसाका घटना भए । मधेस–केन्द्रित दलका कतिपय नेताहरूले संविधान निर्माणमा वाह्य हस्तक्षेपको माग गरे ।

यस बिन्दुमा आइपुग्दा नेपाली काङ्ग्रेस धरमराउन थाल्यो । असन्तुष्टि, विरोध र हिंसालाई देखाएर संविधान निर्माणमा विलम्ब गर्नु पर्ने तर्क गर्न थालियो । कतिपय काङ्ग्रेस र माओवादी नेताहरू उत्तेजना र हिंसा फैलाउने घटनामा सहभागी भए । कतिपय वाह्य पक्ष संविधान बन्न

*...त्यसैले पार्टीले संविधान जारी गर्न निर्णायक हस्तक्षेप गऱ्यो । आवश्यक कुटनीतिक पहल पनि गऱ्यो । मूलतः हाम्रो पार्टीको अग्रसरता, नेतृत्व र निर्णायक भूमिकाका बलमा २०७२ साल भदौ ३० गते संविधानसभाबाट नेपालको संविधान निर्माण भयो र असोज ३ गते जारी भयो ।*

नदिन खुल्ला रुपमा दबाब र हस्तक्षेपमा उत्रिन थाले । यो हस्तक्षेपको असर विभिन्न राजनीतिक दल, सरकार एवं अन्य संस्थामा पनि देखिन थाल्यो ।

संविधान निर्माणमा धेरैभन्दा धेरै शक्तिलाई साथमा लिनु र असन्तुष्टिलाई अधिकतम संवोधन गर्नु आवश्यक थियो नै । तर नियोजित रुपमा सुरु भएका गतिविधिलाई आधार बनाएर संविधान निर्माण रोक्न सकिँदैनथ्यो । संविधान निर्माणमा जति ढिलाइ भयो, यसलाई जारी गर्नु त्यति नै असंभव हुने थियो । त्यस्तो योजनामा फस्न सकिँदैनथ्यो । त्यसैले पार्टीले संविधान जारी गर्न निर्णायक हस्तक्षेप गऱ्यो । आवश्यक कुटनीतिक पहल पनि गऱ्यो । मूलतः हाम्रो पार्टीको अग्रसरता, नेतृत्व र निर्णायक भूमिकाका बलमा २०७२ साल भदौ ३० गते संविधानसभाबाट नेपालको संविधान निर्माण भयो र असोज ३ गते जारी भयो ।

६०१ सदस्यीय संविधानसभामा तत्काल कायम रहेका ५९८ सदस्यहरूमध्ये मतदानका बेला ६० जनाले बहिष्कार गरेका थिए भने ५ जना अनुपस्थित थिए। उपस्थित ५३२ मध्ये ५०७ जना (८४.७८ प्रतिशत) ले संविधानको पक्षमा मतदान गरेका थिए भने २५ जनाले

विपक्षमा। पछि संविधानको विपक्षमा मतदान गरेका २५ जना र संविधान पारित गर्ने बेला अनुपस्थित रहेका ५ जना सदस्यहरूले संविधानको प्रतिमा हस्ताक्षर गरे, जसले गर्दा संविधानको पक्षमा हस्ताक्षर गर्नेको सङ्ख्या ५३७ पुग्यो।

### (ख) संविधानका मूलभूत विशेषता

नेपालको संविधानका मुख्य विशेषता र यसमार्फत् प्राप्त उपलव्धिलाई निम्नानुसार सूत्रबद्ध गर्न सकिन्छः

- राजाहरूले 'आफूमा निहित सार्वभौमसत्ता र राजकीय सत्ताको प्रयोग' गर्दै देशको मूल कानुन जारी गर्ने सामन्ती युगलाई अन्त्य गरेर जनताले पहिलोपटक आफ्ना प्रतिनिधि मार्फत आफैले संविधान निर्माण गरी जारी गरेका छन्। जनतामा निहित सार्वभौमसत्ताको वास्तविक प्रयोग भएको छ।
- विभिन्न दबाब र प्रभावलाई अस्वीकार गर्दै जारी भएको यस संविधानमार्फत् नेपालको स्वतन्त्र राष्ट्रिय निर्णय र सार्वभौम अधिकार अभिव्यक्त भएको छ।
- नेपाली जनताले सञ्चालन गर्दै आएका आन्दोलन, क्रान्ति र सङ्घर्षका उपलव्धिहरू संस्थागत भएका छन्। संविधान निर्माणसँगै लोकतन्त्र प्राप्तिका लागि सङ्घर्षको चरण सापेक्ष रुपमा पूरा भएको छ।
- सामन्तवादको राजनीतिक प्रतिनिधि संस्था राजतन्त्र अन्त्य भई गणतन्त्र संस्थागत भएको छ। सामन्ती अधिनायकवाद र एकाधिकारलाई अन्त्य गर्दै लोकतन्त्र प्रत्याभूत गरिएको छ।

*नागरिक र राजनीतिक अधिकारका अतिरिक्त शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, खाद्य सम्प्रभुता, स्वच्छ वातावरणमा बाँच्न पाउने हक जस्ता आर्थिक–सामाजिक–सांस्कृतिक अधिकारहरु मौलिक हकका रुपमा सुनिश्चित गरिएका छन् । सामाजिक सुरक्षा र सामाजिक न्यायको दृष्टिले हाम्रो संविधान विश्वकै प्रगतिशील संविधान मध्येमा पर्दछ ।*

- नेपालको राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र नेपाली जनतामा निहित सार्वभौमसत्ता बाहेकका अन्य विषय जनताको इच्छा अनुसार संवैधानिक बाटोबाटै परिवर्तन गर्न सकिने आधार निर्माण गरेर संविधानले राजनीतिक परिवर्तनका नाममा हुने हिंसा र विद्रोहको आधार समाप्त गरिदिएको छ । शान्तिपूर्ण र वैधानिक बाटोबाट समाजवाद निर्माण गर्ने आधार तयार भएको छ ।
- सामाजिक न्यायसहितको लोकतन्त्रको प्रत्याभूति भएको छ। नागरिक र राजनीतिक अधिकारका अतिरिक्त शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, खाद्य सम्प्रभुता, स्वच्छ वातावरणमा बाँच्न पाउने हक जस्ता आर्थिक–सामाजिक–सांस्कृतिक अधिकारहरू मौलिक हकका रुपमा सुनिश्चित गरिएका छन्। सामाजिक सुरक्षा र सामाजिक न्यायको दृष्टिले हाम्रो संविधान विश्वकै प्रगतिशील संविधान मध्येमा पर्दछ।
- संविधानले औपचारिक समानता मात्र नभएर सारवान समानताको महत्वपूर्ण व्यवस्था गरेको छ । महिलालाई राज्यका हरेक अङ्गमा न्यूनतम एक तिहाइ सहभागिता लगायत दलित, आदिवासी–जनजाति, मधेसी, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका

व्यक्ति र अल्पसङ्ख्यक एवं लोपोन्मुख समुदायका लागि संविधानमा विशेष प्रबन्ध गरिएका छन्। समावेशीकरण र समानुपातिक प्रतिनिधित्व लोकतन्त्रका अङ्गका रुपमा रहेका छन्।

- एकात्मक र केन्द्रीकृत राज्य संरचनालाई बदलेर सङ्घीय संरचना संस्थागत गरिएको छ। अधिकारसम्पन्न स्थानीय तहहरूको प्रबन्ध गरेर लोकतन्त्रलाई आधारभूत तहबाटै सुदृढ गर्ने प्रबन्ध गरिएको छ।
- बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषता र भौगोलिक विविधतामा अभिव्यक्त समान आकाङ्क्षा, नेपालको राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता र राष्ट्रिय हितप्रति प्रतिबद्ध रही एकताको सूत्रमा आबद्ध समग्र नेपाली जनतालाई नेपाल राष्ट्रका रुपमा सही ढङ्गले परिभाषित गरिएको छ। समाजको विविधता र बहुलतालाई आत्मसात गर्दै राष्ट्रिय एकताको आधार बलियो बनाइएको छ।
- लोकतन्त्रको मान्यता अनुरुप राज्य धर्म निरपेक्ष हुनुपर्ने यथार्थलाई संस्थागत गर्दै यसको अपव्याख्या हुन नपाओस् भनेर थप स्पष्ट पारिएको छ।
- नेपालको संवैधानिक इतिहासमा पहिलोपटक राष्ट्रिय हितको परिभाषा गर्दै राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र हितलाई केन्द्रमा राखी स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्ने व्यवस्था गरिएको छ। सबै सन्धि सम्झौताको पुनरावलोकन गरी पारस्परिक समानता र हितमा आधारित सन्धि सम्झौता गर्ने स्पष्ट व्यवस्था गरिएको छ।

*नेपालको संविधान नेपालको राजनीतिक आन्दोलनको महत्वपूर्ण कोसे ढुङ्गा हो । नेपाली जनताको आफ्ना प्रतिनिधिहरूबाट निर्मित संविधानबाट शासन सञ्चालन हुने दशकौं पुरानो सपना यस मार्फत् साकार भएको छ । यसबाट नेपाली जनताका सात दशकभन्दा लामो आन्दोलन र क्रान्तिका उपलब्धिलाई संस्थागत गर्दै भविष्यको स्पष्ट मार्गचित्र कोर्ने काम गरिएको छ ।*

- भूमिसुधार, जग्गामा किसानको पहुँचको हक, प्रत्येक भूमिहीन दलित परिवारलाई जग्गा प्राप्त गर्ने हक, खाद्य तथा खाद्य सम्प्रभुताको अधिकार जस्ता विषय संस्थागत भएका छन् ।
- सार्वजनिक, निजी र सहकारी सहितको मिश्रित अर्थनीति र समाजवाद– उन्मुख अर्थतन्त्र हुने स्पष्ट गरिएको छ । नेपाललाई समाजवाद– उन्मुख राज्यका रुपमा परिभाषित गर्दै भविष्यको बाटो निर्दिष्ट गरिएको छ ।
- प्रतिस्पर्धात्मक बहुदलीय शासन व्यवस्था, संविधानको सर्वोच्चता, कानुनी शासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिका तथा शक्ति पृथकीकरण लगायत लोकतन्त्रका विश्वव्यापी मान्यतालाई प्रत्याभूत गरिएको छ ।

सारमा, नेपालको संविधान नेपालको राजनीतिक आन्दोलनको महत्वपूर्ण कोसे ढुङ्गा हो । नेपाली जनताको आफ्ना प्रतिनिधिहरूबाट निर्मित संविधानबाट शासन सञ्चालन हुने दशकौं पुरानो सपना यस मार्फत् साकार भएको छ । यसबाट नेपाली जनताका सात दशकभन्दा लामो आन्दोलन र क्रान्तिका उपलब्धिलाई संस्थागत गर्दै भविष्यको

स्पष्ट मार्गचित्र कोर्ने काम गरिएको छ। संविधान जारी भएसँगै सङ्क्रमणकाल अन्त्य भएको छ। नेपाली समाज राजनीतिक स्थायित्व र समृद्धिको चरणमा प्रवेश गरेको छ।

संविधान तात्कालिक शक्ति सन्तुलनको दस्तावेज हो। संविधानसभाभित्र नेपाली काङ्ग्रेसजस्तो यथास्थितिवादी/ नवउदारवादी पार्टी, एमाओवादी जस्तो अस्थिर एवं अतिवाद र अलोकतान्त्रिक चिन्तनबाट मुक्त भइनसकेको पार्टी, सङ्कीर्ण क्षेत्रीयतावादी सोच बोकेको मधेस–केन्द्रित दलहरू लगायत राप्रपा र राजमो जस्ता भिन्न विचारधारा बोकेका दलहरू थिए। सबैका चासो, मान्यता र अडानका बीचबाट सहमति खोज्नु पर्दा संविधानमा कतिपय असङ्गति, विरोधाभाष, पुनरुक्ति र असान्दर्भिक विषय पनि परेका हुन सक्छन्। राष्ट्र र जनताको चाहना अनुसार यिनमा संशोधन, परिमार्जन र विकासको गुञ्जायश हमेशा रहन्छ। तर तात्कालीन शक्ति सन्तुलनका दृष्टिले यो ऐतिहासिक दस्तावेज हो। संविधान निर्माणमा खेलेको सक्रिय, रचनात्मक, अग्रणी र नेतृत्वदायी भूमिकाका लागि नेकपा (एमाले) गर्व गर्दछ। आगामी दिनमा संविधानको रक्षा, कार्यान्वयन र विकासमा पार्टीले यसै गरी नेतृत्वदायी भूमिका खेल्ने छ।

**(ग) भूकम्पपीडितको सेवामा स्वयंसेवक परिचालन**

२०७२ सालको भूकम्पले नेपालमा अकल्पनीय त्रासदी र विनाश ल्यायो। ९ हजारभन्दा बढी व्यक्तिको ज्यान गयो, दसौं हजार घाइते भए। आठ लाख भन्दा बढी निजी घरहरू ध्वस्त भए। लाखौं परिवार बेघरबार बने। हजारौं विद्यालय, स्वास्थ्यसंस्था र सरकारी कार्यालय भत्किए। धरहरा, काष्ठमण्डप, हनुमानढोका दरबार लगायत अमूल्य

*विनाशको घडीमा सरकारको मात्र मुख ताक्नु, वाह्य दाताहरूको भर परेर बस्नु या औपचारिक संयन्त्रमाथि मात्रै निर्भर रहनु उचित हुँदैनथ्यो । ...पार्टीको आह्वानमा झण्डै ५० हजार स्वयंसेवकहरू भूकम्पपीडितको सेवामा खटिए । उनीहरूले एक महिनाको अवधिमा २७ हजारभन्दा बढी घरटहरा बनाए, २३ हजारभन्दा बढी घर ... निर्माण गरे ।*

सांस्कृतिक सम्पदामा ठूलो क्षति पुग्यो । साढे सात खर्ब बराबरको भौतिक क्षति पुऱ्याउने विनाशकारी भूकम्प नेपालका लागि आर्थिक, सामाजिक र सांस्कृतिक दृष्टिले एउटा अग्निपरीक्षा नै थियो ।

भूकम्पका बेलामा छिमेकी लगायत विभिन्न मित्र राष्ट्र, दातृसंस्था, गैरआवासीय र प्रवासी नेपालीबाट प्राप्त सहयोग, सद्भाव र ऐक्यवद्धता अविस्मरणीय रहेको छ । तर विनाशको घडीमा सरकारको मात्र मुख ताक्नु, वाह्य दाताहरूको भर परेर बस्नु या औपचारिक संयन्त्रमाथि मात्रै निर्भर रहनु उचित हुँदैनथ्यो । तसर्थ पार्टीले स्वयंसेवक परिचालन गर्ने निर्णय गऱ्यो । पार्टीको आह्वानमा झण्डै ५० हजार स्वयंसेवकहरू भूकम्पपीडितको सेवामा खटिए । उनीहरूले एक महिनाको अवधिमा २७ हजारभन्दा बढी घरटहरा बनाए, २३ हजारभन्दा बढी घर र विद्यालयका भग्नावशेष सफा गरे र हजारौं अस्थायी कक्षाकोठा निर्माण गरे । यति विशाल, सशक्त र प्रभावकारी स्वयंसेवक परिचालन नेपालको समकालीन इतिहासकै विशिष्ट घटना हो । तराई–मधेसबाट दुर्गम पहाडमा, पूर्वबाट पश्चिममा अनि पश्चिमबाट पूर्वका जिल्लामा परिचालन गरिएका स्वयंसेवकमार्फत् नेपाली समाजको यथार्थ अवस्थालाई गहिरो गरी बुझ्न, अन्तर–समुदाय एकता सुदृढ गर्न तथा युवाहरूमा स्वयंसेवी

भावनाको विकास गर्न ठूलो योगदान पुगेको छ । यस सफल अभियानका लागि पार्टी गौरव गर्दछ र आगामी दिनमा पनि यस्तै स्वयंसेवी भावनाका साथ जनतामाझ खट्ने सङ्कल्प गर्दछ ।

## (घ) नाकाबन्दी, प्रतिरोध र अभूतपूर्व राष्ट्रिय एकता

संविधान निर्माण हुँदैदेखि आफ्ना 'सरोकार र चासो' लाई ध्यान नदिएको भनी असन्तुष्टि प्रकट गर्दै आएको भारत सरकारले संविधान निर्माण भइसकेपछि जारी नगर्न प्रत्यक्ष दबाब सिर्जना गऱ्यो । २०७२ असोज १ गते 'विशेष दूत' बनेर आएका भारतीय प्रतिनिधिले तत्कालीन प्रधानमन्त्री र राजनीतिक दलका नेताहरूलाई संविधान जारी नगर्न र आफ्नो 'सुझाव' का विपरीत गरिएमा आफूहरूलाई स्वीकार्य नहुने एवं परिणाम नराम्रो हुने 'सन्देश' दिएर फर्किए । संविधान बनाउने जस्तो स्वतन्त्र मुलुकको सार्वभौम अधिकारमाथि वाह्य हस्तक्षेप कुनै पनि अर्थमा स्वीकार्य हुन सक्दैनथ्यो । यसलाई चिर्दै नेपालको संविधान जारी भयो ।

त्यसपछि नेपालमाथि नाकाबन्दी सुरु भयो । सुरुमा मधेस–केन्द्रित दलका केही कार्यकर्ता धर्ना बसेको देखाएर मुख्य सीमा नाकाहरूबाट आपूर्ति रोकिए पनि यो बहाना मात्रै थियो । धर्ना नै नबसेका नाकाहरूबाट समेत अत्यावश्यक सामग्रीको आपूर्ति बन्द गरियो । पेट्रोलियम पदार्थ र खाद्यान्न मात्रै होइन, जीवनरक्षक औषधि समेत पूरै रोकिए । सार्वजनिक यातायात ठप्प हुन पुग्यो, विद्यालयहरूमा पठन–पाठन रोकियो र अस्पतालमा उपचार असंभव बन्दै गयो । ६ महिना अगाडिमात्रै विनाशकारी भूकम्पले थिलोथिलो परेको मुलुकमाथि भएको यस्तो व्यवहार अन्तर्राष्ट्रिय कानुन विरुद्ध थियो । यो अमानवीय समेत थियो ।

*त्यसपछि नेपालमाथि नाकाबन्दी सुरु भयो । सुरुमा मधेस–केन्द्रित दलका केही कार्यकर्ता धर्ना बसेको देखाएर मुख्य सीमा नाकाहरूबाट आपूर्ति रोकिए पनि यो बहाना मात्रै थियो । धर्ना नै नबसेका नाकाहरूबाट समेत अत्यावश्यक सामग्रीको आपूर्ति बन्द गरियो । पेट्रोलियम पदार्थ र खाद्यान्न मात्रै होइन, जीवनरक्षक औषधि समेत पूरै रोकिए ।*

इतिहासकै कठिन घडीमा नेपाली जनताले अभूतपूर्व एकता, संयम र देशभक्ति प्रदर्शन गरे । नाकाबन्दीपछि समाजमा अराजकता, लुटपाट र सरकार विरुद्धको आक्रोश फैलिने छ, संविधान जारी गर्ने नेता एवं दल असफल हुनेछन् र यसै निहुँमा उनीहरूलाई दण्डित गर्न सकिने छ भन्ने कतिपयको अनुमान थियो । तर यस अनुमान विपरीत समाजमा एक– आपसी सहयोगको, बरु भोकै पर्ने तर वाह्य दबाबसामु घुँडा नटेक्ने स्वाभिमानको र सरकारको नेतृत्वमा राष्ट्रिय एकताको अनुपम दृष्टान्त देखा पऱ्यो । नेपाली काङ्ग्रेसले नाकाबन्दीलाई 'नाकाबन्दी' सम्म भन्न नसक्ने गरी लाचारी देखायो, मधेस–केन्द्रित दलहरूले तराईमा हिंसा र उत्तेजनाको शृङ्खलालाई जारी राखे । तर अन्य राजनीतिक दल, नागरिक समाज, सञ्चार माध्यम र समग्र राष्ट्र नाकाबन्दी विरुद्ध एकजुट भए । प्रधानमन्त्रीले भारत भ्रमणका लागि प्राप्त निमन्त्रणा नाकाबन्दी अन्त्य नभएसम्म हुन नसक्ने भनेर अस्वीकार गर्नु भयो । गैरआवासीय र प्रवासी नेपालीले नाकाबन्दीका विरुद्ध संसारका विभिन्न भागमा प्रदर्शन गरे, नेपाली जनताको पीडामा समानुभूति जनाए । नेपालको संविधान विरुद्ध गरिएको लबिङका बाबजुद विभिन्न राष्ट्रहरू नेपालको पक्षमा

उभिए। मधेस केन्द्रित दल र तिनका नेताहरू विरुद्ध तराई–मधेसमै असन्तुष्टि, आक्रोश र विरोध प्रकट हुन थाल्यो ।

अन्ततः २०७२ माघमा भारतीय नाकाबन्दी अन्त्य भयो। नेपाली जनताले राष्ट्रिय स्वाभिमान, राष्ट्रिय एकता र स्वाधीनताका लागि प्रकट गरेको उक्त साहस र सङ्कल्प समकालीन नेपाली इतिहासकै विशिष्ट घटना हो ।

**(ङ) नेकपा (एमाले) नेतृत्वको सरकार र यसको ऐतिहासिक भूमिका**

पूर्वसहमति अनुसार संविधान जारी भइसकेपछि सरकारको नेतृत्व नेपाली काङ्ग्रेसले सहजै नेकपा (एमाले) लाई हस्तान्तरण गर्नु पर्ने थियो । र, राष्ट्रिय सहमतिको नयाँ कोर्स सुरु हुनु पर्ने थियो । तर काङ्ग्रेस पूर्व सहमतिबाट पछि हट्यो । सुशील कोइरालालाई पुनः प्रधानमन्त्रीको उम्मेदवार बनायो। आन्दोलनका उपलब्धि संस्थागत गर्न परिवर्तनका संवाहकबीच निश्चित अवधिसम्म सहकार्य हुनु पर्ने आवश्यकता अस्वीकार गरेर काङ्ग्रेसले तिनै गल्ती दोहोऱ्यायो, जुन उसले सात साल र छयालीस सालको आन्दोलनपछि पनि गरेको थियो । सहमतिका ठाउँमा उसले असमझदारी र द्वन्द्वको बाटो लियो ।

नेकपा (एमाले) र एनेकपा (माओवादी) बीच १४ बुँदे सहमति गर्दै अर्को निर्वाचनसम्म सँगै जाने, निर्वाचनमा मोर्चा बनाएर लड्ने समझदारी बन्यो । लोकतान्त्रिक फोरम, राप्रपा, नेकपा (माले), राजमो लगायतसँग पनि सहकार्य गरियो। २०७२ असोज २४ गते केपी शर्मा ओली प्रधानमन्त्रीमा निर्वाचित हुनु भयो । राष्ट्रपतिमा विद्यादेवी भण्डारी सहित राज्यका महत्वपूर्ण अङ्गमा पदाधिकारी चयन हुनु भयो ।

*...त्यस लगत्तै प्रधानमन्त्रीले चीनको भ्रमण गर्नुभयो । नेपालको भूपरिवेष्ठित अवस्थालाई भूजडितमा रुपान्तरण गर्न, पारवहनमा एकपक्षीय निर्भरतालाई अन्त्य गर्न र नेपालको स्वाभिमानलाई सुदृढ गर्न भ्रमण ऐतिहासिक रुपमा सफल रह्यो। पारवहन यातायात सम्झौताका अतिरिक्त कनेक्टिभिटी सहित विभिन्न १५ वटा सम्झौता र सहमति गरिए ।*

सरकारले नाकाबन्दीलाई साहसपूर्वक सामना गर्दै असफल पाऱ्यो । संविधान निर्माण प्रक्रियामा बाहिरिएका दलहरूलाई सहमतिमा ल्याउन २०७२ मङ्सिरमा संविधानको पहिलो संशोधन गरियो । नाकाबन्दीको अन्त्यपछि भएको भारत भ्रमणका क्रममा प्रधानमन्त्रीका तर्फबाट सार्वभौम समानता, अहस्तक्षेप, आपसी हित र सम्मानका आधारमा नेपालले भारतसँग विश्वासिलो सम्बन्ध राख्न चाहेको र भविष्यमुखी भएर सार्थक सहकार्य गर्न चाहेको बताउनु भयो। दुई देशबीचको सम्बन्ध सुधार गर्न भ्रमण सफल रह्यो ।

त्यस लगत्तै प्रधानमन्त्रीले चीनको भ्रमण गर्नुभयो । नेपालको भूपरिवेष्ठित अवस्थालाई भूजडितमा रुपान्तरण गर्न, पारवहनमा एकपक्षीय निर्भरतालाई अन्त्य गर्न र नेपालको स्वाभिमानलाई सुदृढ गर्न भ्रमण ऐतिहासिक रुपमा सफल रह्यो। पारवहन यातायात सम्झौताका अतिरिक्त कनेक्टिभिटी सहित विभिन्न १५ वटा सम्झौता र सहमति गरिए ।

सरकारले मुलुकमा दीर्घकालीन महत्वका रणनीतिक पूर्वाधारहरूको निर्माण सुरु गर्ने, सामाजिक न्याय र सुरक्षाको दायरालाई फराकिलो पार्ने र जनतामा आत्मविश्वास एवं भरोसा जगाउने महत्वपूर्ण कामको थालनी गऱ्यो ।

तर प्रधानमन्त्री चीनबाट फर्किए लगत्तै सरकार परिवर्तन गर्ने र मुलुकलाई अस्थिरतातिर धकेल्ने खेल सुरु भए। वाह्य शक्तिको इशारामा प्रधानमन्त्रीलाई एउटा बजेटसम्म प्रस्तुत गर्न नदिई विस्थापित गर्ने योजनामा पुष्पकमल दहाल, माधवकुमार नेपाल लगायत तिनै पात्रहरू क्रियाशील थिए, जसले २०७४ पछि केपी ओली नेतृत्वको सरकारलाई असफल बनाउन पनि उसै गरी घेराउ, मोर्चाबन्दी र षडयन्त्र गरे। यसो हुन नदिन पार्टीका तर्फबाट अनेकौं प्रयास गरिए। तर सरकारलाई मात्र होइन, ऐतिहासिक भूमिका खेलेको सत्ता गठबन्धनलाई समेत भत्काउँदै प्रचण्डद्वारा प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव पेश गरियो। आफैले प्रस्ताव गरेको, आफ्नो पार्टी सम्मिलित, नाकाबन्दीको सामना एवं पारवहन सन्धी जस्ता दूरगामी उपलव्धि हासिल गरेको सरकारलाई, प्रमुख प्रतिपक्षी दलसँग मिलेर ढाल्न गरिएको षडयन्त्र पुष्पकमल दहाल 'प्रचण्ड' लगायत केही नेताहरूभित्र निहित अवसरवाद, विभाजन र वाह्य शक्तिको सेवा गर्ने चरित्रको भद्दा दृष्य थियो। जनताको व्यापक समर्थन रहँदा रहँदै पनि संसदभित्रको प्रतिकूल अङ्कगणितका कारण २०७३ साउन ९ गते प्रधानमन्त्रीको राजिनामासँगै उक्त सरकार बहिर्गमन भयो।

पुष्पकमल दहाल 'प्रचण्ड' को नेतृत्वमा काङ्ग्रेसको निर्णायक भूमिका रहेको सरकार बन्यो। पहाड र मधेसलाई अलग गर्ने गरी सङ्घीयताको सीमा हेरफेर गर्ने कोशिस गरिए। संविधानमा अनेकौं हानीकारक प्रस्ताव सहित संशोधनको दुष्प्रयास गरियो। एमाले नेतृत्वको सरकारले सुरु गरेका दूरगामी महत्वका कामलाई उल्ट्याउने धृष्टता गरियो।

पार्टी साहसपूर्वक परिस्थितिको सामना गर्दै अघि बढ्यो।

*...यसै सिलसिलामा, २०७३ साल फागुन २१ गते शहीद दिवसका दिनबाट संविधान, सामाजिक सद्भाव र राष्ट्रिय एकताका लागि 'मेची–महाकाली राष्ट्रिय अभियान' सञ्चालन भयो । काकडभिट्टाबाट सुरु भएको यो अभियान सुर्खेतमा गएर समापन गरियो ।*

**(च) मेची–महाकाली राष्ट्रिय अभियान**

संविधान जारी भए लगत्तै यस सम्बन्धमा फैलाइएका भ्रम निवारण गर्न र संविधानका मूलभूत विशेषताको प्रचार गर्न प्रमुख पार्टीका नेताहरू तराई–मधेसमा जाने सहमति थियो । तर काङ्ग्रेस पछि हट्यो । मधेस–केन्द्रित दल नेकपा (एमाले) लाई 'मधेस विरोधी' चित्रित गर्न, संविधान जारी हुनु अघि र पछिका हिंसात्मक घटनामा एमालेलाई  दोषी साबित गर्न र एमालेलाई मधेसमा 'प्रवेश निषेध' गर्न उत्तेजना, घृणा र हिंसा फैलाउन उद्दत् थिए । यसमा काङ्ग्रेस र माओवादी केही नेताहरूको समेत समर्थन र सहयोग रह्यो । कतिपयले 'एमाले मुक्त नेपाल' बनाउने उद्घोष समेत गरे ।

हाम्रो पार्टी संविधानबारे फैलाइएका भ्रम निवारण गर्ने र विभिन्न समुदायबीच बढाउन खोजिएको विद्वेष अन्त्य गर्ने अभियानमा एक्लै अगाडि बढ्यो । मैथिली, भोजपुरी, थारु, अवधी जस्ता तराई–मधेसमा बोलिने मुख्य भाषाका साथै डोट्याल भाषामा समेत संविधानका विशेषता उल्लेख गरेर पुस्तिका वितरण गरिए। २०७२ मङ्सिरमा चितवनको सौराहामा तराई–मधेस केन्द्रित कार्यकर्ता भेला आयोजना भयो ।

यसै सिलसिलामा, २०७३ साल फागुन २१ गते शहीद दिवसका दिनबाट संविधान, सामाजिक सद्भाव र राष्ट्रिय एकताका लागि 'मेची–महाकाली राष्ट्रिय अभियान' सञ्चालन भयो। काकडभिट्टाबाट सुरु भएको यो अभियान सुर्खेतमा गएर समापन गरियो।

पार्टीका हजारौं नेता, कार्यकर्ता, सदस्य र शुभभिन्तक सहभागी भएको, बीसौं स्थानमा विशाल जनसभा आयोजना गर्दै अगाडि बढेको र घरदैलो, सांस्कृतिक कार्यक्रम र झाँकीहरू सहित व्यापक जनसहभागिता सहितको यो अभियान नेपालकै सबभन्दा ठूलो जनपरिचालन थियो। अभियानमा झण्डै २५ लाख नागरिक सहभागी भए। अभियानको क्रममा २०७३ फागुन २३ गते सप्तरी आइपुग्दा मधेस केन्द्रित दलहरूले ठूलो अवरोध सिर्जना गरे। मलेठ स्थित औद्योगिक क्षेत्र परिसरमा कार्यक्रम भइरहेको बेला सङ्गठित र हिंसात्मक आक्रमण गरेर २०६३ मा गौरमा घटित जस्तै सामूहिक हत्याकाण्ड गराउने षडयन्त्र भयो। प्रहरी प्रशासनको सतर्कता र प्रतिवादका कारण षडयन्त्र त सफल हुन सकेन, तर अनाहकमा केही नागरिकहरूको ज्यान जाने दुःखद परिस्थिति निर्माण भयो। केही दिन स्थगन गरेर यो अभियान हेटौंडाबाट पुनः सुरु भयो र सुर्खेतमा गएर समापन भयो।

मेची–महाकाली अभियानले एमालेलाई तराई–मधेसमा प्रवेशै गर्न नदिने, मधेसी समुदायमा एमालेप्रति भ्रम, विरोधी भावना र घृणा फैलाउने तथा तराईवासी र पहाडी समुदायबीच साम्प्रदायिक विद्वेष फैलाउने प्रयास असफल पाऱ्यो। तराई– मधेसका नागरिकहरू देशभक्ति र राष्ट्रियताको पक्षमा दृढतापूर्वक उभिए। हजारौं कार्यकर्ताहरूको परिचालन र लाखौं जनताको सहभागिताले पार्टीको उर्जा र सामथ्र्य विकासमा ठूलो

*मेची–महाकाली अभियानले एमालेलाई तराई–मधेसमा प्रवेशै गर्न नदिने, मधेसी समुदायमा एमालेप्रति भ्रम, विरोधी भावना र घृणा फैलाउने तथा तराईवासी र पहाडी समुदायबीच साम्प्रदायिक विद्वेष फैलाउने प्रयास असफल पार्‍यो । तराई– मधेसका नागरिकहरु देशभक्ति र राष्ट्रियताको पक्षमा दृढतापूर्वक उभिए ।*

योगदान गर्‍यो । हाम्रो पार्टीले स्थानीय र आम निर्वाचनमा हासिल गरेको सफलतामा यस अभियानको महत्वपूर्ण भूमिका रहेको छ ।

**(छ) स्थानीय निर्वाचन र ऐतिहासिक सफलता**

२०७४ बैशाख, असार र असोजमा गरी तीन चरणमा आयोजित स्थानीय तह निर्वाचनमा नेकपा (एमाले) ले नेपाली काङ्ग्रेस–माओवादी सत्तारुढ गठबन्धनसँग एक्लै सामना गर्‍यो ।

स्थानीय तहहरूलाई लोकतन्त्रका आधारस्तम्भका रुपमा स्थापित गर्न तथा अधिकारसम्पन्न बनाउन हाम्रो पार्टीले सुरुदेखि नै महत्वपूर्ण पहल गर्दै आएको हो । संविधान निर्माणका क्रममा तिनलाई संवैधानिक र स्वायत्त बनाउन पार्टीले निर्णायक भूमिका खेलेको थियो । २०५४ सालको निर्वाचनमा पार्टीले हासिल गरेको सफलता र तिनमा विजयी जनप्रतिनिधिहरूले खेलेको महत्वपूर्ण भूमिकालाई पनि जनताले सम्झिरहेकै थिए । राज्यको पुनर्संरचना गर्दै ७५३ स्थानीय तहको खाका कोर्न पनि पार्टीको सक्रिय र रचनात्मक भूमिका थियो । यसै पृष्ठभूमिमा, स्थानीय तह निर्वाचन २०७४ मा काठमाडौं र पोखरा महानगरपालिका लगायत ४० प्रतिशतभन्दा बढी स्थानीय तहहरूमा नेकपा (एमाले)ले

विजय हासिल गऱ्यो । (भरतपुरमा एमालेका उम्मेदवारले जित्ने सुनिश्चित भइसकेपछि मतपत्र च्यात्ने जस्तो लज्जास्पद र गैरकानुनी हरकत मार्फत् एमालेलाई पराजित घोषणा गरिएको घटना यहाँनिर स्मरणीय छ)। जिल्ला समन्वय समितिका अधिकांश स्थानमा पनि पार्टीले सफलता प्राप्त गऱ्यो। सत्तारुढ गठबन्धनसँग एक्लै सामना गरेर पार्टीले हासिल गरेको यो सफलता आधारभूत तहसम्म पार्टीको लोकप्रियता र सुदृढ जनाधारलाई प्रतिविम्बित गर्ने महत्वपूर्ण उपलब्धि हो ।

## ४. पार्टी एकीकरणको ऐतिहासिक परिघटना

२०७५ जेठ ३ गते नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बीच पार्टी एकीकरण भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन हुनु नेपाली राजनीतिको एउटा ऐतिहासिक परिघटना थियो । यससँगै नेपालको कम्युनिष्ट आन्दोलनमा २०२७/२८ सालदेखि एकातिर झापा आन्दोलन– कोअर्डिनेशन केन्द्र– नेकपा (माले)– नेकपा (एमाले) हुँदै विकसित भएको धार र अर्कातिर केन्द्रीय न्युक्लियस– चौथो महाधिवेशन– मसाल/मशाल– एकता केन्द्र– नेकपा (माओवादी) हुँदै विकसित आन्दोलनका दुई मुख्य धार एकीकृत भई नेपाली कम्युनिष्ट आन्दोलनको टुटेको कडी झण्डै ५० वर्षपछि जोडिन पुग्यो ।

सन् १९३० को दशकबाट सुरु भएको पुँजीवादी उत्पादन प्रक्रियासँगै जन्मिएको श्रमिक वर्ग, त्यसले विराटनगरमा मजदुर आन्दोलनका रुपमा गरेको सङ्गठित विद्रोह र दोस्रो विश्व युद्धको अन्त्यसँगै विस्तार हुँदै गरेको विश्व कम्युनिष्ट आन्दोलनका प्रभाव जस्ता विषयले कम्युनिष्ट पार्टी स्थापनाका लागि वस्तुगत आधार तयार गरे। हुन त यस अघि नै प्रजा परिषद् र नेपाली

*कम्युनिष्ट पार्टीको स्थापना नेपालको राजनीतिक इतिहासको महत्वपूर्ण परिघटना थियो। कम्युनिष्ट पार्टीले देशभक्ति, सामाजिक सुधार एवं प्रजातान्त्रिक आन्दोलन जस्ता नेपाली जनताका आन्दोलनका विभिन्न धाराहरूको बिरासतलाई समेट्दै आन्दोलनलाई सामन्तवाद–साम्राज्यवाद विरोधी जनवादी क्रान्तिको उचाइमा विकसित गऱ्यो।*

राष्ट्रिय काङ्ग्रेस जस्ता पार्टी गठन भएका थिए। तर प्रजा परिषद् १९९७ को चरम दमनसँगै क्षत विक्षत बनेको थियो भने उदार सामन्त तथा ठूला पुँजिपति वर्गको प्रतिनिधित्व गर्ने काङ्ग्रेससँग सामन्तवादलाई अन्त्य गर्ने, साम्राज्यवाद र वाह्य हस्तक्षेपको विरोध गर्ने तथा सामाजिक आर्थिक रुपान्तरण गर्ने दृष्टिकोण र क्षमता थिएन। त्यसैले कमरेड पुष्पलाल, तुल्सीलाल अमात्य, निर्मल लामा जस्ता अग्रजहरू नयाँ पार्टी निर्माणका लागि काङ्ग्रेसबाट अलग भएर कम्युनिष्ट आन्दोलनको निर्माणमा सक्रिय हुनु भएको थियो। नेपाल कम्युनिष्ट पार्टीको स्थापना नेपाली श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधिका रुपमा २००६ सालमा भएको थियो।

कम्युनिष्ट पार्टीको स्थापना नेपालको राजनीतिक इतिहासको महत्वपूर्ण परिघटना थियो। कम्युनिष्ट पार्टीले देशभक्ति, सामाजिक सुधार एवं प्रजातान्त्रिक आन्दोलन जस्ता नेपाली जनताका आन्दोलनका विभिन्न धाराहरूको बिरासतलाई समेट्दै आन्दोलनलाई सामन्तवाद–साम्राज्यवाद विरोधी जनवादी क्रान्तिको उचाइमा विकसित गऱ्यो। (यहाँनिर नेपालको पहिलो राजनीतिक पार्टी प्रजा परिषद् अनेकौं आरोह–अवरोह पश्चात् नेकपा (एमाले) मा समाहित भएको र यसको बिरासत पनि कम्युनिष्ट पार्टीले अगाडि बढाएको प्रसङ्ग स्मरणीय छ।) पार्टीले सामन्तवाद, साम्राज्यवाद र दलाल

नोकरशाही पुँजीवाद विरोधी जनवादी क्रान्तिको तात्कालीन एवं समाजवाद तथा साम्यवाद स्थापनाको दीर्घकालीन लक्ष्य लिएको थियो । राणाशासनको अन्त्य र नागरिक अधिकारको स्थापनाको नारा अगाडि सारेको थियो र मजदुर, किसान, विद्यार्थी तथा महिलाहरूलाई जागृत गर्ने, स्थानीय तहमा क्रान्तिकारी समिति गठन गर्ने र जनविद्रोह सङ्गठित गर्ने बाटो लिएको थियो ।

दिल्ली सम्झौताले २००७ सालको आन्दोलनलाई बीचमै अवरुद्ध गऱ्यो । सम्झौतालाई स्वागत गरेर नेपाली काङ्ग्रेस राणा नेतृत्वको सरकारमा सहभागी भए । तर नेपाल कम्युनिष्ट पार्टी लगायत देशभक्त शक्तिहरूले क्रान्तिलाई अगाडि बढाउने प्रयास गरे । आन्दोलनको सहयात्री कम्युनिष्ट पार्टीमाथि नेपाली काङ्ग्रेसले २००८ सालमा प्रतिबन्ध लगायो । भीमदत्त पन्त, रामप्रसाद राई, के. आई. सिंह लगायतका विद्रोहलाई भारतीय सुरक्षा फौज भिœयाएर निर्मम दमन गरियो। नेपालको उत्तरी सिमानामा भारतीय चेकपोष्ट राख्ने काम भयो। काङ्ग्रेसको सम्झौतावादी तथा विदेशपरस्त नीतिका विकल्पमा नेपाल कम्युनिष्ट पार्टीले क्रान्तिकारी, लोकतान्त्रिक, देशभक्तिपूर्ण तथा समाजवादी धार अगाडि बढायो । विभिन्न वैधानिक मोर्चा तथा जनसङ्गठनका माध्यमबाट आन्दोलनलाई तीव्रता दियो । २००९ देखि २०१३ सालसम्ममा झापा, बारा, पर्सा र रौतहटमा भएका किसान विद्रोह, गुल्मी, तनहुँ, तेह्रथुम लगायत विभिन्न ठाउँमा भएका स्थानीय सामन्त विरोधी आन्दोलन, कोशी र गण्डक सम्झौता विरोधी राष्ट्रिय हितका सङ्घर्ष एवं संविधानसभाको निर्वाचनका लागि दबाब त्यतिबेलाका चर्चित आन्दोलन थिए ।

तर संस्थापक महासचिव पुष्पलाललाई पहिलो महाधिवेशन अगावै नेतृत्वबाट हटाइएपछि पार्टीमा वैचारिक र सङ्गठनात्मक विचलन सुरु भयो । पहिलो महाधिवेशनबाटै सुरु भएको यस्तो विचलन केशरजङ्ग रायमाझी

*...त्यसै अन्तर्गत संसदीय निर्वाचन घोषणा भयो । नेपाली काङ्ग्रेसले निर्वाचनमा दुई तिहाई बहुमत ल्याए पनि उसको अहङ्कार र साना पार्टीहरूको राजापरस्त नीतिबाट लाभ उठाउँदै राजा महेन्द्रले २०१७ साल पुसमा संसदीय व्यवस्था र जननिर्वाचित सरकारलाई अपदस्थ गरे ।*

महासचिव बनेसँगै दक्षिणपन्थी अवसरवादका रुपमा विकास भयो। दोस्रो महाधिवेशनमा रायमाझीले गणतन्त्रको कार्यक्रम बदल्ने प्रयास गरे । यो प्रयास त विफल भयो, तर महाधिवेशनबाट पारित गणतन्त्रको कार्यक्रमलाई उनले अगाडि बढाएनन् । संविधानसभा निर्वाचनको प्रतिवद्धता लत्याउँदै राजाले आफै संविधान जारी गरे । त्यसै अन्तर्गत संसदीय निर्वाचन घोषणा भयो। नेपाली काङ्ग्रेसले निर्वाचनमा दुई तिहाई बहुमत ल्याए पनि उसको अहङ्कार र साना पार्टीहरूको राजापरस्त नीतिबाट लाभ उठाउँदै राजा महेन्द्रले २०१७ साल पुसमा संसदीय व्यवस्था र जननिर्वाचित सरकारलाई अपदस्थ गरे ।

काङ्ग्रेसको दमन र रायमाझीको दक्षिणपन्थी अवसरवादी नेतृत्वका कारण तानाशाही कदम विरुद्ध कम्युनिष्ट पार्टीको प्रतिरोधी क्षमता कमजोर हुँदै गएको थियो। पार्टीलाई दक्षिणपन्थी अवसरवादबाट मुक्त गर्ने, राजाको तानाशाहीको प्रतिवाद गर्ने र जनवादी क्रान्तिलाई अगाडि बढाउने उद्देश्यका साथ २०१८ सालमा आयोजित दरभङ्गा प्लेनमले केशरजङ्ग रायमाझीलाई महासचिवबाट हटायो । उनी तेस्रो महाधिवेशनबाट पार्टीबाटै निष्काशित भए । तर तेस्रो महाधिवेशनबाट पारित 'राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम' र 'सर्वाधिकार सम्पन्न संसदको स्थापना' को नाराले आन्दोलनलाई सही दिशा दिन सकेन । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा देखा परेका विभाजन,

ध्रुवीकरण र विवादको असर नेपाल कम्युनिष्ट पार्टीमा पनि पर्न थाल्यो। मातहतका कमिटीहरूले आफूलाई केन्द्रबाट अलग घोषणा गर्न थाले। कतिपय नेताहरू पलायन भए। कम्युनिष्ट आन्दोलनमा विभाजन, विखण्डन र विघटनको दुःखद शृङ्खला सुरु भयो। पुष्पलालले तेस्रो राष्ट्रिय सम्मेलन (२०२५) मार्फत् पार्टीलाई पुनर्गठन गर्ने प्रयास गर्नु भए पनि त्यसमा सबै धारा समेटिएनन्।

यसै पृष्ठभूमिमा भएको झापा विद्रोह (२०२७–२८) नेपालको राजनीति र कम्युनिष्ट आन्दोलनको 'टर्निङ प्वाइन्ट' बन्न पुग्यो। यसले राजतन्त्र विरुद्ध विद्रोहको उद्घोष गऱ्यो। कम्युनिष्ट आन्दोलनमा उत्पन्न शिथिलता र अकर्मण्यताका विरुद्ध बलिदान, विद्रोह र पुनर्गठनको उर्जा सिर्जना गऱ्यो। झापा आन्दोलनले पार्टी निर्माण, विस्तार र एकीकरणको नीति लिएको थियो। प्रतिकूल शक्ति सन्तुलन एवं उग्रवामपन्थी गल्तीका कारण आन्दोलनमाथि चरम दमन भयो। तर धक्कालाई चिर्दै यो धारा २०३२ सालमा अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी कोअर्डिनेशन कमिटी (माले), २०३५ सालमा नेपाल कम्युनिष्ट पार्टी (माले ) र २०४७ सालमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का रुपमा विकसित भयो।

अर्कोतिर केन्द्रीय न्युक्लियसबाट सुरु भएको अर्को धारा २०३१ मा चौथो महाधिवेशन, मशाल/मसाल, नेपाल कम्युनिष्ट पार्टी (एकता केन्द्र) तथा २०५२ मा नेपाल कम्युनिष्ट (माओवादी) र अन्ततः नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) हुँदै अगाडि बढ्यो। तीसको दशकदेखि नेपाली कम्युनिष्ट आन्दोलन मुख्यतया यिनै दुई धारामा ध्रुवीकृत भयो।

विभाजनका बाबजुद कम्युनिष्टहरूले आन्दोलन जारी राखे। विभिन्न समयमा भएका विद्यार्थी आन्दोलन, शिक्षक, मजदुर र किसानका सङ्घर्ष,

*...पञ्चायती व्यवस्थाको समूल अन्त्य गर्न, बहुदलीय राजनीतिक प्रणाली सहितको संविधान निर्माण गर्न कम्युनिष्टहरुले अग्रणी भूमिका खेले । २०४७ सालको संविधानमा कमरेड मदन भण्डारीले राख्नु भएका आलोचनाका २७ बुँदाहरु निकै सान्दर्भिक थिए भन्ने कुराको पुष्टि २०६२/६३ को आन्दोलन र तत्पश्चात्का घटनाक्रमले गरेका छन् ।*

सीमा अतिक्रमण र भारतद्वारा गरिएको सिक्किम विलयन लगायत विषयमा भएका राष्ट्रियताका आन्दोलनहरू यस सन्दर्भमा उल्लेखनीय रहेका छन् । महङ्गी र भ्रष्टाचार नियन्त्रण, जमिनको अधिकार, सरकारी दमनको विरोध र जनजीविकाका आन्दोलनलाई पनि पार्टीहरूले अगुवाइ गरे । २०३५/३६ को आन्दोलन र जनमत सङ्ग्रहको घोषणासँगै जनसङ्गठनहरू क्रियाशील हुन थाले, वामपन्थी जनाधार बलियो बन्दै गयो । यस सन्दर्भमा भएका छिन्ताङ र पिस्कर हत्याकाण्ड तथा दमनका विरुद्ध पार्टीले गरेको प्रतिरोध उल्लेखनीय घटनाका रुपमा रहेका छन् । यसै क्रममा २०४६ सालमा संयुक्त जनआन्दोलन भयो, जसमा कम्युनिष्ट पार्टीको महत्वपूर्ण भूमिका र संयुक्त नेतृत्व थियो । आन्दोलनलाई सामान्य सुधारमा सीमित राख्न चाहने नेपाली काङ्ग्रेसको प्रयासलाई चिरेर पञ्चायती व्यवस्थाको समूल अन्त्य गर्न, बहुदलीय राजनीतिक प्रणाली सहितको संविधान निर्माण गर्न कम्युनिष्टहरूले अग्रणी भूमिका खेले। २०४७ सालको संविधानमा कमरेड मदन भण्डारीले राख्नु भएका आलोचनाका २७ बुँदाहरू निकै सान्दर्भिक थिए भन्ने कुराको पुष्टि २०६२/६३ को आन्दोलन र तत्पश्चात्का घटनाक्रमले गरेका छन् ।

मार्क्सवाद–लेनिनवादका आम सच्चाइलाई नेपालको विशिष्ट परिस्थितिमा कार्यान्वयन गर्दै नेपाली क्रान्तिका मौलिक सिद्धान्त, कार्यक्रम,

बाटो र नीति निर्माण गर्ने प्रयास यस अवधिमा तीव्र भयो। मार्क्सवादको गहन अध्ययन, विभिन्न स्वरुपका दक्षिणपन्थ र उग्रवामपन्थ विरुद्धको सङ्घर्ष र नेपाली समाजको सूक्ष्म अध्ययन गर्ने क्रममा कमरेड मदन भण्डारीको प्रस्तावमा नेकपा (माले) ले २०४६ सालमा आयोजित चौथो महाधिवेशनबाट जनवादी व्यवस्थामा बहुदलीय शासन प्रणालीको अवधारणा अगाडि बढायो। त्यसलाई थप विकसित गर्दै मदन भण्डारीले जनताको बहुदलीय जनवाद (जबज) प्रस्तुत गर्नुभयो, जुन मार्क्सवादी दर्शन, विश्व कम्युनिष्ट आन्दोलनका शिक्षा र नेपाली क्रान्तिका अनुभवमाथि आधारित थियो। जबज, पाँचौ महाधिवेशनबाट नेपाली क्रान्तिको कार्यक्रम र छैटौं महाधिवेशनबाट नेपाली क्रान्तिको नेतृत्वकारी विचारका रुपमा अनुमोदन भयो। आठौं र नवौं महाधिवेशनबाट यसलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रुपमा स्थापित गरिएको छ। २०५१ सालमा गठित एमालेको लोकप्रिय सरकार र त्यसले अगाडि बढाएका प्रगतिशील सुधारका कामले जबजलाई समाजमा स्थापित गर्न महत्वपूर्ण योगदान गरे। नेपालको विशिष्ट परिस्थिति अनुरुप क्रान्तिलाई मौलिक बाटोबाट अगाडि प्रतिकूल अवस्थामा नेपाली कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउन, प्रतिक्रियावादी एवं प्रतिक्रान्तिकारी हमलाबाट आन्दोलनको रक्षा गर्न, पार्टीलाई जनताको बीचमा लोकप्रिय र सुदृढ जनाधार सहित स्थापित गर्न एवं वैधानिक ढङ्गबाट आन्दोलनलाई अगाडि बढाउन नेकपा (एमाले) र जबजको उल्लेखनीय योगदान रहेको छ। जबज राजनीतिक प्रणाली या कार्यक्रमको मात्रै विषय नभएर समाजको समग्र रुपान्तरणको समष्टिगत अवधारणाका रुपमा स्थापित छ।

यसै अवधिमा नेकपा (माओवादी) ले २०५२ फागुन १ गतेदेखि सशस्त्र सङ्घर्ष सुरु गऱ्यो। यसले नेपाली राजनीतिमा नयाँ तरङ्ग सिर्जना गऱ्यो। महिला, दलित, मधेसी, जनजाति लगायतका उत्पीडित वर्ग/समुदायलाई

*...नेपाली कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउन, प्रतिक्रियावादी एवं प्रतिक्रान्तिकारी हमलाबाट आन्दोलनको रक्षा गर्न, पार्टीलाई जनताको बीचमा लोकप्रिय र सुदृढ जनाधार सहित स्थापित गर्न एवं वैधानिक ढङ्गबाट आन्दोलनलाई अगाडि बढाउन नेकपा (एमाले) र जबजको उल्लेखनीय योगदान रहेको छ ।*

जागृत र सङ्गठित गर्न तथा संविधानसभा निर्वाचन एवं गणतन्त्रको आधार तयार पार्न माओवादी आन्दोलनको भूमिका महत्वपूर्ण रह्यो ।

आन्दोलनका यी दुई धाराबीच लामो समयसम्म प्रतिष्पर्धा, वैचारिक सङ्घर्ष र तिक्ततापूर्ण सम्बन्ध रह्यो । माओवादी पक्षबाट नेकपा (एमाले) का कैयौं निर्दोष कार्यकर्ताहरूको हत्या समेत भयो । तर पनि आन्दोलनका दुई धारबीच संवाद र सम्पर्क पनि कायम रहँदै आयो । १२ बुँदे समझदारीले राजतन्त्र विरोधी शक्तिहरूलाई एक ठाउँमा उभ्याउन, आन्दोलनलाई गणतन्त्रको तहसम्म विकसित गर्न तथा संविधानसभाको निर्वाचन, राज्यको पुनर्संरचना र दस वर्षे सशस्त्र द्वन्द्वलाई शान्ति प्रक्रियामा रुपान्तरण गर्न आधार तयार गऱ्यो । संविधानसभाबाट संविधान निर्माण गर्न तथा संविधानमा प्रगतिशील अन्तरवस्तु तथा समाजवादी विशेषता समावेश गर्न कम्युनिष्टहरूको नेतृत्वदायी भूमिका रह्यो । इतिहासका शिक्षा, जनताको चाहना, वैचारिक–राजनीतिक मतभिन्नता साँघुरिदै गएको अवस्थाले दुई पार्टीबीच एकताको आधार निर्माण गर्दै लग्यो । प्रतिकूल विश्व परिस्थितिमा समेत नेपालमा वामपन्थी आन्दोलन लोकप्रिय रहेको, शान्तिपूर्ण बाटोबाट समाजवाद निर्माणको संभावना प्रबल बनेको, क्रान्तिका उपलब्धिको रक्षा तथा समाजवादी भविष्य सुनिश्चित गर्न एकीकृत र बलियो कम्युनिष्ट पार्टीबाट

मात्रै संभव रहेको तथा नेपाल राष्ट्रले भोगिरहेको परनिर्भरता, वैदेशिक हस्तक्षेप तथा राजनीतिक–सांस्कृतिक अतिक्रमणलाई अन्त्य गर्दै राष्ट्रिय स्वाधीनता र स्वाभिमान सुदृढ गर्नका लागि बलियो वामपन्थी शक्तिको खाँचो रहेको बोधले दुई पार्टीबीच एकताको आधार निर्माण गरेका थिए ।

यसै पृष्ठभूमिमा, २०७४ असोज १७ गते दुई पार्टीबीच चुनावी गठबन्धन बन्यो भने २०७५ साल जेठ ३ गते पार्टी एकीकरण ।

पार्टी एकतासँगै शक्ति सन्तुलन श्रमजीवी जनताको पक्षमा अनुकूल भयो । देशभक्त, लोकतान्त्रिक र समाजवाद पक्षधर शक्ति सुदृढ र उत्साहित बने । वामपन्थी आन्दोलनमा सकारात्मक सन्देश प्रवाह भयो । राजनीतिक स्थायित्वको आधार निर्माण भयो ।

दुई पार्टीहरूको सामथ्र्य र लोकप्रियता (उदाहरणका लागि निर्वाचनमा प्राप्त क्रमशः ३२ लाख र १३ लाख मत) लाई आधार बनाएर होइन, कम्युनिष्ट आन्दोलनका दुई धाराको एकताको रुपमा अगाडि बढाउने प्रयास गरियो । मार्गदर्शक सिद्धान्त मार्क्सवाद–लेनिनवाद, रणनीतिक लक्ष्य समाजवाद, तात्कालिक कार्यक्रम समाजवाद–उन्मुख जनताको जनवाद निर्धारण गरियो । जनताको जनवाद कार्यान्वयन गर्दै समाजवादको आधार निर्माण गर्ने कार्यदिशा तय भयो । एकताको मनोविज्ञानलाई ध्यानमा राखेर पार्टीमा  दुई अध्यक्षको व्यवस्था गरियो, महाधिवेशनसम्म सहमतिका आधारमा अगाडि बढ्ने विधि तय गरियो र महाधिवेशन समेत सहमतिमै गर्ने प्रतिवद्धता व्यक्त गरियो । एकताको आवश्यकतालाई ध्यानमा राखेर मातहत कमिटीमा पनि दुबै पार्टीका तर्फबाट झण्डै बराबरीकै सङ्ख्यामा प्रतिनिधित्व सुनिश्चित गराइयो।

*वाम गठबन्धन बनाएर हामीले चुनावमा उत्साहजनक परिणाम हासिल गर्‍यौं । तर पुष्पकमल दहाल 'प्रचण्ड' बाट भने काङ्ग्रेससँग मिलेर सरकार बनाउने र नेकपा (एमाले) लाई एक्लो पार्ने प्रयास समेत गरिएको थियो, जुन अवसरवाद र अनैतिक राजनीतिको भद्दा अभिव्यक्ति थियो ।*

तर एकता जुन हिसाबले हुनु पर्थ्यो, त्यसरी हुन सकेन र जसरी अगाडि बढ्नु पर्थ्यो, त्यसरी बढ्न पनि सकेन । तीन महिनाभित्र एकीकरणका काम टुङ्ग्याउने भावनामा बगेर बैकल्पिक व्यवस्था बिनै सबै कमिटीहरू भङ्ग गर्ने निर्णय गरियो । स्थानीय तहमा सङ्गठनात्मक शून्यता सिर्जना भयो ।

एकताले विपक्षीका सामु चुनौतिको विशाल पर्खाल खडा गरिदिएको थियो । तर विपक्षीबाट हुनसक्ने चर्को प्रतिवादलाई त्यही अनुपातमा सामना गर्ने तयारी गर्नबाट पार्टी चुक्यो ।

आन्दोलनका सकारात्मक पक्षलाई गोलबन्द गर्दै जनभावना अनुसार कमिटी निर्माण गर्ने र सिङ्गो पार्टीलाई समृद्धिको संवाहक शक्तिका रुपमा विकास गर्ने कुरामा केन्द्रित हुनु पर्थ्यो । तर स्थायित्व, विकास र सामाजिक न्यायलाई अगाडि बढाउने सरकारको प्रयासका विपरीत पार्टीभित्रैबाट राजनीतिक अस्थिरता सिर्जना गर्ने, सरकारका सकारात्मक काम र उपलब्धिलाई ओझेलमा पार्ने, विपक्षीलाई उछिनेर सरकारको विरोध गर्ने, जनतामा निराशा फैलाउने एवं नेपालको वाह्य सम्बन्धमा समस्या सिर्जना गर्ने काम भयो ।

यस सन्दर्भमा एउटा तथ्य उल्लेख गर्नु आवश्यक हुन्छ । वाम गठबन्धन बनाएर हामीले चुनावमा उत्साहजनक परिणाम हासिल गऱ्यौं । तर पुष्पकमल दहाल 'प्रचण्ड' बाट भने काङ्ग्रेससँग मिलेर सरकार बनाउने र नेकपा (एमाले) लाई एक्लो पार्ने प्रयास समेत गरिएको थियो, जुन अवसरवाद र अनैतिक राजनीतिको भद्दा अभिव्यक्ति थियो । मधेस केन्द्रित दलहरू संसदको सबैभन्दा ठूलो दल एमालेलाई बाहिर राखेर सरकार बनाउन नहुने मान्यतामा उभिएपछि मात्रै प्रचण्डको वाध्यात्मक समर्थन नेकपा (एमाले) नेतृत्वको सरकारलाई प्राप्त भएको थियो ।

महाधिवेशनसम्म सबै निर्णय सहमतिका आधारमा गर्ने विधि विपरीत अध्यक्ष तथा प्रधानमन्त्रीका विरुद्ध मोर्चाबन्दी सुरु भयो । २०७६ मङ्सिरमा कार्यकारी अधिकार सहितको जिम्मेवारी पाएपछि पुष्पकमल दहाल 'प्रचण्ड' ले आफ्नो निवासलाई गुटको हेडक्वार्टर बनाए । साबिक नेकपा (एमाले) भित्रका अन्तरविरोधमा खेल्दै नेतृत्व हत्याउने प्रयास सुरु भयो । एकतालाई सही ढङ्गले निष्कर्षमा पुऱ्याउनुभन्दा पनि एमालेका कतिपय नेताको भूमिका पुष्पकमल दहाल 'प्रचण्ड' का अस्वाभाविक महत्वाकाङ्क्षालाई मलजल गर्ने, नाजायज उद्देश्यलाई प्रोत्साहित गर्नेमा सहयोगी रह्यो। मूल नेतृत्व ('कोर अफ द लिडर') भनिने केन्द्रीय सचिवालय, विचार, पार्टी सञ्चालन र राजनीतिको केन्द्र होइन, कुण्ठा, किचलो र अन्त्यहीन गुटबन्दीको थलो बन्यो । अन्यत्रै बसेर गुटगत निर्णय गर्ने र त्यसैलाई सदर गर्न दबाब दिन थालियो । पार्टीमा बहुकेन्द्र खडा भए । दुई वर्षसम्म प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव राख्न नपाइने संविधानको व्यवस्थाले गर्दा सुरुका दिनमा अलिक मत्थर रहे पनि २०७६ फागुनदेखि प्रधानमन्त्री हटाउने दृष्य–अदृष्य प्रयाश सुरु भए । कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर नक्सा प्रकाशन गरिएपछि र संसदबाट सर्वसम्मतिका साथ संविधान संशोधन गरिएपछि यो

*महाधिवेशनसम्म सबै निर्णय सहमतिका आधारमा गर्ने विधि विपरीत अध्यक्ष तथा प्रधानमन्त्रीका विरुद्ध मोर्चाबन्दी सुरु भयो। २०७६ मङ्सिरमा कार्यकारी अधिकार सहितको जिम्मेवारी पाएपछि पुष्पकमल दहाल 'प्रचण्ड' ले आफ्नो निवासलाई गुटको हेडक्वार्टर बनाए। साबिक नेकपा (एमाले) भित्रका अन्तरविरोधमा खेल्दै नेतृत्व हत्याउने प्रयास सुरु भयो ।*

षडयन्त्र तीव्र भयो। पार्टीभित्र विभिन्न प्रश्नमा वहस, विमति र अन्तरसङ्घर्ष हुनु स्वाभाविकै हो। यसरी सिर्जना हुने अन्तरविरोध मित्रतापूर्ण अन्तरविरोध हुन् र तिनलाई वाद–प्रतिवाद–संवादको द्वन्द्वात्मक विधिबाट सकारात्मक ढङ्गले समाधान गर्नु पर्छ। एकता, अन्तरसङ्घर्ष र अझ उन्नत स्तरको एकताको विधिबाट हल गर्दै जानु पर्छ। तर मार्क्सवादको यस स्थापित मान्यताका विपरीत पार्टीभित्र जबर्जस्ती अन्तरविरोध सिर्जना गर्ने, त्यसलाई तिक्ततापूर्ण र निषेधात्मक स्वरुप दिने, अन्तरविरोधमा खेल्ने र विभाजित गर्ने गलत बाटो अवलम्बन गरियो।

सतहमा हेर्दा यी गतिविधि व्यक्ति विशेष अर्थात् पार्टी अध्यक्ष/प्रधानमन्त्री विरुद्ध केन्द्रित देखिए पनि सारमा मुलुकले हासिल गरेको राजनीतिक स्थायित्वलाई उल्ट्याउनेतिर लक्षित थिए। नेपालले राष्ट्रियताका सबालमा प्राप्त गरेको उपलब्धि विरुद्ध केन्द्रित थिए। जनतामा जागेको आशावाद र आत्मविश्वास विरुद्ध थिए। पराजित भएका जातीय–क्षेत्रीय–धार्मिक अतिवादलाई जगाएर राष्ट्रिय एकतालाई खलबल्याउने उद्देश्य यिनमा निहित थियो। विपक्षीहरूसँग साँठगाँठ गरेर मुलुकलाई गलत दिशातिर धकेल्ने भित्री मनशाय थियो।

पार्टीभित्र उत्पन्न समस्या समाधानका लागि अनेकौं सहमति गरिए। २०७६ मङ्सिरमा कार्यविभाजन गर्दै पहिलो अध्यक्ष सरकारका काममा केन्द्रित हुने र 'प्रचण्ड' ले पार्टी सञ्चालनको कार्यकारी जिम्मेवारी लिने सहमति भयो। एकता महाधिवेशनबाट नेतृत्व हस्तान्तरण र आगामी निर्वाचनमार्फत् नयाँ प्रधानमन्त्री अगाडि सार्ने सार्वजनिक घोषणा गरियो। आजीवन पार्टी र राजकीय नेतृत्वमा कब्जा जमाएर नेतृत्व विकासलाई अवरुद्ध गर्ने विकृत परम्परा विरुद्ध नेतृत्व हस्तान्तरणको यो घोषणा नयाँ विधि बसाल्ने प्रयास थियो। तर 'प्रचण्ड' लगायत नेताहरूबाट यो प्रस्ताव अस्वीकार गरियो। २०७७ साल भदौ २६ गते पार्टीभित्र उत्पन्न समस्या समाधानका लागि सुझाव दिन गठित कार्यदलको प्रतिवेदनमाथि आधारित भएर पार्टी स्थायी कमिटीले महत्वपूर्ण निर्णयहरू गऱ्यो। ती निर्णयलाई कार्यान्वयन गर्दै पार्टीलाई एकता महाधिवेशनमा अग्रसर गराउन सकेको भए एकता जोगिन सक्थ्यो। तर उक्त निर्णय अनुसार महाधिवेशनको तयारी गर्ने काम पटक्कै भएन। बरु, २०७७ कार्तिक २८ गते केन्द्रीय सचिवालयको बैठकमा प्रचण्डद्वारा पार्टी अध्यक्ष विरुद्ध अचानक, गंभीर राजनीतिक र फौजदारी अभियोगसहित आरोप–पत्र वितरण गरियो। उक्त लिखत वस्तुतः पार्टी विभाजनको औपचारिक घोषणा थियो। यो कदम महाधिवेशनका लागि चार महिना पनि नकुरेर, त्यसभन्दा अगावै घेराबन्दी, जोडघटाउ तथा षडयन्त्रका बलमा नेतृत्व हत्याउने प्रयाश थियो। अध्यक्ष लगायत अन्य कमरेडहरूबाट अभियोगपत्र फिर्ता गराएर पार्टीमा सहज वातावरण निर्माण गर्न अन्तिमसम्म प्रयत्न गरियो। प्रतिनिधिसभा विघटनको अघिल्लो दिन प्रचण्ड निवासमै पुगेर पनि पार्टी एकता जोगाउन अन्तिमसम्म आग्रह गरियो। तर पार्टीको मूल नेतृत्वलाई अपमानपूर्वक पदच्यूत गरेर पार्टी कब्जा गर्ने र देशी विदेशी प्रतिक्रियावादीहरूको इच्छापूर्ति गर्न वचनबद्ध पुष्पकमल दहाल 'प्रचण्ड' सहमत भएनन्। यस्ता गतिविधिका कारण संसद अस्थिरताको थलो बन्ने,

*महाधिवेशनबाट निर्वाचित र पार्टीको प्रथम अध्यक्षलाई सडकबाटै कार्बाही गर्ने, संसदीय दलको नेताबाट हटाउने, पार्टीको साधारण सदस्यबाटै निष्काशन गर्ने र प्रधानमन्त्रीबाट हटाउन अविश्वास प्रस्ताव पेश गर्ने काम भयो । अन्तरविरोध थियो भने पनि केन्द्रमा प्रधानमन्त्रीसँग थियो, तर प्रदेश सरकारलाई समेत अपदस्थ गराउने प्रयास भयो ।*

असैद्धान्तिक र नीतिहीन गठबन्धनहरू बन्ने, सरकार बनाउने र विघटनको केन्द्र मात्रै बन्ने स्थिति उत्पन्न हुने भयो । यसै वाध्यात्मक परिस्थितिका बीच २०७७ साल पुस ५ गते प्रतिनिधिसभा विघटन गर्ने निर्णय भयो ।

त्यस पछि त अराजकता झन् उत्कर्षमा पुग्यो। महाधिवेशनबाट निर्वाचित र पार्टीको प्रथम अध्यक्षलाई सडकबाटै कार्बाही गर्ने, संसदीय दलको नेताबाट हटाउने, पार्टीको साधारण सदस्यबाटै निष्काशन गर्ने र प्रधानमन्त्रीबाट हटाउन अविश्वास प्रस्ताव पेश गर्ने काम भयो । अन्तरविरोध थियो भने पनि केन्द्रमा प्रधानमन्त्रीसँग थियो, तर प्रदेश सरकारलाई समेत अपदस्थ गराउने प्रयास भयो ।

यसरी वैचारिक र सङ्गठनात्मक दृष्टिले नेकपा विभाजनको डिलमा पुगेको थियो। २०७७ साल फागुन २३ गते सर्वोच्च अदालतको फैसलाले एकीकरण प्रक्रियालाई विधिवत् रुपमै अन्त्य गऱ्यो। त्यसो त, सर्वोच्च अदालतले नेकपाको नाम त्यस अगाडि नै निर्वाचन आयोगमा दर्ता रहेको नेपाल कम्युनिष्ट पार्टीसँग जुधेकाले दर्ता खारेज हुने, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) २०७५ साल जेठ ३ पूर्वकै अवस्थामा कायम रहने तथा पुनः एकीकरण गर्ने हो भने प्रचलित कानुन अनुसार प्रक्रिया सुरु गर्न आदेश

दिएको थियो । तदनुरुप निर्वाचन आयोगले १५ दिनको समय दिएर पत्राचार पनि गरेको थियो । तर पुष्पकमल दहाल 'प्रचण्ड' यस विषयमा सामान्य छलफल गर्न समेत अनिच्छुक देखिए । उल्टै, सर्वोच्चको फैसलालाई उल्ट्याउने प्रयास भयो ।

यसरी ठूलो उत्साहका साथ गरिएको पार्टी एकीकरण निष्कर्षमा नपुगी बीचैमा अवरुद्ध भयो ।

कानुनी र राजनीतिक दृष्टिले नेकपाको एकीकरणको प्रक्रिया भङ्ग भए पनि नेपाली कम्युनिष्ट आन्दोलनलाई एकतावद्ध गर्ने हाम्रो प्रयास इमान्दार र निष्ठापूर्ण थियो । नेकपा (माओवादी केन्द्र) को मूल नेतृत्व, वैचारिक विचलन, सङ्गठनात्मक अस्तव्यस्तता, अवसरवाद र अस्थिरताबाट गुज्रिरहेको तथ्य लुकेको थिएन । तर राष्ट्रिय र भूराजनीतिक सीमा, हिंसा र अतिवादका सोचहरू सफल हुन नसक्ने यथार्थ एवं जनाधारका दृष्टिले पनि शक्ति क्षय हुँदै गएको पृष्ठभूमिमा पार्टी एकीकरणका माध्यमबाट लोकतान्त्रिक रुपान्तरण संभव हुन सक्छ भन्ने अपेक्षाका साथ जोखिम मोलेरै पार्टी एकता गरिएको थियो । तर मूलतः सके पार्टी कब्जा गर्ने नसके विभाजन गर्ने प्रचण्डका सोच र व्यवहारका कारण एकीकरण प्रक्रिया निष्कर्षमा नपुगी टुङ्गिएको छ । यसो हुनुमा नवौं महाधिवेशनदेखि नै पारित नीति र निर्वाचित नेतृत्वका विरुद्ध अन्त्यहीन गुटबन्दीमा सङ्लग्न माधव नेपालको कुण्ठा, निहित स्वार्थ र विभाजनकारी क्रियाकलापको समेत ठूलो भूमिका छ ।

प्रक्रियागत रुपमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको एकीकरण भङ्ग भएको छ र कानुनी रुपमा हामी नेकपा (एमाले) का रुपमा क्रियाशील छौं । यो पार्टी एकीकरणको निरन्तरता र नेकपाको बिरासत बोकेको पार्टी हो । पुष्पकमल दहाल 'प्रचण्ड' ले विभाजनको बाटो रोजेर बाहिरिए

*तर मूलतः सके पार्टी कब्जा गर्ने नसके विभाजन गर्ने प्रचण्डका सोच र व्यवहारका कारण एकीकरण प्रक्रिया निष्कर्षमा नपुगी टुङ्गिएको छ । यसो हुनुमा नवौं महाधिवेशनदेखि नै पारित नीति र निर्वाचित नेतृत्वका विरुद्ध अन्त्यहीन गुटबन्दीमा सङ्लग्न माधव नेपालको कुण्ठा, निहित स्वार्थ र विभाजनकारी क्रियाकलापको समेत ठूलो भूमिका छ ।*

पनि पार्टी एकताको पक्षमा रहनुभएका माओवादी केन्द्रका प्रभावशाली नेताहरू समेत आवद्ध नेकपा (एमाले) आज नयाँ स्वरुपमा पुनस्थापित हुँदै अगाडि बढेको छ । कम्युनिष्ट आन्दोलनलाई एकतावद्ध बनाउने प्रयाश भोलि पनि जारी रहने छ । नेकपा (एमाले) को सङ्गठनात्मक र भावनात्मक एकता यसको सफलताको मुख्य आधार हो । यही कुरालाई ध्यानमा राखेर हामी पार्टीको आन्तरिक एकतालाई कायम राख्नको लागि कार्यदल गठन गर्दै १० बुँदे प्रस्ताव तयार गर्न र त्यसको कार्यान्वयनप्रति तत्पर रहेका हौं ।

## ५. सरकारका साढे तीन वर्ष

२०७४ फागुन ३ गतेबाट जिम्मेवारी सम्हालेको नेकपा (एमाले) नेतृत्वको सरकार एउटा सरकारलाई विस्थापन गरी बनेको अर्को सरकार मात्र थिएन । यो त युगान्तकारी परिवर्तन र संविधान जारी भइसकेपछिको, नयाँ प्रणाली, नयाँ संरचना र नयाँ कार्यभार सहितको सरकार थियो । इतिहासमा यस्तो स्थिति २०१५ सालमा आएको थियो– राणा शासन अन्त्यपछि सम्पन्न आम निर्वाचनबाट । २०४८ सालमा आएको थियो– पञ्चायती शासन

अन्त्यपछिको निर्वाचनबाट। तर विगतमा ठूला राजनीतिक परिवर्तनपछि प्रणालीलाई संस्थागत गर्ने काम भएन। (२००७ सालमा भएको राजनीतिक परिवर्तन पश्चात् लोकतन्त्रका संस्थाहरूको आधार २०१३ मा मात्र तयार गरिएको थियो। २०१७ सालको प्रतिगमनले त्यसलाई उल्ट्याइदियो।)

त्यसैले यस सरकारका काँधमा नयाँ प्रणाली र नयाँ संरचनालाई संस्थागत गर्ने दायित्व थियो। संविधानको प्रभावकारी कार्यान्वयन गर्ने जिम्मेवारी थियो। कानुनी, वित्तीय र प्रशासनिक प्रबन्ध गरेर सङ्घीयता सफल पार्ने अभिभारा थियो। हिंसात्मक गतिविधि गरिरहेका, पृथकतावादी अभियानमा सङ्लग्न र संविधानसँग कतिपय असहमति राख्ने पक्षलाई सहमतिमा ल्याउनु थियो। सङ्क्रमणकाल र राजनीतिक अस्थिरताका कारण बढेका वाह्य चलखेल र सूक्ष्म व्यवस्थापन अन्त्य गर्दै राष्ट्रिय हित र स्वाभिमानको रक्षा गर्नु थियो। जनताका समृद्धिका सपनालाई पूरा गर्न सामाजिक–आर्थिक रुपान्तरण तीव्र पार्नु आवश्यक थियो। सामाजिक न्याय र सुरक्षाको प्रत्याभूति गर्नु थियो। सुशासन सुनिश्चित गर्नु थियो। समाजवादका आधार तयार गर्नु थियो। पहिलो बहुमत–प्राप्त वामपन्थी सरकार हुनाले जनताका अपेक्षा उच्च थिए। सीमित साधनस्रोत र पुरानै मानसिकताका राज्यसंयन्त्रका सीमाहरू थिए। एक किसिमको अग्निपरीक्षा सामुन्नेमा थियो– लोकतन्त्र प्राप्तिको आन्दोलनमा अब्बल साबित नेपाली कम्युनिष्टहरू सुशासन र समृद्धिको अभियानमा पनि खरो उत्रिन सक्लान्?

सरकारले पार्टी महाधिवेशनले पारित गरेको तथा घोषणापत्रमा उल्लेखित अवधारणा 'नेकपा (एमाले) को परिकल्पनाः सुखी नेपाली, समृद्ध नेपालको स्थापना' लाई 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षाका रुपमा सूत्रबद्ध गर्‍यो। जनादेशबाट प्राप्त ५ वर्षको अवधिलाई ४ हिस्सामा विभाजन गरी योजनाबद्ध कामको थालनी गर्‍यो।

*पार्टीभित्र र बाहिरबाट भएका निरन्तरका असहयोग, घेराबन्दी र विरोधका बाबजुद गएका तीन वर्षमा दूरगामी र ऐतिहासिक उपलब्धि हासिल भएका छन् । यी कामले लोकतन्त्रको सुदृढीकरण, राष्ट्रिय हितको रक्षा एवं जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याएका छन् ।*

- पहिलो वर्ष— राज्यको संरचनागत व्यवस्थापन र समृद्धिको आधार वर्ष,
- दोश्रो वर्ष— समृद्धिको आरम्भ वर्ष,
- तेश्रो र चौथो वर्ष— कामको निरन्तरताको वर्ष,
- अन्तिम वर्ष— कामको समिक्षा र नयाँ प्रस्ताव तयारीको वर्ष ।

पार्टीभित्र र बाहिरबाट भएका निरन्तरका असहयोग, घेराबन्दी र विरोधका बाबजुद गएका तीन वर्षमा दूरगामी र ऐतिहासिक उपलब्धि हासिल भएका छन् । यी कामले लोकतन्त्रको सुदृढीकरण, राष्ट्रिय हितको रक्षा एवं जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याएका छन् । प्रतिनिधिमूलक उपलब्धिहरूलाई यसरी उल्लेख गर्न सकिन्छः

(क) संविधानमै तोकिए बमोजिम समयमै मौलिक हकको कार्यान्वयनका लागि आवश्यक कानुनहरू निर्माण गरिएको छ । मौलिक हक र सङ्घीयताको सुदृढीकरणसम्बन्धी कानुन सहित समग्रमा ८९ नयाँ कानुन निर्माण गरिएका छन् । मौलिक अधिकार उपभोगको कानुनी आधार सुनिश्चित भएको छ । संविधानसँग मेल नखाने सयौं कानुन संशोधन भएका छन् । २०७५ भदौ १ गतेबाट मुलुकी संहिता कार्यान्वयन

गरिएको छ । संघीयताको मान्यता अनुरुप प्रदेश तथा स्थानीय तहलाई सबल, सक्षम एवं क्रियाशील बनाउन वित्तीय, प्रशासनिक र कानुनी प्रबन्ध गरिएका छन् । ७ सय ५३ स्थानीय तहको वर्गीकरण र सङ्गठन संरचना स्वीकृत गरी कर्मचारी समायोजन जस्तो जटिल काम एक वर्षभित्रै सम्पन्न गरिएको छ। संविधान जारी भएको तीन वर्षभित्रै र निर्वाचन भएको पहिलो वर्षमै सङ्घीयतालाई पूर्ण रुपमा कार्यान्वयन गरेर नेपालले दृष्टान्त स्थापित गरेको छ ।

(ख) तराईमा पृथकतावादी गतिविधि गरिरहेको सिके राउत समूह २०७५ फागुनमा मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र संविधानलाई स्वीकार्दै पृथकतावाद परित्याग गरेर राजनीतिको मूलधारमा समाहित भएको छ। नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले हिंसात्मक क्रियाकलाप परित्याग र राजनीतिक गतिविधि शान्तिपूर्ण ढङ्गमा सञ्चालन गर्ने प्रतिवद्धता सहित २०७७ फागुनमा सरकारसँग तीन बुँदे सहमति गरेको छ। यससँगै मुलुकमा राजनीति विवाद आधारभूत रुपमा अन्त्य भएको छ । हिंसा र पृथकतावादी द्वन्द्व अन्त्य हुनु र संविधान निर्माणको प्रक्रियाबाट बाहिरिएका मधेस केन्द्रित दलहरू पनि संविधानको स्वामित्व ग्रहण गर्ने स्थितिमा आइपुग्नु दूरगामी महत्वको उपलब्धि हो ।

(ग) नेपाल संयुक्त राष्ट्र सङ्घको विकास नीति कमिटीबाट विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि सिफारिस भएको छ। कोभिड महामारी अगाडिसम्म नेपाल तीव्र आर्थिक वृद्धि गरिरहेका विश्वका दस मुलुकमध्ये थियो । यस अवधिमा नेपालीको प्रतिव्यक्ति आय ३५ प्रतिशतले वृद्धि भएको छ भने ९ लाखभन्दा बढीलाई निरपेक्ष गरिबीबाट माथि उठाइएको छ। यस अवधिमा नेपालले लगानी र व्यवसायिक वातावरण मापन

*...रेलमार्ग, सडक मार्ग, आर्थिक करिडोर, बन्दरगाह, हवाइ यातायात, ट्रान्समिसन लाइनका काम अगाडि बढेका छन् । ... नेपालले चीनका चारवटा समुद्री तथा तीनवटा सुख्खा बन्दरगाहको उपयोग गर्न पाउने सुनिश्चित भएको छ । २३ वर्षको अन्तरालमा चीनका राष्ट्रपतिले नेपाल भ्रमण गर्नुभएको छ ।*

गर्ने सूचकाङ्क (डुइङ बिजनेश इन्डेक्स) लगायत शान्ति, खुशियाली, भोकमरी विरुद्ध, लैङ्गिक समानता, सुशासन, मानव विकास लगायत सूचकाङ्कमा उल्लेख्य प्रगति हासिल गरेको छ। दीर्घकालीन सोच सहितको पन्ध्रौं पञ्चवर्षीय योजना निर्माण भएको छ। सन् २०३० अगावै दिगो विकास लक्ष्य हासिल गर्ने र मध्यम आय भएको मुलुकमा स्तरोन्नत हुने आधार तयार गरिएको छ ।

(घ) वाह्य सम्बन्धमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन्। नयाँ र एकीकृत परराष्ट्र नीति जारी गरिएको छ । भारतसँग आर्थिक र विकास साझेदारी सुदृढ भएको छ। सीमा वारपार पेट्रोलियम पाइपलाइन निर्माण, भूकम्पपछिको पुनर्निर्माण, जयनगर–जनकपुर–कुर्ता रेलमार्ग, वीरगञ्ज र विराटनगरमा एकीकृत जाँच चौकी, ३१५ किलोमिटर हुलाकी राजमार्ग जस्ता योजना सम्पन्न भएका छन् । चीनसँगको सम्बन्ध स्तरोन्नत भएर 'विकास र समृद्धिका लागि रणनीतिक साझेदारी' मा परिणत भएको छ । हिमालय वारपार बहुआयामिक सम्पर्क सञ्जालको रुपरेखा अन्तर्गत रेलमार्ग, सडक मार्ग, आर्थिक करिडोर, बन्दरगाह, हवाइ यातायात, ट्रान्समिसन लाइनका काम अगाडि बढेका छन् । पारवहन प्रोटोकलमा हस्ताक्षर भएको छ। नेपालले चीनका चारवटा

समुद्री तथा तीनवटा सुख्खा बन्दरगाहको उपयोग गर्न पाउने सुनिश्चित भएको छ । २३ वर्षको अन्तरालमा चीनका राष्ट्रपतिले नेपाल भ्रमण गर्नुभएको छ । लामो अन्तरालपछि नेपालको तर्फबाट बेलायत, फ्रान्स, जापान, अमेरिका, रुस, कतार, बङ्गलादेश, म्यान्मार लगायत राष्ट्रमा उच्चतहका भ्रमण भएका छन्, सम्बन्ध थप सुदृढ भएको छ । संयुक्त राष्ट्र सङ्घको मानव अधिकार परिषद् तथा महिला विरुद्ध भेदभाव उन्मूलन सम्बन्धी समितिमा नेपाल पुनर्निर्वाचित भएको छ । विश्व आर्थिक मञ्च, अक्सफोर्ड विश्वविद्यालय, एसिया सोसाइटी लगायत प्रतिष्ठित विश्व मञ्च र प्राज्ञिक संस्थामा नेपाल आमन्त्रित भएको छ । नेपालको छवि, भूमिका र सक्रियता विश्व मञ्चमा बढ्दै गएको छ । शान्ति स्थापना, लैङ्गिक समानता, समावेशी लोकतन्त्र र भूकम्पपछिको पुनर्निर्माण जस्ता क्षेत्रमा नेपालले हासिल गरेका उपलब्धिप्रति आकर्षण बढेको छ । लगानी–मैत्री वातावरण निर्माण गर्न भएका राजनीतिक, कानुनी र संरचनागत सुधारले विदेशी लगानीमा वृद्धि भएको छ । जलवायु परिवर्तनका क्षेत्रमा नेपालले उठाएका विषयमा विश्वको गंभीर ध्यानाकर्षण भएको छ । निश्चित उद्देश्य र छोटो समयका लागि स्थापना गरिएका तर काम सकिएर पनि बिना प्रयोजन लामो समय सञ्चालनमा रहिरहेका विराटनगरस्थित भारतीय फिल्ड अफिस र संयुक्त राष्ट्र सङ्घको राजनीतिक मामला सम्बन्धी विभागको सम्पर्क कार्यालय बन्द गरिएको छ ।

(ङ) भारतले नेपालका कालापानी, लिपुलेक र लिम्पियाधुरालाई समेत मिलाएर नयाँ नक्सा प्रकाशन गरेपछि नेपालका तर्फबाट औपचारिक विरोध गर्दै ती भूभागमाथि आफ्नो स्वामित्व स्पष्ट पारिएको छ । समस्याको समाधान वार्ताको माध्यमबाट गर्ने प्रयासलाई वेवास्ता

*भारतले नेपालका कालापानी, लिपुलेक र लिम्पियाधुरालाई समेत मिलाएर नयाँ नक्सा प्रकाशन गरेपछि नेपालका तर्फबाट औपचारिक विरोध गर्दै ती भूभागमाथि आफ्नो स्वामित्व स्पष्ट पारिएको छ । ... नेपालले आफ्ना भूभाग समेटेर प्रशासनिक–राजनीतिक नक्सा प्रकाशन गरेको छ ।*

गर्दै एकतर्फी निर्णय गरिँदै गएपछि नेपालले आफ्ना भूभाग समेटेर प्रशासनिक–राजनीतिक नक्सा प्रकाशन गरेको छ । सर्वसम्मत रुपमा संविधान संशोधन गरेर नेपालको निशान छापमा नयाँ नक्सा समावेश गरिएको छ । गतः माघमा सम्पन्न नेपाल–भारत संयुक्त आयोगको छैटौँ बैठकमा यो विषय औपचारिक एजेण्डाका रुपमा समावेश भएको छ । नेपालले आफ्नै प्राविधिक जनशक्तिका बलमा सगरमाथाको उचाइ मापन गरेको छ । गएको मङ्सिरमा चीन सरकारसँग समन्वय गरेर संयुक्त रुपमा सगरमाथाको उचाइ (८,८४८.८६ मी) घोषणा गरिएको छ । नेपालको आफ्नै पहिलो भूउपग्रह (न्यानो– स्याटलाइट) अन्तरिक्षमा स्थापना गरिएको छ ।

(च) भौतिक विकासको रफ्तार बुझाउन एउटा तथ्य उल्लेख गर्नु सान्दर्भिक हुने छ। सरकार सञ्चालनको तीन वर्षको सरदर उपलब्धि हेर्दा–

- प्रतिदिन ५ किमी भन्दा बढी कालोपत्र सडक निर्माण भएको छ ।
- प्रतिदिन दिन कम्तिमा १२ जनता आवास भवन निर्माण गरिएको छ ।

- प्रतिदिन दिन सरदर एक भन्दा बढी झोलुङ्गे पुल निर्माण भएको छ ।
- हरेक दोश्रो दिन कम्तिमा एउटा सडक पुल निर्माण भएको छ ।
- हरेक तेश्रो दिन सरदर एउटा ग्रामीण पुल निर्माण भएको छ ।

यस अवधिमा सङ्घ, प्रदेश र स्थानीय तह सहितका निकायबाट निर्मित कालोपत्रे सडकको लम्बाई ५ हजार ४९८ किलोमिटर पुगेको छ । ७२ जिल्ला  कालोपत्रे सडकबाट जोडिएका छन् भने सडकले जोडिएका गाउँपालिका केन्द्रको संख्या ७२४ पुगेको छ । सातवटै प्रदेशका २१० स्थानीय तहलाई राजमार्गसँग जोड्ने सडक र १६५ निर्वाचन क्षेत्रमा रणनीतिक सडक निर्माण कार्यको थालनी भएको छ। (गठबन्धन सरकारले यी कार्यक्रमलाई रद्द गरेको छ ।)  ग्राभेल सडकको लम्बाइ ८,४१९ किलोमिटर र कच्ची सडकको लम्बाइ ९,१०९ किलोमिटर पुगेको छ । विस्थापित तुइनको संख्या १३० र झोलुङ्गे पुल १ हजार ४२३ नाघेको छ। नागढुङ्गा–नौबिसे सुरुङ मार्गको निर्माण कार्य आरम्भसँगै नेपाल सुरुङ मार्गको चरणमा प्रवेश गरेको छ ।

(छ) भूकम्पपछिको पुनर्निर्माणमा नेपालले उदाहरणीय प्रगति गरेको छ। यस अवधिमा थप ४,६१,६४८ निजी आवास निर्माण सम्पन्न भएका छन्। सरकारी भवन ९५ प्रतिशत र सुरक्षा निकायका भवन ९६ प्रतिशत सम्पन्न भएका छन् । निर्माणाधीन ७ हजार ५५३ मध्ये ६,०८५ विद्यालय भवन र ६९८ स्वास्थ्य संस्थाको निर्माण सम्पन्न भएको छ। रानीपोखरी, दरबार हाइस्कूल, सिंहदरबार समेत ५६५ सम्पदा निर्माण पूरा भएको छ । ४ हजार ७ सय २० परिवारलाई जोखिमयुक्त बस्तीबाट सुरक्षित स्थानमा स्थानान्तरण  गरिएको छ भने १२ हजार २८४ भूमिहीनलाई यथास्थानमा बसोबास गर्न जग्गा खरिद गरिएको छ।

*तराइ–मधेसको समृद्धिको 'गेमचेञ्चर' को रूपमा रहेको सुनकोसी–मरिन डाइभर्सनको काम शुभारम्भ भएको छ भने भेरी– बबई डाइभर्सनको सुरुङ निर्माण सम्पन्न भएको छ । शारदा नहरबाट नेपालले पाउनु पर्ने १० क्युमेक्स पानीबाट चाँदनी–दोधारामा सिंचाई गर्ने परियोजना आरम्भ गरिँदै छ । थप ९८७ किलोमिटर जनताको तटबन्ध निर्माण भएको छ ।*

२०७५ चैत १७ गते राती बारा र पर्सा जिल्लामा आएको हावाहुरी र चक्रवात आँधीका कारण विस्थापित बस्तीमा द्रूत गतिमा ८६९ घरको निर्माण गरी हस्तान्तरण गरिएको छ । भूमि सम्बन्धी समस्या समाधान आयोग गठन गरी दुई वर्षभित्र मुलुकभित्र कोही पनि भूमिहीन नरहने गरी कामलाई तीव्रता दिइएको छ (गठबन्धन सरकारले आयोग विघटन गरेर सुकुम्बासीहरूका अधिकारमाथि आघात पुऱ्याएको छ)।

(ज) ३३३ मेगावाट थप उत्पादन भएर कुल जडित विद्युत् क्षमता १,४३० मेगावाट पुगेको छ। माथिल्लो तामाकोशी आयोजना सञ्चालनमा आएको छ। विद्युत् प्रसारण लाइनमा ८३७ किलोमिटर थपिएर ४ हजार २५१ किलोमिटर पुगेको छ। विद्युत्मा पहुँच पुग्ने जनसङ्ख्या ९० प्रतिशत र प्रतिव्यक्ति विद्युत् खपत प्रतिघण्टा ११० किलोवाटबाट २६० किलोवाट पुगेको छ । विद्युत् चुहावट २५ प्रतिशतबाट १५. ३ मा झरेको छ । ढल्केबरमा देशकै सबभन्दा ठूलो ४०० केभी क्षमताको तथा म्याग्दी/पर्वतमा २२० केभी क्षमताको दोस्रो ठूलो विद्युत् सब–स्टेशनको उद्घाटन भएको छ । काठमाडौंबाट विद्युतका तारलाई भूमिगत गर्ने काम सुरु गरिएको छ । तराई–मधेसमा ३० हजार हेक्टर सिंचाइ सुविधामा विस्तार भएको छ । तराइ–मधेसको समृद्धिको 'गेमचेञ्चर' को रुपमा

रहेको सुनकोसी–मरिन डाइभर्सनको काम शुभारम्भ भएको छ भने भेरी–बबई डाइभर्सनको सुरुङ निर्माण सम्पन्न भएको छ । शारदा नहरबाट नेपालले पाउनु पर्ने १० क्युमेक्स पानीबाट चाँदनी–दोधारामा सिंचाई गर्ने परियोजना आरम्भ गरिंदै छ । थप ९८७ किलोमिटर जनताको तटबन्ध निर्माण भएको छ ।

(झ) यस अवधिमा आयात १२.१ प्रतिशतले घटेको छ भने निर्यात ४.५ प्रतिशतले बढेको छ । कूल गार्हस्थ उत्पादनको अनुपातमा व्यापार घाटा ९ प्रतिशतले घटेको छ । लगानी बोर्डमार्फत करिब रु १४ खर्ब र उद्योग विभागमार्फत करिब रु १ खर्ब लगानी प्रतिवद्धता प्राप्त भई तीन खर्बभन्दा बढी लगानीको सम्झौता नै भइसकेको छ । धौवादीको फलाम खानीबाट फलामको व्यवसायिक उत्पादनको कार्यारम्भ गरिएको छ। दैलेखमा पेट्रोलियम खानी र बैतडीमा फस्फोरस खानीको अन्वेषण जारी छ ।

(ञ) दक्षिण एसियामा नेपाल पहिलो खुला दिसामुक्त मुलुक घोषणा भएको छ। आधारभूत स्तरको सरसफाइको पहुँच शतप्रतिशत जनसंख्यामा र आधारभूत खानेपानीमा पहुँच ९१ प्रतिशत जनतामा पुगेको छ। मेलम्ची आयोजना सम्पन्न भएर काठमाडौं उपत्यकामा खानेपानी वितरण सुरु भएको छ । काठमाडौ उपत्यका बाहिर थप २ लाख ५० हजार जनसङ्ख्यालाई स्वच्छ खानेपानी उपलव्ध गराइएको छ ।

(ट) फोर–जी सेवा ७७ जिल्लामा विस्तार भएको छ। इन्टरनेट ग्राहक घनत्वमा ५१.२ प्रतिशतबाट ८०.१ प्रतिशत पुगेको छ । ३१ जिल्लामा निःशुल्क इन्टरनेट सुविधा उपलब्ध गराइएको छ। सुशासनका लागि 'डिजिटल नेपाल' अन्तरगत विभिन्न सरकारी सेवामा अनलाइन, डिजिटल एप्स र डिजिटल भुक्तानीको व्यवस्था सुरु भएको छ ।

*विभिन्न आठ प्रकारका सामाजिक सुरक्षा भत्ता पाउनेको सङ्ख्या ३० लाख ६० हजार पुगेको छ । मासिक रु. १००/ बाट सुरु गरिएको जेष्ठ नागरिक भत्ता दैनिक रु. १३३/ पुऱ्याइएको छ । ज्येष्ठ नागरिकको लागि १ लाखसम्मको निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिएको छ ।*

(ठ) ४० वर्षपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग पुनःनिर्माण सम्पन्न भएको छ । आठवटा विमानस्थल रात्रिकालीन उडान गर्न सक्ने र ३६ विमानस्थललाई बाह्रै महिना सञ्चालन हुने गरी व्यवस्थित गरिएको छ। पोखरा र भैरहवा विमानस्थल निर्माण अन्तिम चरणमा पुगेको छ ।

(ड) ३९६ पालिकाहरूमा एकैसाथ न्यूनतम पाँच शैयादेखि पन्ध्र शैयाका आधारभूत अस्पताल निर्माण सुरु भएको छ। स्वास्थ्य विमामा २५ लाख १० हजार नागरिकलाई समेटिएको छ। मृगौला, मुटु, क्यान्सर जस्ता गंभीर रोगबाट पीडितलाई उपचारमा सहुलियत बढाइएको छ। क्वारेन्टिन, आइसोलेशन लगायत कोभिडको परीक्षण र उपचारका समग्र प्रक्रिया निशुल्क गरिएको छ । पीसीआर परीक्षण ल्याब संख्या शून्यबाट ८३ पुऱ्याइएको छ भने अस्पताल र स्वास्थ्य चौकीमा आइसियु र भेण्टिलेटर क्षमतामा उल्लेख्य वृद्धि भएको छ। सरकारको नेतृत्व छोड्नु अघि नै सबै नागरिकलाई पुग्ने खोपको प्रबन्ध गर्दै निःशुल्क खोप सुनिश्चित गरिएको छ । खोप अभियान सुरु गर्ने नेपाल दक्षिण एसियामै दोस्रो मुलुक बन्न पुगेको छ ।

(ढ) आधारभूत तहको विद्यार्थी भर्नादर बढेको छ । बीचैमा पढाइ छाड्ने विद्यार्थी संख्यामा कमी आएको छ । प्राविधिक शिक्षाको विकासमा विशेष जोड दिइएको छ। विश्वविद्यालयहरूमा अनुसन्धानमुलक शिक्षामा उल्लेख्य वृद्धि भएको छ ।

(ण) सामाजिक सुरक्षा प्रणालीलाई जीवन–चक्र आधारित बनाइएको छ । विभिन्न आठ प्रकारका सामाजिक सुरक्षा भत्ता पाउनेको सङ्ख्या ३० लाख ६० हजार पुगेको छ । मासिक रु. १००/ बाट सुरु गरिएको जेष्ठ नागरिक भत्ता दैनिक रु. १३३/ पुर्‍याइएको छ । ज्येष्ठ नागरिकको लागि १ लाखसम्मको निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिएको छ । योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकृत हुने संस्थाहरू १५ हजार ४ सय र योगदान गर्ने श्रमिकहरू २ लाख ८३ हजार भन्दा बढी पुगेका छन् । द्वन्द्वमा घाइते हुनेका लागि निःशुल्क उपचारको व्यवस्थाका साथै विभिन्न आन्दोलन र संघर्षका योद्धाहरूलाई ‘लोकतन्त्रका योद्धा’ सम्मान र परिचय–पत्रको व्यवस्था सुरु गरिएको छ । सडक बालबालिका, सडक मानव, विस्थापित र बेसहारा जेष्ठ नागरिकको पुनस्र्थापना गरिएको छ । एसिड आक्रमण जस्तो गंभीर अपराधलाई कठोर दण्डनीय बनाइएको छ ।

(त) दक्षिण एसियाली खेलकुदको भव्य आयोजना गरिएको छ भने त्यसमा नेपाली खेलाडीहरूको प्रदर्शन उत्कृष्ट रहेको छ ।

(थ) यस अवधिमा भ्रष्टाचार, राजश्व चुहावट र सम्पत्ति शुद्धीकरण अन्तर्गत ४८ अर्ब १० करोड बिगो दाबी सहित ७३६ मुद्दा दर्ता गरिएका छन् । अख्तियारबाट गतः आर्थिक वर्षमा मात्रै रु. २५३. ७ करोड बिगो दावीसहित ४४१ मुद्दा चलाइएको छ। सिरहा, सर्लाही र बर्दिया

*योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकृत हुने संस्थाहरु १५ हजार ४ सय र योगदान गर्ने श्रमिकहरु २ लाख ८३ हजार भन्दा बढी पुगेका छन् । द्वन्द्वमा घाइते हुनेका लागि निःशुल्क उपचारको व्यवस्थाका साथै विभिन्न आन्दोलन र संघर्षका योद्धाहरुलाई 'लोकतन्त्रका योद्धा' सम्मान र परिचय–पत्रको व्यवस्था सुरु गरिएको छ ।*

जिल्लाको ३०१ बिघा सरकारी र सार्वजनिक जग्गा फिर्ता गराइएको छ । काठमाडौंको ललिता निवासको १३६ रोपनी जग्गा हडप्ने कार्य विरुद्ध मुद्दा जारी छ । मातातीर्थको करीब १७४ रोपनी जग्गा र धरानको सर्दु जलाधार क्षेत्रको जमिनमा भएको अनियमितताको छानबिन भइरहेको छ ।

(द) यस अवधिमा–

- प्रतिव्यक्ति आय (अमेरिकी डलरमा) १,१९६ पुगेको छ ।
- निरपेक्ष गरिबीको रेखामुनिका जनसङ्ख्या (प्रतिशत) २१.६ बाट १८.७ मा झरेको छ ।
- बहुआयामिक गरिबी सूचकाङ्क ३०.१ बाट १७.४ मा झरेको छ ।
- मानव विकास सूचकाङ्क ०.५७९ बाट ०.६०२ पुगेको छ ।
- श्रमिकको न्यूनतम पारिश्रमिक रु. ९ हजार ७ सयबाट १५ हजार पुगेको छ।

न्यूनतम पारिश्रमिकमा रु. ५,२०० ले वृद्धि हुनु र महङ्गी सापेक्षित नियन्त्रणमा नै रहनुले पनि श्रमिकहरूको वास्तविक ज्यालामा गिरावट आउन पाएको छैन । तर कोभिड–१९ महामारीले हाम्रो अर्थतन्त्रमा

उल्लेखनीय क्षति पुऱ्याएको छ । सरकार सञ्चालनको पहिलो २ वर्ष ७ प्रतिशतको हाराहारीमा रहेको आर्थिक वृद्धि कोभिडकै कारण तेस्रो वर्षमा आइपुग्दा २ प्रतिशत ऋणात्मक हुन पुग्यो । आर्थिक वृद्धिको यस ऋणात्मक प्रवृत्तिले ३ वर्षको मिहेनतबाट झारिएको गरिबी केही बढाएको आशङ्का गरिएको छ ।

(ध) यस अवधिमा हाम्रो नेतृत्वमा रहेका प्रदेश सरकारहरूले महत्वपूर्ण काम गरेका छन् । सङ्घीयताको पहिलो अभ्यास र कुनै पूर्वाधार नभएको अवस्थाबाट सुरु गरेर प्रदेशको आवधिक योजना निर्माण गर्ने, प्रदेशको नामाकरण र राजधानीको विषय टुङ्गो लगाउने काम मूलतः सम्पन्न भएका छन् । प्रादेशिक सडक र पुल लगायत भौतिक पूर्वाधारमा उल्लेख्य उपलब्धि हासिल भएको छ भने स्वास्थ्य पूर्वाधारमा ठूलो फड्को मारिएको छ । कोभिड महामारीमा प्रदेश सरकारहरूले जनताको नजिकमा रहेर सेवा पुऱ्याएका छन् । एक घर एक धारा, हरेक घरधुरीमा बिजुली पुऱ्याउने जस्ता अभियान चलाएका छन् । प्रादेशिक विश्वविद्यालय, स्वास्थ्य विज्ञान प्रतिष्ठान, मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम, सामूहिक खेती, पुराना गढी र स्मारकहरूको संरक्षण लगायत महत्वपूर्ण काम गरेका छन् । यी कामहरूमार्फत् सङ्घीयताको औचित्य पुष्टि र प्रदेश सरकारहरूको महत्व स्थापित गर्ने काम भएको छ ।

(न) स्थानीय तहमा पार्टीका तर्फबाट विजयी जनप्रतिनिधिमध्ये धेरैले जनताको मन जित्ने गरी काम गरेका छन् । स्थानीय स्वायत्त शासनको अनुभूति दिलाएका छन् । सरकारी सेवालाई जनताको घर आँगनमै पुऱ्याउन तथा स्थानीय आवश्यकता अनुरुपका विकास निर्माणका कामलाई अगाडि बढाउन स्थानीय जनप्रतिनिधिहरूको भूमिका

*प्रादेशिक सडक र पुल लगायत भौतिक पूर्वाधारमा उल्लेख्य उपलब्धि हासिल भएको छ भने स्वास्थ्य पूर्वाधारमा ठूलो फड्को मारिएको छ । कोभिड महामारीमा प्रदेश सरकारहरूले जनताको नजिकमा रहेर सेवा पुर्‍याएका छन् । एक घर एक धारा, हरेक घरधुरीमा बिजुली पुर्‍याउने जस्ता अभियान चलाएका छन् ।*

महत्वपूर्ण रहेको छ । स्थानीय तहहरूको प्रभावकारी भूमिकाले कोभिड नियन्त्रणमा ठूलो मद्दत पुगेको छ। नेकपा (एमाले)का जनप्रतिनिधि रहेका स्थानीय तहहरूको काम अन्यको तुलनामा उल्लेख्य छन् ।

पार्टीभित्र जारी अस्वस्थ स्थितिले केन्द्रमा सरकारका कामलाई जसरी गंभीर रुपमा प्रभावित गरे, त्यसरी नै लामो समयसम्म प्रदेश तथा स्थानीय तहमा कमिटीविहीन अवस्था उत्पन्न हुँदा प्रदेश सरकार र स्थानीय तहका कामहरू प्रभावित हुन पुगे । यसले गर्दा संस्थागत निर्णय प्रक्रिया, पार्टी र सरकार/स्थानीय तहका काममा आवश्यक समन्वय, सरकारका उपलव्धिको अपनत्व लिने र त्यसलाई जनताबीच स्थापित गर्ने सन्दर्भमा पार्टीको भूमिकामा कमजोरी र समस्या पनि देखा परे ।

मुलुकले हासिल गरेको आर्थिक विकासमा प्रदेश र स्थानीय तहहरूको महत्वपूर्ण भूमिका छ । अब प्रत्येक पार्टी कमिटीहरूले आफ्नो स्तरका सरकारहरूका कार्यसम्पादनको समग्र समिक्षा गर्नु पर्छ । रहेका कमीहरू हटाउन रचनात्मक सहयोग गर्नु पर्छ । प्राप्त उपलव्धिहरूलाई जनताका बीचमा स्थापित गर्नु पर्छ । अझ प्रभावकारी भूमिकाका लागि प्रोत्साहन गर्नु पर्छ ।

## ६. अदालतको फैसला र गठबन्धन सरकार

२०७७ फागुन ११ गते सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनस्थापना गरेपछि पार्टीले उक्त निर्णयलाई कार्यान्वयन गऱ्यो र प्रतिनिधिसभा भित्रैबाट राजनीतिक स्थायित्व खोज्ने प्रयास गऱ्यो ।

सर्वोच्चको अर्को फैसलाले नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) पुरानै अवस्थामा फर्केपछि धारा ७६ (१) को सरकार धारा ७६ (२) मा रुपान्तरित भएको थियो । यो अन्यौललाई स्पष्ट पार्न प्रधानमन्त्रीका तर्फबाट २०७८ वैशाख २७ गते प्रतिनिधिसभामा विश्वासको मत माग्ने प्रस्ताव प्रस्तुत भयो । उक्त प्रस्ताव पार्टीका २८ जना सांसदहरूको अनुपस्थितिका कारण विफल भयो । राष्ट्रपतिका तर्फबाट ७६ (२) को अर्को सरकार बनाउन दिइएको ३ दिनको समयसीमाभित्र पनि सरकार बन्न सकेन । दलहरू बीचको तिक्तता र ध्रुवीकरण, दलहरू भित्रैका अन्तरद्वन्द्व एवं स्वार्थप्रेरित गतिविधिले प्रतिनिधिसभा न विद्यमान सरकारलाई समर्थन नै गर्न सक्ने, न त वैकल्पिक सरकार नै दिन सक्ने गरी अकर्मण्य बन्न पुग्यो ।

संविधानको धारा ७६ (३) बमोजिम २०७८ वैशाख ३० गते अल्पमतको सरकार गठन भयो । तर दलहरू बीचको सम्बन्धमा तात्विक अन्तर आउन सकेन । पार्टीभित्रको समस्या पनि समाधान हुन सकेन । सरकारले विश्वासको मत पाउन सक्ने ठोस आधार देखिएन । यस्तो पृष्ठभूमिमा प्रधानमन्त्रीका तर्फबाट मार्गप्रशस्त गर्दै संविधानको धारा ७६ (५) अनुसार सरकार बनाउन २०७८ जेठ ६ गते राष्ट्रपति समक्ष सिफारिस भयो ।

*मुलुकले अवलम्बन गरेको बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, राजनीतिक दल सम्बन्धी संविधानको व्यवस्था र प्रचलित कानुन अनुसार शेरबहादुर देउवाको पक्षमा पेश गरिएका नेकपा (एमाले) र जसपाका सांसदहरूको हस्ताक्षर अनधिकृत र गैरकानुनी थिए ।*

त्यसबीच जनता समाजवादी पार्टीले आफ्नो पूर्व मान्यतामा पुनर्विचार गर्‍यो । उसले धारा ७६ (५) अनुसार केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनाउन पार्टी र संसदीय दल दुबैको संस्थागत समर्थनको पत्र हस्तान्तरण गर्‍यो । विकसित परिस्थिति अनुसार नेकपा (एमाले) का १२१ र जसपाका ३२ सांसदहरूको समर्थनको आधारसहित केपी शर्मा ओलीका तर्फबाट प्रधानमन्त्रीमा दाबा प्रस्तुत गरियो । शेरबहादुर देउवाका तर्फबाट नेपाली काङ्ग्रेस, माओवादी केन्द्र र राजमोको संस्थागत निर्णयका अतिरिक्त नेकपा (एमाले) का २६ र जसपाका १२ जना सांसदहरूको हस्ताक्षर सहितको दाबी प्रस्तुत भयो ।

मुलुकले अवलम्बन गरेको बहुदलीय प्रतिष्पर्धात्मक लोकतान्त्रिक प्रणाली, राजनीतिक दल सम्बन्धी संविधानको व्यवस्था र प्रचलित कानुन अनुसार शेरबहादुर देउवाको पक्षमा पेश गरिएका नेकपा (एमाले) र जसपाका सांसदहरूको हस्ताक्षर अनधिकृत र गैरकानुनी थिए । पार्टीहरूलाई विवादित, द्वन्द्वग्रस्त र विभाजित गराउने सुनियोजित प्रयासस्वरुप यी क्रियाकलाप गरिएका थिए। राष्ट्रपतिले प्रधानमन्त्रीमा दुबै उम्मेदवारका दाबीलाई अस्वीकार गर्नुभयो । ७६ (५) अनुसार सरकार बन्न नसके पछि संवैधानिक दायित्व निर्वाह गर्दै सरकारले संविधानको धारा ७६ (७) अनुसार

प्रतिनिधिसभा विघटन गर्ने बाध्यात्मक निर्णय गर्‍यो। २०७८ कार्तिक र मङ्सिरमा निर्वाचनको मिति तोकियो ।

यस्तो अवस्था पार्टीहरू बीच चुलिएको अन्तरविरोध एवं नेकपा (एमाले) भित्र सुरु भएर पार्टीको दायरा बाहिर पुगेको अन्तरद्वन्द्वको परिणाम थियो । तर यसको समाधान कानुनी हिसाबमा खोज्ने काम भयो । अदालतमा दर्जनौं मुद्दा हालिए । गएको असार २८ गते सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गर्ने आदेश मात्रै जारी गरेन, शेरबहादुर देउवालाई समय तोकेरै प्रधानमन्त्री नियुक्त गर्न परमादेश नै जारी गर्‍यो ।

सर्वोच्च अदालतको फैसला संविधानको अपव्याख्यामाथि आधारित छ । त्यसबाट सिर्जित नयाँ परिस्थिति विभिन्न शक्ति केन्द्रको स्वार्थका खातिर मुलुकको सामाजिक–आर्थिक रुपान्तरणको अभियानलाई अवरुद्ध गर्ने, उल्ट्याउने र राष्ट्रलाई अस्थिरता एवं द्वन्द्वको भुँवरीमा धकेल्नतिर लक्षित छ । फैसलाले कम्युनिष्ट आन्दोलन, लोकतान्त्रिक प्रणाली, संवैधानिक व्यवस्था र जनताको सर्वोच्चतामाथि चुनौती खडा गरेको छ । निम्न कारणहरूले फैसला त्रुटिपूर्ण र गलत छ–

- यसले नेपालको संविधानको अक्षर र भावना, बहुलवादमा आधारित बहुदलीय प्रतिष्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली, शक्ति पृथकीकरण एवं नियन्त्रण र सन्तुलनको सिद्धान्त तथा सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको संविधानको आधारभूत प्रस्थापनामाथि आँच पुर्‍याएको छ ।
- मुलुकको सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा निहित रहेको छ । जनतामा निहित यो सार्वभौमसत्ता र राजकीयसत्ता अभिव्यक्त

*सर्वोच्च अदालतको फैसला संविधानको अपव्याख्यामाथि आधारित छ । त्यसबाट सिर्जित नयाँ परिस्थिति विभिन्न शक्ति केन्द्रको स्वार्थका खातिर मुलुकको सामाजिक–आर्थिक रूपान्तरणको अभियानलाई अवरुद्ध गर्ने, उल्ट्याउने र राष्ट्रलाई अस्थिरता एवं द्वन्द्वको भुँवरीमा धकेल्नातिर लक्षित छ ।*

हुने महत्वपूर्ण माध्यम भनेकै आवधिक निर्वाचन मार्फत् जनताका प्रतिनिधिहरू चयन हुनु र उनीहरूमार्फत् मुलुकको शासन व्यवस्था सञ्चालित हुनु हो। फैसलाले ताजा जनादेशका लागि जनतामा जाने निर्णयलाई 'निरङ्कुश' भनेर आरोपित गरेर जनताको सार्वभौम अधिकारलाई कुण्ठित गरेको छ ।

- लोकतन्त्रका आधारस्तम्भका रुपमा रहेका राज्यका तीनवटा अङ्गबीचको सन्तुलन सर्वोच्च अदालतको यो फैसलाले नराम्रोसँग खलबल्याएको छ । प्रधानमन्त्री चयन गर्ने संसदको अधिकार एवं नियुक्त गर्ने राष्ट्रपतिको अधिकारलाई कुण्ठित गरेर अदालतको आदेशबाट प्रधानमन्त्री नियुक्त हुने अत्यन्त गलत नजीर स्थापित गरेको छ। धारा ७६ (५) अनुसार दाबा प्रस्तुत गर्ने व्यक्तिले विश्वासको मत पाउन सक्ने आधार छ कि छैन भन्ने परीक्षण गर्ने अधिकार राष्ट्रपतिको हो। तर यसलाई पनि आघात पुर्‍याइएको छ ।

- विचारधारा, दर्शन र कार्यक्रम मिल्ने व्यक्तिहरू मिलेर दल खोल्न पाउने, त्यस्ता दल आफ्ना कार्यक्रम लिएर जनताबीच जाने र जन्मजात श्रेष्ठताको सामन्ती परम्पराका आधारमा होइन, जनताबाट

अनुमोदित दल या दलहरूले मुलुकको शासन सञ्चालन गर्ने प्रणाली स्थापना गर्न हामीले विगत आठ दशकदेखि बलिदानी सङ्घर्ष गर्दै आएका छौं । पार्टी स्वतन्त्रता र बहुदलीय पद्धतिको स्थापना नेपालको लोकतान्त्रिक आन्दोलनको प्रमुख माग रहँदै आएको छ। निर्वाचनमा दलले व्यक्तिलाई उम्मेदवारको रुपमा मनोनयन गर्ने, जनताले दलका उद्देश्य, घोषणापत्र र काम हेरेर आफ्नो अभिमत प्रकट गर्ने एवं त्यसरी निर्वाचित दल/दलहरूले बहुमतका आधारमा सरकार सञ्चालन गर्ने प्रणाली हाम्रो लोकतन्त्रको प्रमुख विशेषता हो । तर पार्टीबाट उम्मेदवार बनेका र दलको चुनावचिह्न एवं घोषणापत्रका आधारमा जनताले निर्वाचित गरेका प्रतिनिधिले सरकार बनाउने बेलामा चाहिँ जो कसैलाई समर्थन गर्न सक्ने, जो कसैलाई भोट हाल्न सक्ने, फ्लोर क्रस गर्न पाउने र त्यसो गर्दा दलको कुनै ह्वीप नलाग्ने, उनीहरूमाथि कुनै कार्बाही नहुने भन्ने अदालतको व्याख्या हाम्रो दशकौं लामो सङ्घर्ष, दलीय आस्थाका लागि चुकाएको मूल्य र दलीय प्रणालीको आधारभूत प्रस्थापनामाथिको ठाडो प्रहार हो। एउटै दलका सदस्यहरू सत्ता र प्रतिपक्ष बन्ने परिकल्पना कुनै पनि लोकतान्त्रिक प्रणालीले गर्दैन।

- राजनीतिक प्रश्नहरूको फैसला गर्ने मुख्य जिम्मेवारी राजनीतिक दलहरूको हो, सार्वभौमसत्तासम्पन्न जनताको हो। त्यसैले राजनीतिक प्रश्न जोडिएका मुद्दाहरूमा अदालत अधिकतम संयमित हुनु पर्छ । राजनीतिक प्रश्नमा प्रवेश नगर्ने भनेर विगतमा अदालत स्वयंले स्थापित गरेका नजिर पनि कायमै छन् । तर सन्दर्भ नै नउठेका, मागदाबी नै नभएका र संविधानले परिकल्पना नगरेका विषयमा समेत सर्वोच्च अदालत प्रवेश गरेको छ । यस्ता क्रियाकलापले अदालतको गरिमा, निष्पक्षता र स्वच्छतामा ह्रास ल्याएको छ,

*...तर सन्दर्भ नै नउठेका, मागदाबी नै नभएका र संविधानले परिकल्पना नगरेका विषयमा समेत सर्वोच्च अदालत प्रवेश गरेको छ । यस्ता क्रियाकलापले अदालतको गरिमा, निष्पक्षता र स्वच्छतामा ह्रास ल्याएको छ, दोहोरो मापदण्डका कारण संस्थाको विश्वसनीयतामाथि प्रश्न उठेको छ ।*

दोहोरो मापदण्डका कारण संस्थाको विश्वसनीयतामाथि प्रश्न उठेको छ ।

- निश्चित समूहहरूका स्वार्थ पूर्तिका लागि गरिएको राजनीतिक फैसला र संविधानको अपव्याख्याले सारमा संविधानको अप्रत्यक्ष संशोधन गरेको छ ।
- फैसलामा विभिन्न मुलुकका सैनिक शासनलाई सघाउने खालका कतिपय नजिरहरूलाई उद्धृत गरिएको छ । संसद विघटनलाई अनुचित साबित गर्न झुठा सन्दर्भको उल्लेख गरिएको छ । राष्ट्रपतिका अधिकारका सन्दर्भमा गलत प्रसङ्गहरूको सहारा लिइएको छ । निवेदकहरूले अनुकूल ठानेका न्यायाधीशहरू राख्ने र प्रतिकूल ठानेका न्यायाधीशहरूलाई हटाएर इजलास गठन गर्ने ‘सेटिङ‘को गलत र घातक अभ्यास सुरु भएको छ ।

नेकपा (एमाले) संविधानको सर्वोच्चता, विधिको शासन र स्वतन्त्र न्यायपालिकामाथि विश्वास गर्दछ । त्यसैले फैसलाका विभिन्न विषयमा हाम्रो आलोचना, विमति र गहिरो आशङ्काका बाबजुद पार्टीका तर्फबाट फैसला कार्यान्वयन गरिसकिएको छ । फैसलाबाट सिर्जित राजनीतिक विकृतिहरूको

मूल्य नेपालको लोकतान्त्रिक प्रणालीले भविष्यमा लामो समयसम्म चुकाउनु पर्ने छ । त्यसका परिणामहरू देखिन थालिसकेका छन् । फैसलाका गलत र हानीकारक विषयहरूलाई लिएर आफ्ना दृष्टिकोण, मान्यता र अवधारणाहरू स्पष्ट पार्न पार्टीले जनता माझ व्यापक बहस सञ्चालन गर्नु पर्छ । यसले सिर्जना गरेका नकारात्मक असर अन्त्य गर्न र दलीय प्रणालीको संरचना अक्षुण्ण राख्न संवैधानिक माध्यमबाट हाम्रा प्रयास जारी राख्नु पर्छ ।

जनादेशको सरकारलाई विस्थापन गरेर परमादेशबाट बनेको यस सरकारको सुरुवात नै जनहितका विरुद्ध, राष्ट्रिय हितका विरुद्ध र लोकतन्त्रका विरुद्धका निर्णयबाट भएको छ । भूमिसम्बन्धी आयोग विघटन गरेर यसले मुलुकका लाखौं भूमिहीन र सुकुम्बासीका आशा भरोसामा कुठाराघात गर्ने र जनविरोधी वर्गचरित्र प्रदर्शन गर्ने काम गरेको छ । २०७८ साउन १५ गते महाकाली नदी पार गर्ने क्रममा भारतीय सुरक्षाकर्मीहरूद्वारा तुइन चुँडाइएर जयसिंह धामी नदीमा बेपत्ता भएको अन्यन्त संवेदनशील विषयमा देखिएको सरकारको लाचारीपन र युद्धग्रस्त अफगानिस्तानबाट नेपालीहरू फर्काउने सबालमा अभिव्यक्त किंकत्र्तव्यविमुढताले राष्ट्रिय हितका प्रश्नमा यो सरकारको गैरजिम्मेवारीपन स्पष्ट भएको छ । दल विभाजन सम्बन्धी अध्यादेशले यसको अलोकतान्त्रिक चरित्र उजागर गरिदिएको छ भने स्रोत नखुलेको पुँजीलाई वैधता दिने सरकारको नीतिले यसको दलाल पुँजीवादी चरित्रलाई स्पष्ट पारेको छ । हाम्रो नेतृत्वको सरकारले सुरु गरेका सडक लगायत सयौं विकास परियोजनाहरू खारेज गरेर गठबन्धनले आफ्नो विकास विरोधी मुहार उदाङ्गो पारेको छ । पार्टीले यस्ता क्रियाकलापको सशक्त प्रतिवाद गर्नु पर्छ ।

*२०७८ साउन १६ गते महाकाली नदी पार गर्ने क्रममा भारतीय सुरक्षाकर्मीहरुद्वारा तुइन चुँडाइएर जयसिंह धामी नदीमा बेपत्ता भएको अत्यन्त संवेदनशील विषयमा देखिएको सरकारको लाचारीपन र युद्धग्रस्त अफगानिस्तानबाट नेपालीहरु फर्काउने सबालमा अभिव्यक्त किंकर्त्तव्यविमुढताले राष्ट्रिय हितका प्रश्नमा यो सरकारको गैरजिम्मेवारीपन स्पष्ट भएको छ ।*

## ७. अध्यादेश, संवैधानिक अङ्गहरूको भूमिका र पार्टी विभाजन

संसदको अधिवेशन चलिरहेको पृष्ठभूमिमा हठात् अधिवेशन अन्त्य गरेर सरकारले २०७८ भदौ १ गते केन्द्रीय समिति वा संसदीय दलमध्ये कुनैमा २० प्रतिशत पुऱ्याएर दल विभाजन गर्न सक्ने अध्यादेश जारी गऱ्यो । प्रमुख प्रतिपक्ष दललाई जसरी पनि विभाजित गर्ने दूषित मनशाय र संविधानको खुल्ला उल्लङ्घन गर्दै ल्याइएको यो अध्यादेश अलोकतान्त्रिक, असंसदीय र विकृत राजनीतिको भद्दा दृष्टान्त हो । एमाले विभाजनको दुराशयका साथ चालिएको कदमका दूरगामी नकारात्मक प्रभाव मुलुकको बहुदलीय प्रणालीमाथि पर्नेछन् ।

अनुशासनहीन र पार्टी विभाजनका गतिविधिमा सङ्लग्न भएको स्पष्ट आधार र प्रमाण सहित पार्टी केन्द्रीय कमिटीले १० जना केन्द्रीय सदस्यहरूसहित १४ जना प्रतिनिधिसभा सदस्यहरूलाई कार्बाही गरेको थियो । कार्बाहीको सूचना संसद् सचिवालयलाई तत्काल जानकारी गराइएको थियो । तर सभामुखबाट यस सम्बन्धमा कुनै प्रक्रिया अगाडि बढाइएन । दलहरूले गरेका कार्वाहीको सूचना तत्काल जारी गर्ने स्थापित अभ्यास

एवं कानुन विपरीत सूचना जारी नगरी थाँती राख्नु र निर्वाचन आयोगलाई विषय विचाराधीन रहेको छ भनेर पत्राचार गर्नुले सभामुख स्वयं नेकपा (एमाले) लाई विभाजन गराइछाड्ने योजनामा सङ्लग्न छन् भन्ने स्पष्ट हुन्छ । यो संसदीय अभ्यास र लोकतान्त्रिक प्रणालीको बर्खिलाफ छ । तटस्थ र संवैधानिक भूमिकामा रहनु पर्ने व्यक्ति/संस्थाहरूले विवादित भूमिका खेल्नु, दोहोरो मापदण्ड अपनाउनु र नेकपा (एमाले) को विभाजनमा सहयोगी बन्नु अस्वीकार्य विषय हो ।

निर्वाचन आयोगले पार्टीबाट सनाखतका क्रममा कार्बाही गरिएका सांसद/नेताहरूको समेत सङ्ख्या समावेश गर्नु, सुरुमा हस्ताक्षर नगरेका व्यक्तिको समेत सनाखत गर्नु र अनुपस्थितहरूलाई समेत सनाखतमा गणना गर्नु जस्ता काम गरेर आफ्नो स्वतन्त्र र संवैधानिक भूमिकाको उल्लङ्घन गरेको छ । दल विभाजनका लागि सहयोगी बन्न पुगेको छ ।

पार्टीले अदालत, निर्वाचन आयोग या सभामुख जस्ता संस्थाबाट भएका कानुन विपरीत गतिविधिको प्रतिवाद गर्नु पर्छ ।

संविधान, दलीय प्रणाली र संसदीय अभ्यासको धज्जी उडाउँदै जारी भएको अध्यादेशले केन्द्रीय कमिटी वा संसदीय दलमध्ये कुनैमा २० प्रतिशत पुर्‍याएर पार्टी विभाजन गर्न पाउने बाटो खोलेपछि नेकपा (एमाले) बाट अलगिएर केही  व्यक्तिहरूले नेकपा (एकीकृत समाजवादी) नामको समूह गठन गरेका छन् । लोकतान्त्रिक पार्टीको जीवनमा मत–मतान्तरहरू स्वाभाविकै हुन् । मतभिन्नता बढ्दै गएर तिनले अलग सिद्धान्त, विचार र कार्यदिशाको स्वरुप लिए भने अलग पार्टीका रुपमा सङ्गठित हुनु पनि अस्वाभाविक होइन । तर नेकपा (एमाले) बाट केही व्यक्तिहरूको यो बहिर्गमन र तिनीहरूबाट अलग समूह गठनका पछाडि कुनै सैद्धान्तिक,

*मतभिन्नता बढ्दै गएर तिनले अलग सिद्धान्त, विचार र कार्यदिशाको स्वरुप लिए भने अलग पार्टीका रुपमा सङ्गठित हुनु पनि अस्वाभाविक होइन । तर नेकपा (एमाले) बाट केही व्यक्तिहरुको यो बहिर्गमन र तिनीहरुबाट अलग समूह गठनका पछाडि कुनै सैद्धान्तिक, राजनीतिक या नीतिगत कारण, आधार छैन, तसर्थ विभाजनको पनि कुनै औचित्य छैन ।*

राजनीतिक या नीतिगत कारण, आधार छैन, तसर्थ विभाजनको पनि कुनै औचित्य छैन । यो त राष्ट्रियताको पहरेदार, लोकतन्त्रको आधारस्तम्भ र सामाजिक–आर्थिक रुपान्तरणको संवाहकका रुपमा रहेको नेकपा (एमाले) लाई जसरी पनि विभाजित गरी छाड्ने वृहत् योजनाको एउटा अङ्गको रुपमा घटित घटना हो । विभाजनका मुख्य योजनाकार माधव नेपाल नवौं राष्ट्रिय महाधिवेशनदेखि नै पार्टीका नीति र नेतृत्वका विरुद्ध अन्त्यहीन गुटबन्दी, किचलो र असहयोगमा सङ्लग्न थिए । २०७२–७३ मा सञ्चालित नेकपा (एमाले) नेतृत्वको सरकारलाई विस्थापित गर्ने भित्री योजनाकार थिए । नेकपा (एमाले) नेतृत्वको सरकारलाई जुनसुकै मूल्यमा अपदस्थ गर्न, प्रदेशहरूमा एमाले सरकारलाई विफल पार्न, पार्टीका उम्मेदवारहरूलाई पराजित गर्न र आन्दोलनलाई विपक्षीहरूको सेवामा समर्पित गर्न उनीहरूबाट भएका गतिविधि सार्वजनिक नै छन् । दस बुँदे प्रस्तावको कार्यान्वयन र पार्टी एकता जोगाउन प्रदर्शित अधिकतम लचकताका बाबजुद हरहालतमा पार्टी विभाजन गरी छाड्ने योजना स्पष्ट भएपछि पार्टीभित्रको अन्तरसङ्घर्षमा उनीहरूको साथमा रहनुभएका अधिकांश कमरेडहरू त्यसलाई अस्वीकार गरेर एकताको पक्षमा उभिनु भएको छ । यो स्वागतयोग्य निर्णय हो ।

निहित स्वार्थ, कुण्ठा र प्रतिशोधको जगमा उभिएको तथा विपक्षी शक्तिहरूको दुरुत्साहन र योजनामा जन्मिएको यस समूहप्रति पार्टीका अधिकांश नेता, कार्यकर्ता र आम जनताको आपत्ति, आक्रोश र तिरष्कार छ । आफ्नै पार्टीको सरकार अपदस्थ गरेर, उचाइमा पुगेको आन्दोलनलाई कमजोर गर्ने यस समूहका अवसरवादी, विभाजनकारी र आन्दोलन विरोधी चरित्रलाई जनस्तरसम्मै खण्डन, आलोचना र भण्डाफोर गर्नु पर्छ । आन्दोलनलाई समाप्त पार्ने योजनालाई विफल पार्नु पर्छ ।

## ८. पार्टीभित्र उत्पन्न समस्या र एकताका प्रयत्न

नेकपा (एमाले) को आन्तरिक जीवनमा विगत लामो समयदेखि अनावश्यक रुपमा समस्या, कटुता र असमझदारी पैदा हुँदै आयो । यसले पार्टीलाई गंभीर रुपले प्रभावित गर्दै ल्यायो । समस्याका समाधानका लागि अध्यक्ष लगायत नेतृत्व तहबाट औपचारिक र अनौपचारिक दुबै हिसाबले विभिन्न प्रयत्न पनि हुँदै आए । यसै सिलसिलामा २०७८ साल जेठ १ गते कार्यदल गठन भएको थियो । कार्यदलले लामो प्रयास र गहन छलफलपश्चात् असार २७ गते 'नेकपा (एमाले) मा विद्यमान समस्या समाधान सम्बन्धी प्रस्ताव' तयार गऱ्यो । असार २८ गते अध्यक्ष समक्ष प्रस्तुत उक्त सिफारिसलाई अध्यक्षकै प्रस्तावमा पार्टी स्थायी कमिटी र केन्द्रीय कमिटीले ग्रहण र अनुमोदन गर्दै कार्यान्वयनमा लैजाने निर्णय गरेको छ । यद्यपि आफ्नै सहमतिमा तयार पारिएको उक्त प्रस्तावलाई अस्वीकार गर्दै माधवकुमार नेपालसहितका कतिपय व्यक्तिहरू पार्टीबाट अलगिएको यथार्थसँग हामी परिचित नै छौं ।

*विभाजन होइन, एकीकरण र एकता नै नेकपा (एमाले) को संस्कार एवं परम्परा हो । आगामी दिनमा पनि पार्टीले यसका लागि प्रयास जारी राख्ने छ र नेकपा (एमाले) लाई नेपाली कम्युनिष्ट आन्दोलनको मात्र हैन, नेपालको राजनीति कै मूलधार र नेतृत्वदायी शक्तिका रुपमा थप सशक्त बनाउँदै लैजाने छ ।*

प्रस्तावलाई कार्यान्वयन गर्ने प्रक्रिया अनुरुप भदौ ८ गते पार्टी स्थायी कमिटीक र भदौ १० गते केन्द्रीय कमिटी बैठकमा बैठक आयोजना गरियो । बैठकमा कार्यदलका सदस्यहरू सहित पार्टी एकताको पक्षमा उभिनु भएका तर विगत केही समय यता बैठकहरूमा सहभागी नहुनु भएका कमरेडहरू समेतको सहभागिता थियो । यी बैठकहरूको विशेष महत्व छ ।

विभाजनको विपक्षमा र पार्टी एकताको रक्षाका लागि माओवादी केन्द्र पृष्ठभूमिका कमरेडहरू सहित विभिन्न नेताहरूको सकारात्मक योगदान रहेको छ । विभाजन होइन, एकीकरण र एकता नै नेकपा (एमाले) को संस्कार एवं परम्परा हो । आगामी दिनमा पनि पार्टीले यसका लागि प्रयास जारी राख्ने छ र नेकपा (एमाले) लाई नेपाली कम्युनिष्ट आन्दोलनको मात्र हैन, नेपालको राजनीति कै मूलधार र नेतृत्वदायी शक्तिका रुपमा थप सशक्त बनाउँदै लैजाने छ ।

लामो समयसम्म गतिहीन र अकर्मण्य जस्तो बनेको पार्टी जीवनलाई उर्जाशील बनाउन पार्टी सदस्यता नवीकरण गर्ने, नयाँ सदस्यता प्रदान गर्ने, स्थानीय तहका अधिवेशनहरू आयोजना गर्ने, राष्ट्रिय महाधिवेशनको तयारी गर्ने र पार्टीलाई वैचारिक रुपमा स्पष्ट, सङ्गठनात्मक हिसाबले चुस्त,

भावनात्मक रुपमा एकताबद्ध, जनतासँग घनिष्ट रुपमा आबद्ध एवं नयाँ चुनौतीहरूको सामना गर्न सक्षम एवं प्रतिबद्ध तुल्याउनु जरुरी छ ।

## ९. समाजवादको आधार निर्माणमा हाम्रो पहल

समाजवाद पार्टीको रणनीतिक लक्ष्य हो। यतिबेला भने हामी समाजवादका आधार निर्माण गर्ने चरणमा छौं। समाजवाद– उन्मुख राज्यप्रणालीको आधार निर्माण भनेको स्वयंमा समाजवादी क्रान्ति या समाजवादी व्यवस्थाको स्थापना होइन ।

समाजवाद निर्माणका लागि तदनुकुलको उत्पादक शक्ति र उत्पादन सम्वन्धको विकास गर्नुका साथै वितरण प्रणालीमा आम जनताको पहुँच स्थापित गर्नु अनिवार्य पूर्वशर्त हो । सशस्त्र सङ्घर्षको बाटोबाट क्रान्ति सम्पन्न भएका मुलुकहरूमा समाजवादी व्यवस्था स्थापना गर्दाका विशिष्ट खालका अनुभव छन् । ती मुलुकहरूमा जमिनको सामूहिकीकरण र उद्योगधन्धाहरूको राष्ट्रियकरण मार्फत् समाजवादका आधार तयार गरिएको देखिन्छ । राज्यसंयन्त्र र कर्मचारी प्रशासनलाई पूर्ण परिवर्तन गरेको देखिन्छ । यस प्रक्रियामा अवरोध गर्ने पक्षलाई राज्यले नियन्त्रणको विधि अपनाएर अगाडि बढेको पाइन्छ । लोकतान्त्रिक प्रतिष्पर्धा, शान्तिपूर्ण र संवैधानिक प्रक्रियाको बाटो तय गरेको हाम्रो मुलुकका लागि समाजवाद निर्माणका त्यस्ता अनुभवहरू जस्ताका तस्तै सान्दर्भिक हुन सक्दैनन् । हामीले समाजवाद निर्माणको आफ्नै विशिष्ट बाटो पहिल्याउनु पर्छ । यो कठिन, लामो र दृढ प्रयाश तथा सङ्कल्पबाट मात्र प्राप्त हुने छ । यस बाटोबाट अगाडि बढ्दा प्रतिक्रियावादी शक्तिहरूबाट अनेकौं अवरोध सिर्जना हुन सक्नेछन् । यसलाई परास्त गर्न हामीले धैर्य, संयम र

*हाम्रो सन्दर्भमा समाजवाद–उन्मुख राज्यव्यवस्था मूलतः लोककल्याणकारी चरित्रको, खुला, प्रतिस्पर्धी एवं आर्थिक–सामाजिक न्याय र समानतालाई आत्मसात गरेको अर्थ–राजनीतिक प्रणालीसहितको राज्यव्यवस्था हो ।*

सुझबुझका साथ अगाडि बढ्नु पर्ने छ । यो काम कठिन हो, तर असंभव भने होइन ।

हाम्रो सन्दर्भमा समाजवाद–उन्मुख राज्यव्यवस्था मूलतः लोककल्याणकारी चरित्रको, खुला, प्रतिस्पर्धी एवं आर्थिक–सामाजिक न्याय र समानतालाई आत्मसात गरेको अर्थ–राजनीतिक प्रणालीसहितको राज्यव्यवस्था हो । यस्तो राज्यव्यवस्था निर्माणका सम्बन्धमा हामीले निम्न तथ्य र यथार्थलाई ध्यानमा राख्नु आवश्यक छ ।

नेपालमा राष्ट्रिय पुँजी निर्माणको अवस्था कमजोर रहेको छ । संविधानतः निजी सम्पत्तिमाथिको अधिकार अक्षुण्ण छ र प्राकृतिक स्रोतमाथि व्यक्ति एवं समुदायको अधिकारलाई संविधानले सुरक्षित गरेको छ । हामी खुला व्यापार, निजी लगानी र आर्थिक सम्बन्धबारे यस अगाडि गरिएका कतिपय सन्धी, सम्झौता तथा कानूनी प्रबन्धले निर्माण गरेका सीमाभित्र रहेर अगाडि बढ्नु पर्ने हुन्छ । यसो गर्दा दातृ  निकायसँगका सम्बन्धलाई सन्तुलित राख्नु पर्ने हुन्छ । हामी धेरै कुरामा परनिर्भर छौं, जसलाई योजनाबद्ध प्रयाशबाट मात्रै अन्त्य गर्न सकिन्छ । भारतसँगको हाम्रो  सीमा राम्रोसँग नियमन भएको छैन, जसले आर्थिक विकासमा विभिन्न चुनौती खडा गरेको छ । हामी

सङ्घीयताको नयाँ अभ्यासमा छौं। सामन्तवादका अवशेषहरू समाप्त भइसकेका छैनन्, जसले औद्योगीकरण, उद्यमशीलता र सिर्जनात्मक सोचमा अवरोध खडा गरेका छन्। यिनै यथार्थका बीचबाट हामीले समाजवाद–उन्मुख प्रणाली निर्माण गर्नु पर्ने छ ।

विगतमा अबलम्बन गरिएको उदारीकरणको नीतिले आर्थिक क्रियाकलापमा राज्यको भूमिका खुम्चिएको छ । अन्धाधुन्ध निजीकरणका कारण सार्वजनिक क्षेत्र निकै कमजोर छ, जसको विकास बेगर समाजवाद निर्माण संभव छैन । शिक्षा र स्वास्थ्य क्षेत्रको व्यापारीकरण ठूलो चुनौतीका रुपमा छ । उद्योग व्यवसाय, बैङ्किङ, सार्वजनिक यातायात लगायत क्षेत्रमा राज्यको उपस्थिति कमजोर छ। समाजवादका आधार निर्माण गर्ने हाम्रो यात्रामा यी चुनौतीहरूलाई सामना गर्दै अगाडि बढ्नु पर्ने छ।

विगत दशकहरूमा देशमा राजनीतिक प्रणालीमा, राज्य संरचनामा र जनचेतना एवं जनआकाङ्क्षामा ठूलो परिवर्तन भयो । खुला समाज व्यवस्था, स्वतन्त्र नागरिक समाज, पूर्ण प्रेस स्वतन्त्रता, सञ्चारको विकास तथा राष्ट्रिय अन्तर्राष्ट्रिय आवद्धता बढ्यो। तर सशस्त्र द्वन्द्वले कमजोर बनाएको राज्य प्रणाली, राजनीतिक सङ्क्रमण र अस्थिर सरकारका कारण विभिन्न पक्षबाट राज्यको स्रोत साधन र अवसरको दोहन पनि त्यही अनुपातमा बढ्यो। सीमित व्यक्ति वा वर्गको हातमा शक्ति केन्द्रित भयो र खानी, जलस्रोत र जमीन लगायत क्षेत्रको लाभ सीमित व्यक्तिको हातमा पुग्यो। जनताका बीचमा समाजवादको सपना बाँड्ने तर राजनीतिक संरक्षणमा ठूला व्यापारी र दलाल पुँजीपतिका हितमा व्यवसाय सुम्पने, वास्तविक लागत भन्दा करोडौं बढीमा आयोजना ठेक्का दिने, ठेक्का पट्टा स्वीकृतिमा कमिशन उठाउने र भ्रष्टाचारलाई संस्थागत गर्ने जस्ता काम भए। भ्रष्टाचारलाई संरक्षण दिने अभिप्रायले संवैधानिक आयोगमा पदाधिकारी नियुक्ति गरिए ।

*आज मुलुकमा औद्योगीकरणको स्तर न्यून छ । व्यवसायीहरूको ठूलै पङ्क्तिमा उद्योग खोल्ने, रोजगारी सिर्जना गर्ने र राष्ट्रिय पुँजी निर्माण गर्दै मुलुकलाई आत्मनिर्भर बनाउन योगदान गर्ने भन्दा वैदेशिक व्यापार गरेर मुनाफा लिने प्रवृत्ति व्याप्त छ । यसले गर्दा हाम्रो समग्र उत्पादकत्व कमजोर छ ।*

आज मुलुकमा औद्योगीकरणको स्तर न्यून छ। व्यवसायीहरूको ठूलै पङ्क्तिमा उद्योग खोल्ने, रोजगारी सिर्जना गर्ने र राष्ट्रिय पुँजी निर्माण गर्दै मुलुकलाई आत्मनिर्भर बनाउन योगदान गर्ने भन्दा वैदेशिक व्यापार गरेर मुनाफा लिने प्रवृत्ति व्याप्त छ। यसले गर्दा हाम्रो समग्र उत्पादकत्व कमजोर छ। कृषि क्षेत्रबाट मुक्त भएको, प्रारम्भिक शिक्षा हासिल गरेको र सूचना प्रविधिका माध्यमले एकहदसम्म विश्वसँग परिचित युवा शक्ति श्रम बजारमा उपस्थित छ। तर उसका लागि रोजगारीका अवसर छैनन्। विकल्प नभएपछि त्यो शक्ति वैदेशिक रोजगारीमा जान वाध्य छ। उसले पठाउने विप्रेषण (रेमिट्यान्स) ले मुलुकको अर्थतन्त्र र सम्बन्धित व्यक्तिको परिवारको जीविकामा सहयोग पुऱ्याएको भए पनि यसले राष्ट्रिय पुँजीको विकास र मुलुकलाई आत्मनिर्भर बनाउने विषयमा योगदान पुऱ्याउन सकेको छैन। बरु समाज उत्पादनशील होइन, क्रमशः उपभोक्तावादी बन्दै गइरहेको छ। सेवा क्षेत्र र स्वरोजगारीमा उल्लेख्य श्रम शक्ति सङ्लग्न भए पनि कृषि र उद्योग क्षेत्रले रोजगारी सिर्जना गर्न सकिरहेका छैनन्। एकातिर ठूलो श्रमशक्ति परम्परागत पेशाबाट बाहिर आएर श्रम बजारमा उपस्थित हुनु तर अर्कोतिर मुलुकले त्यस श्रमशक्तिलाई देशभित्र रोजगारी दिन र त्यसको अधिकतम सदुपयोग गर्न नसक्नु– यस अन्तरविरोधको सकारात्मक समाधान आवश्यक

छ । अर्थात्, तीव्र औद्योगीकरण र कृषिको व्यवसायीकरण मार्फत् युवाहरूलाई रोजगारीका अवसर उपलव्ध गराउनु र उत्पादक शक्तिको उच्चतम विकासका आधार तयार गर्नु आजको मुख्य दायित्व हो ।

बढ्दो आर्थिक विषमता चुनौतीका रुपमा छ । सन् २०१९ को एक तथ्याङ्कले देखाउँछ– ४० प्रतिशत गरिब नेपालीसँग जति सम्पत्ति छ, १० प्रतिशत धनीसँग त्यसको २६ गुणा भन्दा बढी सम्पत्ति छ । १० प्रतिशत धनी नेपालीको आम्दानी, ४० प्रतिशत गरिब नेपालीको भन्दा ३ गुणा बढी छ । राष्ट्रिय जीवनस्तर सर्वेक्षणको तथ्याङ्क अनुसार समूहगत रुपमा गरिएको आय माथिको हिस्सा (शेयर अफ इन्कम बाइ क्वीण्टील) विश्लेषणले पनि असमानता निरन्तर वृद्धि हुँदै गएको देखिन्छ । २० प्रतिशत धनीहरूको आयमा हिस्सा ५६.२ हुँदा गरिब २० प्रतिशतको हिस्सामा ४.१ मात्र छ । सन् १९९५ देखि २०११ सम्ममा धनी २० प्रतिशतको हिस्सा ५ प्रतिशत विन्दूले बढेको छ । अर्कातिर गरिब २० प्रतिशतको भने १.२ प्रतिशत बिन्दुले झरेको छ ।

नेपालीहरूका लागि जमीन भावनात्मक संपत्तिको रुपमा रहेको छ । तर यस माथिको स्वामित्व असमान छ । चार लाख भन्दा बढी नेपाली अझै भूमिहीन या सुकुम्बासी अवस्थामा छन् । कृषिको उत्पादकत्वमा अपेक्षित वृद्धि भएको छैन, किनभने यसको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरणको स्तर न्यून छ । कृषकहरूले उत्पादनको उचित मूल्य पाएका छैनन् । बिचौलियाको दबदबा छ । पारिश्रमिकमा असमानता अर्को उल्लेख्य पक्ष रहेको छ । औसत श्रमजीवीको पारिश्रमिक र उच्च तहको अधिकारीको आम्दानीमा आकास–जमिनको फरक देखिन्छ । उदाहरणको लागि प्रमुख बैंकका कार्यकारी प्रमुखको आम्दानी औसत श्रमिकको तलबभन्दा १०० गुणा भन्दा बढी छ ।

*चार लाख भन्दा बढी नेपाली अझै भूमिहीन या सुकुम्बासी अवस्थामा छन् । कृषिको उत्पादकत्वमा अपेक्षित वृद्धि भएको छैन, किनभने यसको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरणको स्तर न्यून छ । कृषकहरुले उत्पादनको उचित मूल्य पाएका छैनन् । बिचौलियाको दबदबा छ । पारिश्रमिकमा असमानता अर्को उल्लेख्य पक्ष रहेको छ ।*

सम्पत्तिमाथि रोजगारदाताको भन्दा शेयरधनीहरूको नियन्त्रण बढ्दै छ । ती शेयरधनीमा आम नागरिकको शेयर विभिन्न प्रपञ्च गरी हात पार्ने धनाढ्य वर्गकै वर्चश्व देखिन्छ । बैङ्कमा नागरिकको बैङ्क खाता र निक्षेप दुबै बढेको छ। तर यसको लाभ सयको हाराहारीका ठूला घरानाहरूले बढी मात्रामा लिएका छन्। फराकिलो हुँदै जानु पर्ने मध्यम वर्गको आय ओह्रालो लागेको छ । सार्वजनिक निर्माण, यातायात, शिक्षा र स्वास्थ्य जस्ता जनसरोकारका विषयमा सीमित घराना या व्यवसायीहरूको सिण्डिकेट तोडिन नसक्दा र उनीहरूलाई सेवा र निर्माणप्रति जवाफदेही बनाउन नसक्दा एकातिर राजस्वको ठूलो दुरुपयोग भइरहेको छ भने अर्कातिर जनताले पाउनु पर्ने सेवा गुणस्तरहीन, महङ्गो र सर्वसाधारणको पहुँच भन्दा टाढा बनिरहेको छ । राजस्वमा समेत ठूलो नोक्सानी भइरहेको छ । उपभोक्ता ठगिने क्रम बढेको छ । दलाल पुँजी भनिने अनुत्पादक पुँजीले समाजलाई दूषित बनाइरहेको छ ।

सरदर आयु बढ्नु, जन्मदर घट्नु र अपर्याप्त तथा भरखर शुरु हुन खोजेको निवृत्तिभरण प्रणालीले अरु जटिलता थपेको छ । युवा जनसाङ्ख्यिक लाभ गुम्दै छ । परनिर्भरताको अनुपात उच्च हुँदै छ । एमालेको सरकार हट्नासाथ योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई ‘स्वेच्छिक’ बनाउने खेल सुरु भइसकेको छ । ‘सामाजिक सुरक्षा ऐन ऐच्छिक हुन’ अन्तरिम आदेशले

न्यायालय समेत सामाजिक न्याय र श्रमिकहरूका विरुद्ध उभिएको हो कि भन्ने आशङ्का पैदा गरेको छ ।

हाम्रो अर्थ–राजनीतिका सामु उन्मुख चुनौतीहरूको विश्लेषण गर्नुको अर्थ समाजवादका आधार निर्माण गर्नु असंभव छ या समाजवाद–उन्मुख राज्य निर्माण गर्ने हाम्रो अभिभारा दुरुह छ भन्ने होइन । यसको तात्पर्य हामी कहाँनिर उभिएका छौं र कस्ता नीति एवं कार्ययोजनाबाट हामी अगाडि बढ्न सक्छौं भन्ने यथार्थबोध गराउनु हो ।

समाजवाद कम्युनिष्ट पार्टीको नेतृत्वको सरकार बन्नासाथ आइहाल्ने प्रणाली होइन । समाजवाद– उन्मुख आर्थिक प्रणालीको आधार निर्माणको कुरा गर्दा यस्ता बिरासत र चुनौती सहित मूलतः निम्न कुरामा ध्यान दिनु पर्ने हुन्छ ।

(क) उत्पादनका साधनमा सबैको पहुँच विस्तार,
(ख) योग्यता अनुसारको काम र काम अनुसारको पारिश्रमिक,
(ग) राष्ट्रिय पुँजी निर्माण मार्फत् स्वाधीन अर्थप्रणालीको विकास,
(घ) सर्वसुलभ शिक्षा, स्वास्थ्य र सामाजिक सेवाहरूको प्रत्याभूति,
(ङ) आय र सम्पत्तिको पुनर्वितरण मार्फत लोककल्याणकारी राज्यको स्थापना तथा सर्वकालिक सामाजिक सुरक्षा,
(च) आर्थिक, सामाजिक, सांस्कृतिक र लैङ्गिक विभेदको अन्त्य एवं सहभागितामूलक उत्पादन र विकास पद्धति ।
(छ) तदनुकुलको उत्पादक शक्ति र उत्पादन सम्वन्धको विकास मार्फत तीव्र आर्थिक विकास ।

*नेकपा (एमाले) नेतृत्वको सरकारले कानूनी, संस्थागत, नीतिगत, प्रशासनिक र आर्थिक–सामाजिक परिवर्तन एवं रुपान्तरणका जे जति काम गरेको छ, ती सबैले समाजवाद–उन्मुख अर्थतन्त्रको जग बसाल्न सुरु गरेका छन् । न्यूनतम ज्यालाको ग्यारेन्टी गरिएको छ । रोजगारीमा जोडिन नसक्नेलाई जीवन निर्वाह भत्ताको व्यवस्था गरिएको छ ।*

तीन वर्षको छोटो समयमै माथिका सबै काम पूरा गर्नु संभव थिएन । तैपनि नेकपा (एमाले) नेतृत्वको सरकारले कानूनी, संस्थागत, नीतिगत, प्रशासनिक र आर्थिक–सामाजिक परिवर्तन एवं रुपान्तरणका जे जति काम गरेको छ, ती सबैले समाजवाद–उन्मुख अर्थतन्त्रको जग बसाल्न सुरु गरेका छन् । न्यूनतम ज्यालाको ग्यारेन्टी गरिएको छ । रोजगारीमा जोडिन नसक्नेलाई जीवन निर्वाह भत्ताको व्यवस्था गरिएको छ । जीवनचक्रमाथि आधारित सामाजिक सुरक्षाको अवधारणा अनुरुप सबै नागरिकलाई कुनै न कुनै प्रकारको सामाजिक सुरक्षाको व्यवस्था गरिएको छ । निशुल्क आधारभूत शिक्षा तथा स्वास्थ्य सेवाको प्रत्याभूतिका लागि कानुन निर्माण, संरचनागत व्यवस्था र बजेट बिनियोजन गरिएको छ । स्वास्थ्य बिमाको व्यवस्थामार्फत् आम नागरिकलाई स्वास्थ्य सेवाको दायरामा ल्याउन सुरु गरिएको छ । सुकुम्वासी समस्याको समाधानका लागि ठोस पहल गरिएको छ । खाद्य र उर्जा सुरक्षाका प्रबन्ध गरिएका छन् । विपन्न परिवारका लागि आवास निर्माणलाई तीव्रता दिइएको छ । सामाजिक विभेदको अन्त्य गर्ने कानून निर्माण गरिएका छन् । सरकारले गरेका यी कार्यहरू समाजवाद–उन्मुख राज्य निर्माणको तयारीका रुपमा रहेका छन् । सार्वजनिक स्रोतको न्यायिक वितरण, प्रगतिशील कर प्रणालीको कार्यान्वयन, कमजोर वर्ग र क्षेत्रका लागि बजेट अनुदानको

सुविधा, न्यूनतम ज्याला वृद्धि एवं मर्यादित श्रम सम्बन्धको विकासबाट आयको वितरणमा सकारात्मक प्रभाव पर्न थालेको छ । निर्यात प्रवर्धन तथा आयात प्रतिस्थापन, वैदेशिक रोजगारीमा जाने श्रमिकको सङ्ख्यामा कमी, आन्तरिक राजस्वको कराधार वृद्धि तथा राष्ट्रिय प्राथमिकताका आधारमा स्रोतको परिचालन गर्ने जस्ता कदमबाट देश क्रमशः स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माणको दिशामा अघि बढेको छ ।

कतिपयलाई लाग्न सक्छ– राज्यसत्ता हातमा छ, निर्णय गरेर लागू गरे भैहाल्यो नि । हो, सरकार हाम्रो पार्टीको थियो, तर यो लोकतान्त्रिक विधिवाट निर्वाचित, कानूनी राज्यको पालना गर्ने र शक्ति पृथकीकरणमा विश्वास राख्ने सरकार थियो । राष्ट्रिय, अन्तर्राष्ट्रिय सबै पक्षहरूको विश्लेषण नगरी हठात् समाजवादको कार्यक्रम सुरु गरिहाल्न सकिँदैनथ्यो । त्यसो गर्नु भनेको भएका उपलब्धि समेत नासिने स्थिति सिर्जना गर्नु हुन्थ्यो । अस्थिरताको भुँवरीबाट समाजवाद स्थापना गर्न सकिँदैन भन्ने यथार्थलाई हामीले बुझ्नै पर्छ ।

हाम्रो जस्तो संवैधानिक प्रबन्ध भएको मुलुकमा पार्टीले सरकार सञ्चालन गरिरहेको अवस्थामा सरकार र पार्टीबीचको सम्बन्ध व्यवस्थित हुनुपर्छ । सरकार पार्टीको वैचारिक र राजनीतिक निर्देशन अनुरुप सञ्चालत हुनु पर्ने कुरा निर्विवाद छ। तर सरकारले पार्टीका निर्देशनहरूलाई विद्यमान संवैधानिक, कानुनी र प्रशासनिक प्रक्रिया अनुरुप नै कार्यान्वयन गर्न सक्छ, गर्नु पर्छ । यो यथार्थलाई बुझ्न नसक्दा या नचाहँदा कहिलेकाहीँ सरकार र पार्टीबीच समस्या या असमझदारी देखा पर्नसक्छन्, जसलाई हामीले कुशलतापूर्वक समाधान गर्नु पर्छ ।

समाजवाद गन्तव्यको नाम मात्रै होइन, यो निरन्तर प्रकृया र अभियान पनि हो। आधारभूत वस्तुगत भौतिक स्थिति तयार नगरी समाजवादमा

*समाजवाद गन्तव्यको नाम मात्रै होइन, यो निरन्तर प्रकृया र अभियान पनि हो। आधारभूत वस्तुगत भौतिक स्थिति तयार नगरी समाजवादमा सङ्क्रमण गर्न खोज्नु हतारो हुन्छ। स्वाधीन, स्वावलम्वी राष्ट्रिय अर्थतन्त्र निर्माण नगरी बलपूर्वक समाजवादको घोषणा गरेपनि त्यो समाजवाद हुँदैन, समाजवादले दिने प्रतिफल त्यसबाट प्राप्त हुँदैन ।*

सङ्क्रमण गर्न खोज्नु हतारो हुन्छ। स्वाधीन, स्वावलम्वी राष्ट्रिय अर्थतन्त्र निर्माण नगरी बलपूर्वक समाजवादको घोषणा गरेपनि त्यो समाजवाद हुँदैन, समाजवादले दिने प्रतिफल त्यसबाट प्राप्त हुँदैन ।

हाम्रो जस्तो मुलुकमा तीव्र आर्थिक विकासका लागि वैदेशिक सहयोग, लगानी र प्रविधिको खाँचो पर्छ । आजको अझ बढी अन्तरसम्बन्धित विश्वमा एक्लिएर बस्न र एक्लै अगाडि बढ्न सकिंदैन । कमरेड मदन भण्डारीले भन्नु भए जस्तै विदेशी पुँजी र प्रविधिलाई राष्ट्रिय हित अनुकूल परिचालन गर्नैपर्ने हुन्छ । सूचना प्रविधिले विश्व नै साँघुरिएको र विज्ञान प्रविधिले तीव्र फड्को मारिरहेको एक्काइसौं शताव्दीमा बीसौं शताव्दीका सैद्धान्तिक मान्यताका बलमा मात्रै समाजवाद निर्माण हुन सक्दैन । विभिन्न समाजवादी मुलुकहरूले विदेशी पुँजी, प्रविधि तथा सहयोग समेत लिएर तीव्र विकास गरेका हुन् । राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर आवश्यकता अनुसार विदेशी पुँजी र प्रविधिको उपयोग गर्न हामी पनि तयार हुनै पर्छ । यस्तो पुँजी, प्रविधि र सहयोग सार्वभौम समानता, स्वाधीनता र राष्ट्रिय हितमा आधारित हुनु पर्छ ।

सामाजिक न्याय सहितको आर्थिक विकास र समृद्धि नेकपा (एमाले) को विकास सम्बन्धी नीतिको सार हो । अर्को शब्दमा भन्दा, सबैलाई समान

अधिकार तथा अवसरमा समान पहुँच, सबैलाई समानता तथा सम्मान एवं सबैलाई सामाजिक न्याय र सुरक्षाको ग्यारेण्टी हुने प्रणाली नै समाजवाद–उन्मुख राज्यव्यवस्थाको सार हो । सबैले भयमुक्त वातावरणमा उन्नति गर्ने वातावरण प्राप्त गर्न सकून् भन्ने हाम्रो पार्टीको नीति हो । कोही भोकै पर्दैन, कोही भोकले मर्दैन जस्ता नाराहरूमा हामीले यी विषयहरूलाई सूत्रबद्ध गरेका छौं । केबल कूल ग्राहस्थ उत्पादनको वृद्धि या प्रतिव्यक्ति आयको औसत हिसाबका आधारमा मापन गरिने समृद्धि होइन, मुलुकको समृद्धिको लाभ आम जनताको भागमा पर्ने समृद्धि हामीले खोजेका हौं । यसैलाई हामीले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षामा सूत्रबद्ध गरेका छौं, परिपूर्ण लोकतन्त्रका रुपमा समेत परिभाषित गरेका छौं ।

मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय सुरक्षा, वाह्य सम्बन्ध, ठूला पूर्वाधार र परियोजनाहरू, शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण लगायत सामाजिक क्षेत्र तथा आर्थिक विकासलाई गति दिन राज्यले नेतृत्व गर्नु पर्छ । निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन र रोजगारी सिर्जना लगायत क्षेत्रमा निजी क्षेत्रको गतिशील भूमिका स्थापित गर्नु पर्छ, तदनुरुपको वातावरण निर्माण गर्नु पर्छ । अनि, सहकारी मार्फत् छरिएको पुँजी एकत्रित गर्दै अर्थतन्त्रमा जनताको सहभागिता वृद्धि गर्नु पर्छ, उत्पादक सहकारीहरू मार्फत् उत्पादन वृद्धि तीव्र पार्नु पर्छ, उत्पादन र वितरणमा बिचौलियाको प्रभाव अन्त्य गर्नु पर्छ र अर्थतन्त्रमा जनताको हिस्सा बढाउँदै जानु पर्छ । सामाजिक न्याय बिनाको आर्थिक वृद्धिमा एकतर्फी जोडले आर्थिक विषमता बढाउँदै समाजवादलाई पर धकेल्दै लैजान्छ भने न्यायोचित वितरणमा एकतर्फी जोडले गरिबीको पुनर्वितरणतिर धकेल्छ । सबल र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास नगरी राष्ट्रियताको रक्षा र सुदृढीकरण पनि गर्न सकिँदैन ।

*सामाजिक न्याय बिनाको आर्थिक वृद्धिमा एकतर्फी जोडले आर्थिक विषमता बढाउँदै समाजवादलाई पर धकेल्दै लैजान्छ भने न्यायोचित वितरणमा एकतर्फी जोडले गरिबीको पुनर्वितरणतिर धकेल्छ । सबल र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास नगरी राष्ट्रियताको रक्षा र सुदृढीकरण पनि गर्न सकिँदैन ।*

संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्दै समाजवाद–उन्मुख समाज र समृद्ध राष्ट्र निर्माण गर्नु सिङ्गो राष्ट्रको कार्यभार हो । यो नेकपा (एमाले) को पनि एउटा मुख्य कार्यभार हो । सरकारको नेतृत्व गरिरहँदा होस् या प्रतिपक्षमा रहँदा, पार्टी यसै विषयमा प्रयत्नशील रहँदै आएको छ ।

## १०. सिद्धान्त, कार्यक्रम, कार्यदिशा र नीति

संविधान कस्तो बन्छ, सङ्क्रमणकाल कसरी टुङ्गिन्छ र आन्दोलनका उपलब्धि कसरी र कुन हदसम्म संस्थागत हुन्छन् भन्ने निक्र्यौल भइनसकेको अवस्थामा नवौं राष्ट्रिय महाधिवेशन आयोजना भएको थियो । त्यसैले संविधान, त्यसले रेखाङ्कन गर्ने राजनीतिक प्रणाली र हाम्रो भावी कार्यदिशाका सन्दर्भमा केही प्रश्न अनुत्तरित नै थिए।

पार्टीकै पहल, नेतृत्व र निर्णायक भूमिकाका बलमा संविधान निर्माण भएर जारी भइसकेको छ । पछिल्लो समय २०६२/६३ को परिवर्तनबाट अगाडि बढेको नेपाली क्रान्तिको प्रक्रिया, संविधानमार्फत् भएको यसको

संस्थागत विकास, यसका सीमा र अबको बाटो सम्बन्धमा थप स्पष्टता आवश्यक छ ।

नवौं महाधिवेशनले २०६२/६३ को परिवर्तनलाई मौलिक ढङ्गले सम्पन्न पुँजीवादी–जनवादी क्रान्तिका रुपमा विश्लेषण गरेको छ। यस परिवर्तनसँगै नेपाली समाज प्रारम्भिक अवस्थाको पुँजीवादी चरणमा पुगेको ठहर गरेको छ। समाजवादको आधार तयार गर्दै अघि बढ्ने सामाजिक–आर्थिक रुपान्तरणको कार्यक्रम अर्थात् जनताको बहुदलीय जनवादी कार्यक्रम (जसलाई पार्टी एकताका दौरान जनताको जनवाद भनेर सङ्क्रमणकालीन नामाकरण गरिएको थियो) नै हाम्रो तात्कालिक कार्यक्रम हो भन्ने निष्कर्ष निकालेको छ । यस सम्बन्धी महाधिवेशन र नेकपाकालीन विश्लेषण आम रुपमा सही छन् ।

२०६२/६३ को परिवर्तन हुँदै अगाडि बढेको नेपाली क्रान्तिका आफ्नै विशेषता छन् । यो क्रान्ति न त युरोपमा सम्पन्न पुँजीवादी क्रान्ति जस्तै पुँजीपति वर्गको एकल नेतृत्वमा सम्पन्न भई पुँजीवादी व्यवस्था स्थापनामा गएर टुङ्गियो, न चीनमा जस्तै श्रमजीवी वर्गको एकल नेतृत्वमा जनताको जनवादी क्रान्ति सम्पन्न भई जनवादी गणतन्त्र स्थापना गरेर पूरा भयो । यस क्रान्तिमा वैचारिक नेतृत्व र मुख्य संवाहकको भूमिकामा श्रमजीवी वर्गका प्रतिनिधि वामपन्थीहरू थिए, तर उदार पुँजीवादी वर्ग पनि सँगसँगै थियो । दुई शक्तिहरूको संयुक्त नेतृत्वमा अगाडि बढेको हुनाले यसका आफ्नै सीमाहरू छन् । क्रान्तिपश्चात्को संरचनामा दुबै वर्गको उपस्थिति, पहुँच र प्रभाव छ ।

राणाशासन समाप्त पारेर नेपाली समाजलाई खुल्लापनमा प्रवेश गराउने २००७ सालको क्रान्ति र निर्दलीय तानाशाही व्यवस्था समाप्त पारेर बहुदलीय प्रजातन्त्र स्थापना गर्ने २०४६ सालको आन्दोलनको तुलनामा

*जमिनमाथिको सामन्ती भूस्वामित्व समाप्त हुँदै गएको भए पनि पुँजीमाथि सीमित वर्गको वर्चस्व झनै बढ्दै गएको छ । त्यसले हरेक क्रान्तिले पूरा गर्नु पर्ने अभिभारा– एक वर्गको हातबाट अर्को वर्गको हातमा राज्यसत्ता हस्तान्तरण गर्ने, पुरानो उत्पादन सम्बन्धलाई भत्काएर नयाँ उत्पादक शक्ति अनुकूलको उत्पादन सम्बन्ध विकास गर्ने जस्ता कतिपय विषय अधुरै छन् ।*

यसका प्रभावहरू धेरै फराकिला र गहिरा छन् । राजतन्त्र अन्त्य भएको छ, समावेशी र सङ्घीय प्रणाली स्थापना भएको छ, सामाजिक न्याय र अधिकार स्थापित भएका छन् । समाजवाद–उन्मुखका रुपमा राज्यको परिभाषा गरिएको छ । प्रणाली परिवर्तनका दृष्टिले यसको प्रभाव गुणात्मक महत्वको छ । तर राज्यसंरचनाका कतिपय तहमा पुरानो व्यवस्थाका अवशेष कायमै छन् । सरकारले परिवर्तनकारी कदम चाल्दा कहिले अदालत, कहिले कर्मचारीतन्त्र त कहिले राज्यका अन्य अङ्ग बाधक बन्ने गरेका छन् । परिवर्तनलाई अवरुद्ध गर्न खोज्ने अधिसंरचनाभित्रका विभिन्न अङ्ग र सामन्ती सांस्कृतिक चिन्तनको रुपान्तरण बाँकी छ ।

क्रान्तिले जुन अनुपातमा मुलुकको शासन प्रणालीमा हस्तक्षेप गरेर परिवर्तन गऱ्यो, त्यसको तुलनामा सामाजिक आर्थिक संरचना बदलिएको छैन । जमिनमाथिको सामन्ती भूस्वामित्व समाप्त हुँदै गएको भए पनि पुँजीमाथि सीमित वर्गको वर्चस्व झनै बढ्दै गएको छ । त्यसले हरेक क्रान्तिले पूरा गर्नु पर्ने अभिभारा– एक वर्गको हातबाट अर्को वर्गको हातमा राज्यसत्ता हस्तान्तरण गर्ने, पुरानो उत्पादन सम्बन्धलाई भत्काएर नयाँ उत्पादक शक्ति अनुकूलको उत्पादन सम्बन्ध विकास गर्ने जस्ता कतिपय विषय अधुरै छन् ।

हामीले विगत दशकको क्रान्तिलाई बुझ्दा र व्याख्या गर्दा यसका सीमासहित नै बुझ्नु जरुरी छ। युगान्तकारी परिवर्तनलाई अवमूल्यन गरेर या पछि विकसित हुने प्रतिकूलतालाई हेरेर यो क्रान्ति नै होइन भन्नु जनताको उत्सर्ग, शहीदको बलिदान र यसमा पार्टीको नेतृत्वदायी भूमिकालाई अवमूल्यन गरेको ठहर्छ। तर यदि यसले क्रान्तिका सम्पूर्ण अभिभारा पूरा गरिसकेको छ भन्ने अर्थमा बुझियो भने अर्को विचलनमा फस्न पुगिने छ। यसो गर्दा अधिसंरचनामा रहेका बदल्न बाँकी पक्षहरूको रुपान्तरणको खाँचोलाई बिर्सेका हुने छौं। विभिन्न माध्यमबाट श्रमजीवी वर्गको हातमा उत्पादनका साधनको पहुँच सुनिश्चित गर्ने कुरालाई वेवास्ता गरेका हुने छौं र नयाँ उत्पादन सम्बन्धको विकासमा हाम्रो भूमिका निष्प्रभावी हुने छ। राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना हाम्रो सन्दर्भमा ऐतिहासिक महत्वको उपलव्धि हो, तर यसैलाई क्रान्तिको पूर्णताको अर्थमा बुझ्नु हुँदैन। श्रमजीवी वर्गको पक्षमा राज्यको रुपान्तरण कसरी संभव हुन्छ भन्ने प्रश्न क्रान्तिको मुख्य प्रश्न हो।

सबैभन्दा महत्वपूर्ण कुरा, यो क्रान्ति श्रमजीवी र पुँजीपति वर्गका प्रतिनिधिहरूको सह–नेतृत्वमा सम्पन्न भएको हुनाले क्रान्ति कुन दिशामा अगाडि बढ्छ भन्ने कुरा प्रतिष्पर्धामा कुन वर्गले श्रेष्ठता हासिल गर्छ भन्ने कुराले तय गर्ने छ। हाम्रो क्रान्ति अन्य वर्ग र शक्तिमाथि 'अधिनायकत्व' लागू गरेर श्रमजीवी वर्गले एकल शासन गर्ने क्रान्ति होइन। यो त संवैधानिक प्रबन्ध अनुसार, जनताको अभिमत लिएर, संविधानको सर्वोच्चता, विधिको शासन र शक्ति पृथकीकरण जस्ता लोकतान्त्रिक मान्यताको दायराभित्रबाट अगाडि बढ्ने क्रान्ति हो। प्रतिष्पर्धामा श्रमजीवी वर्ग पछाडि पर्नासाथ क्रान्तिका कैयौं उपलव्धिहरू सङ्कुचनमा पर्ने, निस्तेज हुने र उल्टिने जोखिम हमेशा रहिरहन्छ। त्यसैले क्रान्ति सम्पन्न भएको व्याख्या गरिरहँदा हामीले यस पक्षलाई ध्यानमा राखिराख्नु पर्छ। सामाजिक आर्थिक रुपान्तरणको

*पुँजीवादी–जनवादी क्रान्ति सम्पन्न भएको हुनाले र समाज पुँजीवादी बनिसकेकाले अबको कार्यक्रम समाजवादी कार्यक्रम हुने भन्ने तर्क गरियो या जनताको बहुदलीय जनवादको सान्दर्भिकता नरहेको निष्कर्षमा पुगियो भने त्रुटिपूर्ण मात्रै होइन, हानीकारक हुने छ ।*

काम बाँकी नै रहेको अर्थमा बुझ्नु पर्छ । कमरेड मदन भण्डारीले राजनीतिक रुपमा जनवादी क्रान्ति सम्पन्न भइसकेपछि पनि समाजवादमा प्रवेश गर्नु पूर्व समाजले विभिन्न उपचरणहरू (सामन्तवादका अवशेष उन्मूलन गर्ने, जनताको जनवादी व्यवस्थालाई सुदृढ गर्ने र समाजवादको तयारी गर्ने) पार गर्नु पर्ने र समाजवादमा प्रवेश गर्ने हतारोमा समाज विकासका स्वाभाविक प्रक्रियालाई उपेक्षा गर्न नहुने कुरामा विशेष जोड दिनु भएको छ । समाज विकासका वस्तुगत नियमहरूको अध्ययन र समाजवादी मुलुकहरूका अनुभवहरूमाथि आधारित यस निष्कर्षको सान्दर्भिकता आज पनि उत्तिकै छ । तसर्थ, पुँजीवादी–जनवादी क्रान्ति सम्पन्न भएको हुनाले र समाज पुँजीवादी बनिसकेकाले अबको कार्यक्रम समाजवादी कार्यक्रम हुने भन्ने तर्क गरियो या जनताको बहुदलीय जनवादको सान्दर्भिकता नरहेको निष्कर्षमा पुगियो भने त्रुटिपूर्ण मात्रै होइन, हानीकारक हुने छ ।

वर्तमान युग समाजवादी क्रान्तिको युग हो र जनवादी क्रान्ति पनि वृहत्तर अर्थमा समाजवादी क्रान्तिकै अङ्गका रुपमा रहेको यथार्थ हो । हाम्रो संविधानले राज्यको चरित्रलाई समाजवाद–उन्मुख उल्लेख गरेको छ । तर समाजवाद–उन्मुख भन्नु र समाजवादी भन्नु गुणात्मक रुपले नै फरक कुरा हो । आज हामीले अगाडि सार्ने कार्यक्रम समाजवादी कार्यक्रम

होइन, समाजवादको आधार तयार गर्ने कार्यक्रम हो। हामीले २०४९ मा अगाडि सारेको जनताको बहुदलीय जनवादी कार्यक्रमभित्रका सामन्तवाद र राजतन्त्रको अन्त्य एवं लोकतान्त्रिक गणतन्त्र स्थापना जस्ता अभिभारा पूरा भएका छन्। तर सामन्तवादका अवशेषहरू उन्मूलन गर्न बाँकी छ, दलाल पुँजीवादको चङ्गुलबाट मुक्त गर्दै राष्ट्रिय पुँजीको विकास गर्न बाँकी छ, परनिर्भरतालाई अन्त्य गर्दै मुलुकलाई आत्मनिर्भर बनाउन बाँकी छ। राष्ट्रिय स्वाधीनतालाई चुनौती दिने वाह्य हस्तक्षेपको पूर्ण अन्त्य, असमान सन्धीहरूको पुनरावलोकन तथा गुमेको भूभाग फिर्ता गर्ने लगायतका विषय टुङ्ग्याउन बाँकी छ। राष्ट्रियता र सार्वभौमसत्तालाई थप सुदृढ गर्न बाँकी छ। उत्पादक शक्तिको विकास गर्न अनुकूल नयाँ उत्पादन सम्बन्धको विकास गर्नु छ। उत्पादन प्रक्रियामा मात्र होइन, वितरणमा र राज्यमा श्रमजीवी वर्गको पहुँच र वर्चस्वलाई विस्तार गर्न बाँकी छ। यसो भएमा मात्रै श्रमजीवी वर्ग ज्याला आर्जक वर्गमा मात्रै सीमित नरही सार्वभौम नागरिकमा रुपान्तरण हुनसक्छ।

हाम्रो तात्काालिक कार्यक्रमको मुख्य तत्वहरू यिनै हुन्। यिनलाई समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा सफल पार्ने गरी व्याख्या गर्न सकिन्छ, परिपूर्ण लोकतन्त्रका रुपमा अभिव्यक्त गर्न सकिन्छ। सारमा, यो जनताको बहुदलीय जनवादकै कार्यक्रम हो, जसले समाजवादको आधार तयार गर्छ।

समाजवादका आधार निर्माणमा हाम्रो पहल शीर्षकमा हामीले यस कार्यक्रमका बारेमा सविस्तार उल्लेख गरेका छौं।

विश्वभरिका कम्युनिष्टहरूको जस्तै हाम्रो पनि मार्गदर्शक सिद्धान्त मार्क्सवाद–लेनिनवाद हो। मार्क्सवाद मूलतः समाजलाई बुझ्ने, विश्लेषण

*प्रत्येक मुलुकको विशिष्ट कार्यक्रम रुपी व्यष्टिमै मार्क्सवादको समष्टि अन्तरनिहित हुन्छ । मार्क्सवाद– लेनिनवादको मार्गदर्शन भन्दा खासमा त्यस मुलुकमा विकसित क्रान्तिका मौलिक सिद्धान्तहरूको मार्गदर्शन भन्ने बुझिन्छ, मार्क्सवादको राष्ट्रिय संस्करण भन्ने बुझिन्छ ।*

गर्ने र रुपान्तरण गर्ने पद्धति हो । यो कुनै सूत्र या ढाँचा होइन । मार्क्सवादका सार्वभौम सच्चाइलाई आफ्नो मुलुकको ठोस परिस्थितिमा सिर्जनात्मक ढङ्गले लागू गर्ने क्रममा हरेक देशका क्रान्तिका मौलिक सिद्धान्तहरू विकसित हुन्छन् । मार्क्सवादलाई सिर्जनात्मक ढङ्गले मात्रै लागू गर्न सकिन्छ । यसरी लागू गर्ने क्रममा प्रत्येक मुलुकको क्रान्तिको बाटो भिन्न, मौलिक र विशिष्ट प्रकृतिको हुनु अनिवार्य हुन्छ । यसरी मार्क्सवादको समष्टि प्रत्येक मुलुकमा विकसित हुने मौलिक सिद्धान्तको व्यष्टिमा अभिव्यक्त हुन्छ । अर्को अर्थमा, प्रत्येक मुलुकको विशिष्ट कार्यक्रम रुपी व्यष्टिमै मार्क्सवादको समष्टि अन्तरनिहित हुन्छ । मार्क्सवाद– लेनिनवादको मार्गदर्शन भन्दा खासमा त्यस मुलुकमा विकसित क्रान्तिका मौलिक सिद्धान्तहरूको मार्गदर्शन भन्ने बुझिन्छ, मार्क्सवादको राष्ट्रिय संस्करण भन्ने बुझिन्छ ।

मार्क्सवादलाई नेपालको विशिष्ट परिस्थितिमा लागू गर्ने क्रममा नेपाली क्रान्तिको मौलिक सिद्धान्तको विकास भएको छ । हाम्रो पार्टीले सुरुदेखि नै नागरिक अधिकार र लोकतन्त्र प्राप्तिको मुद्दालाई आफ्नो प्रमुख मुद्दा बनाउँदै आयो । यस क्रममा कम्युनिष्ट पार्टी नेपालको लोकतान्त्रिक आन्दोलनको अभिन्न अङ्ग र नेतृत्वका रुपमा विकसित भएको छ । पार्टीले नेपालको विविधतायुक्त संरचना र बहुलवादी चरित्रलाई पनि आत्मसात गर्दै आएको

छ । बहुलताको सम्मान गर्ने विषय पनि हाम्रो विशेषताका रुपमा रहँदै आएका छन् । पार्टीले नेपाली जनताको आन्दोलनका तीनवटै पूर्ववर्ती धाराहरू– देशभक्ति, सामाजिक सुधार र लोकतन्त्रका धारालाई आत्मसात गर्दै तिनलाई आफ्नो कार्यक्रममा समाहित गरेको छ, नेपालको मौलिकतालाई आत्मसात गर्दै आएको छ ।

मार्क्सवादलाई लागू गर्ने क्रममा विभिन्न मुलुकमा एकदलीय शासन प्रणालीको अभ्यास भयो। युद्धकालीन परिस्थितिका कारण नागरिक स्वतन्त्रतालाई सङ्कुचित र नियन्त्रित गर्दै लगियो। समाजवादको यही मोडललाई समाजवादको एकमात्र मोडलका रुपमा व्याख्या गरिएका कारण र विरोधीहरूका बद्नियतपूर्ण व्याख्या तथा प्रचार समेतले गर्दा मार्क्सवादका बारेमा विभिन्न भ्रम र अपव्याख्या प्रचलित भए । हामीले यसबाट आफूलाई मुक्त राख्नु पर्छ ।

राज्यसत्ताको सार त्यसको वर्गीय चरित्र (कुन वर्गको हातमा उत्पादनका साधनको वर्चस्व छ या राज्यसत्ताले कुन वर्गको प्रतिनिधित्व गर्छ भन्ने विषय) हो भने शासन प्रणाली त्यसको स्वरुप हो । राज्यसत्ताको द्वन्द्वात्मकता राज्यको वर्ग चरित्र र शासन प्रणालीको अन्तरसम्बन्धमा अभिव्यक्त हुन्छ । संविधानको सर्वोच्चता, विधिको शासन, बहुदलीय प्रतिष्पर्धा, मानव अधिकार, आवधिक निर्वाचन, शक्ति पृथकीकरण जस्ता विषयहरू पुँजीवादी क्रान्तिको क्रममा विकसित भए पनि यी आफैमा पुँजीवादी विषय होइनन्, यी जनताको आन्दोलनका परिणाम हुन् । पुँजीवादीहरूले त यिनलाई आफ्नो वर्गस्वार्थ पूर्ति गर्न उपयोग मात्रै गरेका हुन् । वर्गस्वार्थ पूर्ति नहुने अवस्था सिर्जना भयो भने पुँजीपति वर्ग लोकतन्त्रको आवरण च्यातेर कुनै पनि रुपको अधिनायकवादी स्वरुपमा प्रकट हुन्छ भन्ने कुराको दृष्टान्त समकालीन इतिहासमा पर्याप्त छन् ।

*प्रतिक्रान्तिकारी, पश्चगामी या परिवर्तन विरोधी शक्तिलाई संविधानको माध्यमबाट नियन्त्रण गर्नु आवश्यक होला । तर समाजको यस स्वाभाविक अवस्थालाई जबर्जस्ती नियन्त्रण गर्नु गलत हुन्छ । कमरेड मदन भण्डारीले समाजको यही द्वन्द्वात्मकताको मार्क्सवादी व्याख्या गर्दै जनताको बहुदलीय जनवादको सिद्धान्त विकास गर्नुभएको हो ।*

त्यसैले लोकतान्त्रिक प्रणालीलाई पुँजीवादी शासन व्यवस्थाको पर्याय ठान्नु गलत हुन्छ ।

जनवादी होस् या समाजवादी, दुवै व्यवस्थामा समाज वर्गीय नै हुन्छ । त्यस्तो समाजमा एकभन्दा धेरै वर्गहरूको अस्तित्व हुनु अनिवार्य हुन्छ । समाज वर्गीय हुँदासम्म एकभन्दा बढी विचारहरूको अस्तित्व रहनु स्वाभाविक हो । बहु– विचारहरूको अस्तित्व रहँदासम्म तिनलाई प्रतिनिधित्व गर्ने राजनीतिक सङ्गठनहरूको अस्तित्व रहनु पनि स्वाभाविक हो । त्यसैले समाज वर्गीय हुनु तर शासन व्यवस्था एकदलीय हुनु आफैमा विरोधाभाष हो । यसले समाजको द्वन्द्वात्मकतालाई प्रतिनिधित्व गर्दैन । त्यसैले समाज वर्गीय रहँदासम्म बहुदलीय प्रतिष्पर्धाको अवस्था रहनु द्वन्द्ववादको स्वाभाविक नियम हो । प्रतिक्रान्तिकारी, पश्चगामी या परिवर्तन विरोधी शक्तिलाई संविधानको माध्यमबाट नियन्त्रण गर्नु आवश्यक होला । तर समाजको यस स्वाभाविक अवस्थालाई जबर्जस्ती नियन्त्रण गर्नु गलत हुन्छ । कमरेड मदन भण्डारीले समाजको यही द्वन्द्वात्मकताको मार्क्सवादी व्याख्या गर्दै जनताको बहुदलीय जनवादको सिद्धान्त विकास गर्नुभएको हो । जबजको विकासमा समाजवादी क्रान्तिका अनुभवहरू एवं सोभियत मोडलको समाजवादको असफलताका निष्कर्षले पनि योगदान गरेका छन् ।

मार्क्सवादी दर्शन, नेपाली क्रान्तिका अभ्यास एवं विश्व कम्युनिष्ट आन्दोलनका अनुभवमाथि आधारित भएर विकास गरिएको जनताको बहुदलीय जनवादको सहीपना नेपाली राजनीतिका विगत तीस वर्षको अभ्यासले पुष्टि गरेका छन् । यस अवधिमा एकातिर नेपालमा नवउदारवादी चिन्तन र यथास्थितिवाद असफल भएको छ भने अर्कातिर हिंसा, अधिनायकवाद र एकदलीयताका सोच पनि विफल भएका छन् । नेपाली राजनीति आज आम रुपमा जनताको बहुदलीय जनवादको सोचबाटै प्रभावित छ ।

जनताको बहुदलीय जनवादले जनवादी क्रान्तिको चरणमा मात्रै होइन, समाजवादी चरणमा पनि  हामीलाई मार्गदर्शन गर्ने छ ।

यस बीचमा विकसित नयाँ परिस्थितिको सन्दर्भ एवं हाम्रा आफ्ना अनुभवहरूका आधारमा यस सिद्धान्तलाई समयानुकूल विकास र समृद्ध गर्दै जानु पर्दछ ।

पार्टीको रणनीतिले कार्यक्रमिक लक्ष्य हासिल गर्न नेतृत्वदायी, मुख्य र सहायक शक्तिको निक्र्यौल गर्छ । समाजका आधारभूत अन्तरविरोधको पहिचान र त्यसभित्रको प्रधान अन्तरविरोध निरुपण गर्छ । क्रान्तिको बाटो तय गर्दै लक्ष्य प्राप्तिको समग्र योजना समेट्छ । सामान्यतया रणनीति समाजको प्रधान अन्तरविरोधमा आधारभूत परिवर्तन नहुँदासम्म कायम रहन्छ । कार्यनीति भने तात्कालिक परिस्थिति र शक्ति सन्तुलनको अवस्थालाई ध्यानमा राखेर रणनीतिक लक्ष्य प्राप्तिका लागि गरिने सङ्घर्ष र सङ्गठनका स्वरुपहरू, तात्कालिक नारा र कामहरूलाई अभिव्यक्त गर्ने तत्काल गर्नु पर्ने कामहरूको समष्टि हो । कार्यनीति परिवर्तनशील हुन्छ ।

*नेकपा (एमाले) को रणनीतिक लक्ष्य समाजवाद हो। श्रमजीवी वर्ग क्रान्तिको नेतृत्वदायी वर्ग र सम्वाहक शक्ति हो। यस वर्गको प्रतिनिधि संस्थाको हैसियतले कम्युनिष्ट पार्टीको राजनीतिक–वैचारिक नेतृत्व अनिवार्य छ। यस प्रक्रियामा राष्ट्रिय पुँजीपति वर्ग र देशभक्त व्यक्ति/समूह समेत आम जनतालाई पनि साथै लिनु पर्छ।*

नेकपा (एमाले) को रणनीतिक लक्ष्य समाजवाद हो। श्रमजीवी वर्ग क्रान्तिको नेतृत्वदायी वर्ग र सम्वाहक शक्ति हो। यस वर्गको प्रतिनिधि संस्थाको हैसियतले कम्युनिष्ट पार्टीको राजनीतिक–वैचारिक नेतृत्व अनिवार्य छ। यस प्रक्रियामा राष्ट्रिय पुँजीपति वर्ग र देशभक्त व्यक्ति/समूह समेत आम जनतालाई पनि साथै लिनु पर्छ। अवशेषका रुपमा रहेको सामन्त वर्ग, दलाल पुँजीपति वर्ग र यिनका राजनीतिक प्रतिनिधिहरू यथास्थितिवादी र पश्चगामी शक्तिहरू, विखण्डनकारी तत्वहरू क्रान्तिका वाधक पक्ष हुन्।

नेपाली समाजमा आधारभूत अन्तरविरोधका विभिन्न पक्ष विद्यमान छन्। एकातिर नेपाल राष्ट्र र अर्कातिर नेपालको स्वाधीनता, स्वाभिमान र सार्वभौमसत्तालाई कमजोर गर्न चाहने वाह्य शक्तिहरूबीच अन्तरविरोध छ। एकातिर श्रमजीवी वर्ग र अर्कातिर पुँजीपति वर्गबीच अन्तरविरोध विद्यमान छ। नेपाली जनता र दलाल/नोकरशाही पुँजीपति वर्गबीच अन्तरविरोध विद्यमान छ। राष्ट्रिय एकताका पक्षधर नेपाली जनता र विखण्डनकारी–अतिवादी तत्वहरूबीचको अन्तरविरोध पनि कायमै छ। २०६२/६३ को परिवर्तन पश्चात् सामन्ती र दलाल पुँजीवादी वर्गको राजनीतिक प्रतिनिधि राजतन्त्र तथा नेपाली जनताबीचको त्यतिबेलाको प्रधान अन्तरविरोधको स्थितिमा भने परिवर्तन भएको छ। राजतन्त्रको अन्त्यसँगै नयाँ लोकतान्त्रिक

राजनीतिक प्रणाली स्थापित भएको छ। जनता सार्वभौम बनेका छन्। जनताका प्रतिनिधिबाट निर्मित संविधानबाट मुलुक सञ्चालित हुन थालेको छ। जनताबाट निर्वाचित प्रतिनिधिहरूबाट सरकार सञ्चालन हुने स्थिति निर्माण भएको छ। सरकारले कुनै जनविरोधी या राष्ट्रिय हित विरोधी निर्णय या काम गऱ्यो भने विषयवस्तुका आधारमा त्यसको विरोध हुन्छ। तर आन्दोलन या विद्रोहका माध्यमबाट समाधान गर्नु पर्ने तहको अन्तरविरोधका रुपमा त्यो सधै रहँदैन। जनमत या आवधिक निर्वाचनका माध्यमबाट त्यसको समाधान गर्न सकिन्छ।

विभिन्न राजनीतिक दलहरूसँग हाम्रो प्रतिष्पर्धा र प्रतिद्वन्द्विता छ। उदाहरणका लागि– नेपाली काङ्ग्रेसको दलाल पुँजीवादी वर्ग चरित्र, नवउदारवादी पुँजीवादी बाटो, यथास्थितिवाद र राष्ट्रियताका विषयमा ढुलमुले एवं सम्झौतापरस्त क्रियाकलापप्रति हाम्रो विरोध छ। यो पार्टी हाम्रो मुख्य प्रतिष्पर्धी पार्टी पनि हो। माओवादी केन्द्र, मूलतः 'प्रचण्ड' का अस्थिर, अवसरवादी एवं विभाजनकारी सोच र व्यवहारप्रति हाम्रो विमति छ। मधेस–केन्द्रित दलका सङ्कीर्ण, यथास्थितिवादी एवं राष्ट्रियताका विषयलाई असर पुऱ्याउने सोच र गतिविधिप्रति हाम्रो असहमति छ। कतिपय दलहरू राजतन्त्र फर्काउन चाहन्छन्, कति धर्मलाई राजनीतिक हतियार बनाउन चाहन्छन्। यसमा हाम्रो आपत्ति र विरोध छ। तर हाल राजनीतिक रुपमा क्रियाशील कुनै दलसँगको अन्तरविरोध प्रधान अन्तरविरोध होइन। मुलुकको राजनीतिक परिवर्तनमा यी दलहरूको कुनै न कुनै रुपमा भूमिका रहेको, आज पनि विभिन्न मुद्दामा उनीहरूसँगको सम्बन्धमा प्रतिष्पर्धा र सहकार्यको अवस्था विद्यमान रहेको हुँदा कुनै दल विशेषलाई प्रमुख दुश्मन घोषणा गर्ने जस्ता कम्युनिष्ट आन्दोलनका अतिवादी गल्तीबाट मुक्त रहनु पर्छ।

*यदि क्रान्ति पछिको राज्य प्रणाली जनताका आकाङ्क्षा र देशका आवश्यकता पूरा गर्ने ('डेलिभरी' दिने) कुरामा सक्षम हुन सकेन, जनताले परिवर्तनको लाभ प्राप्त गर्न सकेनन् र लोकतान्त्रिक गणतन्त्रप्रतिको जनताको स्वेच्छिक समर्थन र अपनत्वको दायरा विस्तार हुँदै जान सकेन भने उत्पन्न हुने असन्तुष्टि, आक्रोश र वितृष्णाको लाभ जुनसुकै पश्चगामी या अतिवादी शक्तिले लिन सक्छन् ।*

नेपाली जनता न्याय, समानता, विकास र समृद्धि चाहन्छन् । यति ठूलो परिवर्तन पश्चात् आफ्ना दशकौं पुराना आशा र सपना पूरा हुने उनीहरूको अपेक्षा बिल्कुल जायज र स्वाभाविक छ । तर वर्तमान उत्पादन पद्धति पछ्यौटे छ, जसले उनीहरूका आकाङ्क्षा पूर्तिमा वाधा पारिरहेको छ। वितरण प्रणाली विभेदपूर्ण छ। दलाल– नोकरशाही पुँजीवादले पछ्यौटे उत्पादन पद्धति र विभेदपूर्ण वितरण प्रणालीको संरक्षण गरिरहेको छ । दलाल पुँजीपति वर्ग राष्ट्रिय पुँजीको विकास गर्न चाहँदैन, गर्न सक्दैन। मुलुकमा रोजगारी सिर्जना गर्न खोज्दैन । जसरी पनि ठेक्कापट्टा हत्याउने तर गुणस्तरीय निर्माण र सेवा उपलब्ध नगराउने, कानुन छल्ने, कर छली गर्ने, कालो धनलाई सेतो बनाउने, राज्यको सम्पत्ति बिभिन्न बहानामा दोहन गर्ने, वस्तु र सेवामा स्वस्थ प्रतिष्पर्धालाई निषेध गर्दै एकाधिकार कायम गर्ने र राज्यका निकायहरूमा अनुचित प्रभाव पारी त्यसबाट संरक्षित हुने यो वर्ग हाम्रो अग्रगतिको वाधक वर्ग हो। आजको मूल अन्तरविरोध पनि यही वर्गको संरक्षण गर्ने शक्ति र प्रवृत्तिसँग रहेको छ ।

हामीले कानुनी र प्रशासनिक हस्तक्षेप तथा संरचनागत सुधार एवं रुपान्तरणका माध्यमबाट यस्तो प्रवृत्तिलाई निरुत्साहित र नियन्त्रित गर्नु पर्छ ।

राष्ट्रिय पुँजीलाई प्रोत्साहित र विकसित गर्नु पर्छ । संवैधानिक, शान्तिपूर्ण एवं लोकतान्त्रिक प्रतिष्पर्धाका माध्यमबाट समाजका सबै क्षेत्रमा श्रेष्ठता हासिल गर्दै राज्य संरचनामा श्रमजीवी वर्गको वर्चस्व विस्तार गर्नु, तीव्र आर्थिक वृद्धि र न्यायोचित वितरणबीच समुचित सन्तुलन कायम गर्नु, राज्यका सबै अङ्गको लोकतान्त्रिक रुपान्तरण गर्नु र जनताको बहुदलीय जनवादी कार्यक्रम लागू गर्दै समाजवादको आधार तयार गर्ने काम गरेर यस अन्तरविरोधको सही समाधान गर्न सकिन्छ । यदि क्रान्ति पछिको राज्य प्रणाली जनताका आकाङ्क्षा र देशका आवश्यकता पूरा गर्ने ('डेलिभरी' दिने) कुरामा सक्षम हुन सकेन, जनताले परिवर्तनको लाभ प्राप्त गर्न सकेनन् र लोकतान्त्रिक गणतन्त्रप्रतिको जनताको स्वेच्छिक समर्थन र अपनत्वको दायरा विस्तार हुँदै जान सकेन भने उत्पन्न हुने असन्तुष्टि, आक्रोश र वितृष्णाको लाभ जुनसुकै पश्चगामी या अतिवादी शक्तिले लिन सक्छन् । विगतको आन्दोलनमा सकारात्मक योगदान गरेका कतिपय शक्तिहरूको भूमिका पनि पश्चगामी र प्रतिक्रियावादी बन्नसक्ने सम्भावना प्रति हमेशा सचेत रहनु आवश्यक हुन्छ ।

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा प्राप्तिका लागि सबै निर्वाचित संयन्त्र, जनप्रतिनिधि निकायलाई परिचालन गर्नु, जनवर्गीय सङ्गठनलाई आ–आफ्नो वर्ग वा समुदायको नेताको रुपमा स्थापित गर्नु, संसदमा रहेका दलहरूलाई संविधान, लोकतन्त्र र राष्ट्रियताको सुदृढीकरण, आर्थिक विकास र समृद्धिका लागि गोलबन्द गर्न प्रयास गर्नु, पश्चगमन, यथास्थितिवाद र धार्मिक, जातीय तथा क्षेत्रीय अतिवादलाई परास्त गर्दै सामाजिक सद्भाव र राष्ट्रिय एकता सुदृढ गर्नु, शान्ति र स्थायित्वलाई दिगो बनाउनु, वाह्य हस्तक्षेपका विरुद्ध राष्ट्रिय स्वाधीनता, राष्ट्रिय हित र स्वाभिमानलाई सुदृढ पार्नु, भ्रष्टाचार, अनियमितता र रुढीवादका विरुद्ध

*संवैधानिक, शान्तिपूर्ण र लोकतान्त्रिक प्रतिस्पर्धाको बाटोबाट जनताको बहुदलीय जनवादको कार्यक्रम लागू गर्दै राष्ट्रिय पुँजीको विकास गर्नु र समाजवादको आधार निर्माण गर्नु हामीले अवलम्बन गरेको राजनीतिक कार्यदिशाको सार हो । आवधिक निर्वाचन, सङ्घीय संसदसहित सबै तहका जनप्रतिनिधि निकाय र सरकार कामको मुख्य क्षेत्रको रुपमा रहन्छन् ।*

तथा सुशासन, सामाजिक सांस्कृतिक सचेतना र रुपान्तरणको अगुवाइ गर्नु यतिबेला हाम्रो कार्यनीतिका मुख्य विशेषता हुन् ।

राजनीतिक कार्यदिशाले रणनीतिक लक्ष्य, रणनीति र कार्यनीतिलाई संयोजन गर्छ।

संवैधानिक, शान्तिपूर्ण र लोकतान्त्रिक प्रतिस्पर्धाको बाटोबाट जनताको बहुदलीय जनवादको कार्यक्रम लागू गर्दै राष्ट्रिय पुँजीको विकास गर्नु र समाजवादको आधार निर्माण गर्नु हामीले अवलम्बन गरेको राजनीतिक कार्यदिशाको सार हो । आवधिक निर्वाचन, सङ्घीय संसदसहित सबै तहका जनप्रतिनिधि निकाय र सरकार कामको मुख्य क्षेत्रको रुपमा रहन्छन् । तर हामी यत्तिमा सीमित रहँदैनौं । जनसरोकार र राष्ट्रिय हितका प्रश्नमा आवश्यकता अनुसार जनपरिचालन गर्नु पर्छ, शान्तिपूर्ण र वैधानिक आन्दोलनका माध्यमबाट जनदबाब सृष्टि गर्दै अघि बढ्ने हाम्रो क्रान्तिको बाटो हो ।

## ११. पार्टी निर्माण

नवौं महाधिवेशनबाट पारित दस्ताबेज र पार्टी एकीकरणको सन्दर्भमा पारित अन्तरिम राजनीतिक प्रतिवेदनमा पार्टी निर्माणका सन्दर्भमा महत्वपूर्ण निष्कर्ष निकालिएका छन् । ती दृष्टिकोणहरू आम रुपमा सही छन् ।

कम्युनिष्ट पार्टी शारीरिक श्रम र वौद्धिक श्रममा सङ्लग्न सबै खाले श्रमजीवी वर्गको पार्टी हो। पार्टीले समाजका निम्न तथा मध्यम वर्ग र परिवर्तनमा सहयोगी हुने राष्ट्रिय पुँजीपति वर्गको हितको समेत प्रतिनिधित्व गर्छ। तर कम्युनिष्ट पार्टी श्रमजीवी वर्ग पक्षधरताबाट कहिल्यै विचलित हुन सक्दैन । कम्युनिष्ट पार्टीले विभिन्न वर्ग या समुदायका आन्दोलन सञ्चालनका लागि जनसङ्गठन निर्माण गर्छ । विभिन्न शक्तिसँग वर्गीय र राजनीतिक मोर्चा निर्माण गर्न सक्छ। जनताको अभिमत लिएर सत्ता सञ्चालन गर्न सक्छ। तर कम्युनिष्ट पार्टीको चरित्र सधैभरि सर्वहारा श्रमजीवी वर्गको राजनीतिक पार्टीका रुपमा अक्षुण्ण रहनु पर्दछ। सामाजिक रुपान्तरण र समाजवाद निर्माणका क्षेत्रमा पार्टीको भूमिका सङ्गीत निर्देशकको जस्तो हुनुपर्छ, जसले विभिन्न वाद्यवादकहरूलाई एउटै लयमा परिचालित गर्दै सुन्दर धुन निर्माण गर्छ ।

कम्युनिष्ट पार्टी स्वेच्छिक रुपले सामाजिक परिवर्तनमा समर्पित हुन तत्पर, त्यसका लागि आवश्यक पर्दा बलिदान दिन तयार तथा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणबाट दीक्षित व्यक्तिहरूको अनुशासित, सचेत र स्वयंसेवी संस्था हो । त्यसैले पार्टी संरचना प्राविधिक विषय होइन । यो मूलतः वैचारिक–राजनीतिक विषय हो । पार्टी निर्माणका वैचारिक आधार हुन् – मार्क्सवाद–लेनिनवाद र जनताको बहुदलीय जनवादको वैचारिक

*कम्युनिष्ट पार्टीले आफूलाई हमेशा जनताको सेवकका रूपमा प्रस्तुत गर्नुपर्दछ । जनताको अपेक्षा र आकाङ्क्षामा आफूलाई खरो उतार्नु पर्दछ । आफूभित्र निरन्तर शुद्धीकरण गरिरहनु पर्दछ र जनताको बदलिँदो चाहनाको अनुरूप अद्यावधिक भइरहनु पर्दछ ।*

मार्गदर्शन, द्वन्द्वात्मक–ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोण, श्रमजीवी वर्ग पक्षधरता, देशभक्तिपूर्ण भावनाका साथ देश र जनताको पक्षमा निरन्तर क्रियाशीलता, राष्ट्रिय पुँजी निर्माण, प्रगतिशील उत्पादक शक्तिको विकास, स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्रको स्थापना, जनताको बहुदलीय जनवादको कार्यान्वयन तथा समाजवादका आधार निर्माणको कार्यदिशा, संसारभरका श्रमजीवी तथा शान्तिप्रेमी जनताको आन्दोलनप्रतिको ऐक्यवद्धता एवं विश्व मानवतावादको पक्षधरता । दक्षिणपन्थी र उग्रवामपन्थी आवरणमा देखा पर्ने अवसरवाद विरुद्धको सतत् वैचारिक सङ्घर्ष, अनुभवको निरन्तर विश्लेषण र संश्लेषणका माध्यमबाट सिद्धान्तको विकास ।

संवैधानिक, शान्तिपूर्ण र लोकतान्त्रिक प्रतिष्पर्धाका माध्यमबाट आफ्नो श्रेष्ठता हासिल गर्न आम जनताको सचेत, स्वेच्छिक तथा अविच्छिन्न समर्थन अनिवार्य पूर्वशर्त हो । खुल्ला समाज, आपसमा प्रतिष्पर्धारत वर्गीय शक्तिहरू उपस्थिति, साधनस्रोत र वाह्य समर्थन प्राप्त वुर्जुवा एवं पश्चगामी वर्गको प्रतिरोधका बीच कम्युनिष्ट चरित्र कायम राख्दै निरन्तर विजय प्राप्त गर्नु सहज छैन । पूँजीवादी भूमण्डलीकरणको सांस्कृतिक प्रभाव, व्यक्तिवाद, उपभोक्तावाद, गलत वैचारिक मान्यता एवं समाजमा विद्यमान पछौटे चिन्तनका बीचबाट कम्युनिष्ट पार्टीले आफूलाई निरन्तर नैतिक र आचरणगत

रुपमा स्वच्छ, पारदर्शी र जनमुखी बनाइरहनु चुनौतीपूर्ण छ । तसर्थ, कम्युनिष्ट पार्टीले आफूलाई हमेशा जनताको सेवकका रुपमा प्रस्तुत गर्नुपर्दछ । जनताको अपेक्षा र आकाङ्क्षामा आफूलाई खरो उतार्नु पर्दछ। आफूभित्र निरन्तर शुद्धीकरण गरिरहनु पर्दछ र जनताको बदलिँदो चाहनाको अनुरुप अद्यावधिक भइरहनु पर्दछ । बहुदलीय प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्न समाजका विभिन्न तप्काको मत प्राप्त गर्नुपर्ने आवश्यकता र सर्वहारा श्रमजीवी वर्ग पक्षधरतालाई जोगाइराख्ने दायित्वका बीचमा सन्तुलन मिलाउन विशेष कुशलता प्रदर्शन गर्नुपर्दछ ।

पार्टी निर्माणका आधारस्तम्भ पार्टी सदस्य हुन् । पार्टीको सार्वभौमसत्ता सारतः पार्टी सदस्यमै निहित रहन्छ । पार्टीको नीति तथा नेतृत्व निर्माणको निर्णायक स्रोत पार्टी सदस्य नै हुन्छन् । पार्टी निर्माणको जगका रुपमा रहेका पार्टी सदस्यकै गुणस्तर कमजोर भयो र पार्टी सदस्यता प्रदान गर्ने विधि मनोगत र स्वार्थप्रेरित भयो भने पार्टी निर्माण कमजोर हुन्छ । तसर्थ, कठिन परीक्षा पश्चात् मात्र हासिल हुने सदस्यता प्राप्तिलाई अनावश्यक खुकुलो र गुणस्तरहीन बनाउनु हुँदैन । पार्टी सदस्यता प्राप्त गर्नुपूर्व निजले कुनै न कुनै जन–वर्गीय सङ्गठनमा निश्चित अवधि व्यतीत गरेको वा पार्टीद्वारा सञ्चालित अभियान/ आन्दोलनमा सक्रिय सहभागी भएको र सदस्यता प्राप्त गर्नु पूर्व पार्टीको वैचारिक र सङ्गठनात्मक विषयमा आधारभूत ज्ञान हासिल गर्न एक तहको प्रशिक्षण हासिल गरेको कुरा सुनिश्चित गर्नु पर्छ ।

मुलुकमा सङ्घीयता कार्यान्वयन भइसकेको परिप्रेक्ष्यमा हाम्रो कमिटी प्रणाली पनि मूलतः मुलुकको सङ्घीय र प्रशासनिक संरचना अनुरुपकै हुनुपर्दछ। यसरी हेर्दा हाम्रो सङ्गठनात्मक संरचना केन्द्र, प्रदेश, जिल्ला, पालिका, वडा तथा प्रारम्भिक गरी ६ तहको हुनु आवश्यक देखिन्छ। दुबै

*हामीले पार्टीको नीति, नेतृत्व निर्माण तथा समस्त पार्टी सञ्चालनमा पार्टीका नेता, कार्यकर्ता र सदस्यहरुको निर्णायक भूमिका रहने तर आम जनताको समर्थनमा मात्र अघि बढ्ने नीति अङ्गालेका छौं । यसलाई हामीले 'जनआधारित कार्यकर्ता पार्टी' नीति भन्ने गरेका छौं ।*

तहका निर्वाचन क्षेत्रमा आवश्यकता अनुसार समन्वय कमिटी बनाउन सकिन्छ ।

पार्टीमा सङ्गठित हुन तथा समर्पित हुन तयार व्यक्ति मात्रै पार्टीको संगठित सदस्य हुनसक्ने तथा व्यक्ति सङ्गठनको, मातहत कमिटी माथिल्लो कमिटीको र अल्पमत बहुमतको मातहत रहनु पर्ने जस्ता लेनिनवादी सङ्गठनात्मक सिद्धान्तका मान्यता आज पनि सान्दर्भिक छन्। यिनलाई सिर्जनात्मक ढङ्गले र आफ्नो विशिष्ट स्थिति अनुरुप लागू गर्नु पर्छ। आन्तरिक पार्टी जनवादका आधारमा निर्मित वैचारिक केन्द्रियताले नै सङ्गठनात्मक केन्द्रियता निर्माण हुन्छ । जनवादी केन्द्रियतालाई जनवाद र केन्द्रियताको द्वन्दात्मक एकताको अर्थमा ग्रहण गर्नु पर्दछ ।

लामो समयसम्म प्रतिबन्धित या प्रतिपक्षी अवस्थामा काम गर्नुपरेका कारण कम्युनिष्ट पार्टी निर्माणका हाम्रा अनुभवमा कतिपय सीमा र कमजोरी रहेका छन्। आम जनताको बीचमा घुलमील भएर उनीहरूको स्वेच्छिक समर्थन हासिल गर्नुपर्ने आवश्यकतालाई बेला–बेलामा गौण ठानिने गरिएको छ । फौजी ढाँचाको सङ्गठन, अत्यधिक केन्द्रीकरण र भूमिगत कार्यशैली जस्ता कतिपय अन्तर्राष्ट्रिय र आफ्नै अनुभव आज सान्दर्भिक छैनन् ।

खुकुलो जनपार्टी (मास पार्टी) को अवधारणा वुर्जुवाहरूका पार्टी निर्माणको आधार हो। संसारका प्रायशः कम्युनिष्ट पार्टीहरूले कार्यकर्ता पार्टीको मान्यता अनुरुप पार्टी निर्माण गरेका छन्। हामीले पार्टीको नीति, नेतृत्व निर्माण तथा समस्त पार्टी सञ्चालनमा पार्टीका नेता, कार्यकर्ता र सदस्यहरूको निर्णायक भूमिका रहने तर आम जनताको समर्थनमा मात्र अघि बढ्ने नीति अङ्गालेका छौं। यसलाई हामीले 'जनआधारित कार्यकर्ता पार्टी' नीति भन्ने गरेका छौं। यसका मुख्य विशेषता हुन्–

- कम्युनिष्ट पार्टी स्वयं र यसका नेता र कार्यकर्ता आवधिक निर्वाचनमा जनताबाट अनुमोदित हुनु पर्छ।
- कम्युनिष्ट पार्टीले निर्वाचनमा विजय हासिल गरेर सरकार सञ्चालन र समग्र राज्यको नेतृत्व गर्छ। तर यो आफैमा राजकीय पार्टी होइन। यो हमेशा राजनीतिक पार्टीका रुपमा रहिरहनु पर्छ।
- समाज र लोकतान्त्रिक प्रणालीमा प्रतिस्पर्धा आजको राजनीतिको यथार्थ हो। यस प्रतिष्पर्धालाई स्वीकार गर्ने मात्रै होइन, कम्युनिष्ट पार्टीलाई त्यस प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्न सक्ने गरी सुदृढ र लोकप्रिय बनाई राख्नु पर्दछ।
- राज्य सञ्चालनको नेतृत्व र मुलुकलाई समृद्ध बनाउने अभियानको अगुवाइ गरिरहेको पार्टी पङ्क्तिमा सामान्य राजनीतिक चेतना भएर मात्रै पुग्दैन। खास बिषयमा विशेषज्ञता आर्जन गरेका गरेका नेता र कार्यकर्ता समेत सङ्गठित भएको पार्टी बन्नु पर्दछ।
- समाजमा लोकतन्त्रका लागि लड्ने र त्यसको अगुवाइ गर्ने कम्युनिष्ट पार्टीले आफ्नो आन्तरिक जीवनमा पनि उन्नतस्तरको लोकतन्त्र अवलम्बन गर्नु पर्दछ। त्यसैले हाम्रो पार्टीलाई आन्तरिक

*नेता र कार्यकर्ताको जीवनशैली जनताबाट अलगावमा पर्ने खालको र सार्वजनिक टिप्पणी हुने खालको भने हुनुहुँदैन । यो स्वच्छ, विवादरहीत र मर्यादित हुनुपर्छ । पार्टी कार्यकर्ताले पार्टी विधान एवं मुलुकको संविधान र प्रचलित कानुनको पनि पालना गर्नु पर्छ ।*

लोकतन्त्र उन्नत भएको पार्टीका रुपमा स्थापित गर्नु पर्दछ । नीति, विधि र नेतृत्व निर्माणमा पार्टी सदस्यको निर्णायक भूमिका र सार्वभौमसत्तालाई प्रत्याभूत गरिनु पर्छ ।

- पार्टीमा नीति र नेतृत्वको परिक्षण एवं आवधिक अनुमोदनको व्यवस्था गर्नु पर्दछ ।
- महाधिवेशन पार्टीमा असहमतिहरू भएमा तिनको समाधान गर्ने र नेतृत्व निर्माण गर्ने थलो बन्नु पर्छ । नीति र नेतृत्वका बारेमा नयाँ र अन्त्यहीन विवाद सुरु गर्ने थलो होइन ।
- समाजमा जस्तै राजनीतिक क्षेत्रमा पनि विविधता एउटा यथार्थ हो । त्यसैले हामीले राजनीतिमा पनि विविधतालाई स्वीकार गर्नु पर्दछ । भाइचारा र मित्र पार्टीबीच उत्पन्न हुन सक्ने नीतिगत भिन्नतालाई सहज रुपमा लिनु पर्दछ र एकरुपतामा एकता होइन, विविधतामा एकता खोज्नु पर्दछ ।

शान्तिपूर्ण र बहुदलीय प्रतिष्पर्धाका माध्यमबाट श्रेष्ठता हासिल गर्नु हाम्रो कार्यनीतिको महत्वपूर्ण अङ्ग भएकाले यो विषय हाम्रो पार्टी निर्माणलाई दिशानिर्देश गर्ने महत्वपूर्ण पक्ष हो । त्यसैले पार्टी आवधिक निर्वाचनमार्फत्

जनताबाट अनुमोदित हुनुपर्छ भने पार्टीको कार्यशैली, नेतृत्व निर्माण र संरचना त्यससैसँग अनुकूल हुनु पर्दछ ।

पार्टी र जनसंगठनका संरचना अति नै ठूला र भद्दा तथा बैठक नै हुन नसक्ने र कामकाजी नहुने स्थितिको अन्त्य गर्नुपर्छ। पार्टीको गोपनीयता र मर्यादाको रक्षा हुने वातावरण कायम राख्नुपर्छ। खुल्ला समाजमा पार्टीका नेता कार्यकर्ताहरूको जीवनशैली, कार्यसम्पादन र आचरण पनि आम जनताको चासो र सरोकारको विषय बन्न पुग्छ । त्यसैले नेता कार्यकर्ताहरूको शैली र आचरणमा स्वच्छताको प्रत्याभूति हुनुपर्छ। निरपेक्ष समानता संभव छैन । तर नेता र कार्यकर्ताको जीवनशैली जनताबाट अलगावमा पर्ने खालको र सार्वजनिक टिप्पणी हुने खालको भने हुनुहुँदैन। यो स्वच्छ, विवादरहीत र मर्यादित हुनुपर्छ। पार्टी कार्यकर्ताले पार्टी विधान एवं मुलुकको संविधान र प्रचलित कानुनको पनि पालना गर्नु पर्छ।

फेरिएको सन्दर्भले पार्टी निर्माणका कतिपय पक्षमा परिवर्तनको माग गरिरहेको छ। अब हामीले आन्दोलनमा प्रशिक्षित हाम्रो पार्टी पङ्क्तिलाई उत्पादन, निर्माण र विकासको अनुकूल हुने गरी रुपान्तरित गर्नुपर्छ। कार्यकर्तालाई नयाँ कार्यभारका बारेमा प्रशिक्षित गर्नुपर्दछ ।

पार्टीमा वैचारिक काम अपेक्षाकृत बलियो बन्न नसकेको, पार्टी पङ्क्तिको चेतना स्तर अपेक्षित मात्रामा सुदृढ हुन नसकेको र नयाँ परिस्थितिका नयाँ चुनौतीको सामना गर्न पार्टी पङक्ति पर्याप्त मात्रामा सक्षम बन्न नसकेको आम अनुभूति छ। त्यसैले पार्टीमा नियमित, व्यवस्थित र अनिवार्य प्रशिक्षणको व्यवस्था गर्नुपर्छ। नेताहरू पार्टीका स्थापित नीति मूल्य र निर्णयमा अडिग रहनु पर्छ । मार्क्सवादको सैद्धान्तिक प्रशिक्षणका साथसाथै हाम्रो पार्टी स्कुलले आजका ज्वलन्त विषयमा सहभागीलाई दीक्षित गर्ने

*पार्टीले वैधानिक रूपमै आन्दोलनको अगुवाइ गरिरहेको र सत्ताको नेतृत्व समेत गरिरहेको पृष्ठभूमिमा अब जनवर्गीय सङ्गठनको भूमिकालाई पुनर्परिभाषित गर्नु जरुरी छ । लोकतन्त्रका लागि गरिने आन्दोलन र लोकतन्त्रमा गरिने आन्दोलन बीचको सीमा के हो, स्पष्ट पार्नुपर्छ।*

व्यवस्था गर्नु पर्दछ। परम्परागत प्रशिक्षण शैली प्रभावकारी बन्न नसकेको यथार्थलाई हेक्का राख्दै प्रशिक्षणका आधुनिक, प्रविधिमैत्री र छरिता विधि अवलम्बन गर्नुपर्दछ। नयाँ प्रश्न र विषयहरूको अनुसन्धानका लागि नीति अनुसन्धान प्रतिष्ठानलाई क्रियाशील बनाउनु पर्छ ।

पार्टीले संचार माध्यम, नागरिक समाज, समाजका विभिन्न तप्का, अन्तर्राष्ट्रिय समुदाय र समाजका सबै पक्षसँग भेटघाट, सम्पर्क र सम्वाद गर्नु आवश्यक हुन्छ । यस्ता संस्थासँगको सम्पर्कको विधि, मर्यादा रेखा, जानकारी र उपयुक्त सम्बन्ध बारे पनि हामी सजग हुनु पर्छ ।

विभिन्न पार्टी परित्याग गरी हाम्रो पार्टीमा प्रवेश गर्ने क्रम जारी छ । पार्टी विस्तारका लागि यो सकारात्मक र आवश्यक विषय भए पनि नवप्रवेशीलाई उचित जिम्मेवारी, प्रशिक्षण र व्यवस्थापन गर्न नसक्दा पार्टी प्रवेश पर्याप्त लाभकारी हुन नसकेको अनुभव छ। त्यसैले पार्टी प्रवेशलाई व्यवस्थित गर्ने, नवप्रवेशीलाई उचित प्रशिक्षणको व्यवस्था गर्ने र उचित जिम्मेवारी दिने कुरामा ध्यान दिनुपर्छ।

पार्टीले विभिन्न जन–वर्गीय सङ्गठन निर्माण र सञ्चालन गरेको छ। विभिन्न समुदायमा पार्टीलाई स्थापित गर्न, पार्टी कार्यकर्ता तयार गर्ने नर्सरीका रुपमा विकास गर्न र विभिन्न समुदायका मागलाई पार्टीको आम आन्दोलनसँग आवद्ध गर्न जनवर्गीय सङ्गठनको भूमिका विशेष हुन्छ। विगतमा, विशेष गरेर पार्टी भूमिगत अवस्थामा रहेको बेला यी सङ्गठनले पार्टीको प्रभाव विस्तार, आन्दोलनको उठान र पार्टी निर्माणमा उल्लेखनीय भूमिका खेलेका छन्। परिवर्तित सन्दर्भ, पार्टीले वैधानिक रुपमै आन्दोलनको अगुवाइ गरिरहेको र सत्ताको नेतृत्व समेत गरिरहेको पृष्ठभूमिमा अब जनवर्गीय सङ्गठनको भूमिकालाई पुनर्परिभाषित गर्नु जरुरी छ। लोकतन्त्रका लागि गरिने आन्दोलन र लोकतन्त्रमा गरिने आन्दोलन बीचको सीमा के हो, स्पष्ट पार्नुपर्छ। अब जनसङ्गठनलाई आफ्नो समुदायको सरोकारका विषयमा बढी केन्द्रित गर्नुपर्छ। साथै, देश, जनता र लोकतन्त्रसँग सम्बन्धित समसामयिक विषयमा संवेदनशील रही पार्टीको धारणा अनुरुप क्रियाशील हुन दीक्षित र सचेत तुल्याउनु पर्छ। उनीहरूलाई वैचारिक मार्गदर्शन र सङ्गठनात्मक स्वायत्तताको मान्यताका आधारमा सञ्चालन गर्नुपर्छ।

सत्तामा रहेको बेला भ्रष्टाचार, विचलन, नोकरशाही शैली, व्यक्तिवाद, पदीय अहंकार, नैतिक र चारित्रिक स्खलन र जनताबाट अलगावको खतरा अन्य बेलामा भन्दा प्रबल हुन्छ। यस्ता प्रवृत्तिले प्रश्रय नपाउन् भन्नेतर्फ सचेत हुँदै त्यस्तो प्रवृत्ति र काम देखिएमा तत्काल सच्च्याउनु पर्छ। पार्टी नेता कार्यकर्ताहरूको जीवनशैलीको निरन्तर अनुगमन गर्ने, सार्वजनिक रुपमा उठेका प्रश्नमा सार्वजनिक जवाफदेहिता कायम गर्ने र पार्टी नेता/कार्यकर्ताहरूलाई पार्टी विधान र राज्यको कानुन दुबैतिर उत्तरदायी बनाउनु पर्छ। वैचारिक–सांस्कृतिक अभियानलाई पार्टी निर्माणको अभिन्न अंग बनाउनु पर्दछ।

> *सामाजिक न्याय र समाजवादका आधार तयार गर्ने प्रयासलाई विफल बनाउने दिशामा उन्मुख छ। मुलुकलाई पुनः अस्थिरता, अन्यौल र द्वन्द्वतिर धकेल्दै राष्ट्रिय एकतालाई कमजोर गर्ने र वाह्य चलखेल बढाउन प्रवृत्त छ। सारमा, जनतामा जागेको आत्मविश्वास, भरोसा र आशावादमाथि तुषारापात गर्दै त्यसै अन्यौलभित्र निहित स्वार्थ पूरा गर्ने कुरामा केन्द्रित छ।*

पार्टीका सिद्धान्त, कार्यक्रम, नीति, दृष्टिकोण र गतिविधिहरूका बारेमा जनतालाई निरन्तर सुसूचित गराउनु पर्छ। विरोधीहरूले फैलाउने वा फैलाएका आरोप, भ्रम र कुप्रचारको निरन्तर खण्डन गर्ने र उनीहरूका देश एवं जनता विरोधी काम कुराहरूको आलोचना गर्नुपर्छ। व्यक्तिलाई केन्द्रित गरेर गरिने हमलाको सामूहिक प्रतिरक्षा गर्नु पर्छ र गलत गरेको भए कार्बाही गर्नु पर्छ। यसका लागि पार्टीको प्रचार संयन्त्रलाई सुदृढ र प्रभावकारी बनाउनु पर्छ।

## १२. आगामी कार्यभार

२०७४ फागुन ३ गते हाम्रो पार्टीको नेतृत्वमा सरकार गठन हुँदाको उत्साहपूर्ण वातावरण र परिस्थिति, नयाँ प्रणाली संविधानतः संस्थागत हुँदै गरेको अवस्था, बहुमतको सरकारले खडा गरेको राजनीतिक स्थिरताको आधार, सुरुवात हुँदै गरेको समृद्धिको यात्रामा आज अवरोध सिर्जना भएको छ। नयाँ युग तर्फको यात्रालाई गन्तव्यहीन बनाउन खोजिएको छ। सरकार बदल्ने मात्रै होइन, पछिल्ला राजनीतिक घटनाहरूको अन्तरनिहित उद्देश्य विगत केही वर्षको अथक प्रयासबाट तयार गरिएको र अगाडि बढाइएको

राष्ट्रिय हितको रक्षा र स्वाभिमान वृद्धिका उपलब्धिलाई उल्ट्याउने कुरामा केन्द्रित छ । लोकतन्त्रको सुदृढीकरण र यसलाई जनताको जीवनसँग जोड्ने अभियानलाई असफल बनाउने उद्देश्यमा लक्षित छ । सामाजिक न्याय र समाजवादका आधार तयार गर्ने प्रयाशलाई विफल बनाउने दिशामा उन्मुख छ। मुलुकलाई पुनः अस्थिरता, अन्यौल र द्वन्द्वतिर धकेल्दै राष्ट्रिय एकतालाई कमजोर गर्ने र वाह्य चलखेल बढाउन प्रवृत्त छ । सारमा, जनतामा जागेको आत्मविश्वास, भरोसा र आशावादमाथि तुषारापात गर्दै त्यसै अन्यौलभित्र निहित स्वार्थ पूरा गर्ने कुरामा केन्द्रित छ ।

यस पश्चगामी षडयन्त्रलाई विफल पार्दै समृद्धिको यात्रालाई निरन्तरता दिने सर्वोपरि महत्वको कार्यभार पार्टीका सामु छ । यसका लागि पार्टीलाई राज्य सञ्चालनको केन्द्रभागमा पुनःस्थापित गर्नु अनिवार्य पूर्वशर्त हो । यिनै दुई मुख्य कार्यभारले हाम्रा अन्य कार्यभारलाई दिशानिर्देशित गर्दछन् ।

**क) पार्टीलाई एकताबद्ध, सुदृढ र व्यापक जनाधारित बनाउने ।**

- पार्टीलाई वैचारिक रुपले सुस्पष्ट, सङ्गठनात्मक दृष्टिले चुस्त र सुदृढ, भावनात्मक रुपमा एकताबद्ध, जनतासँग घनिष्ट रुपमा आवद्ध बनाउने ।
- सदस्यता नवीकरण, विस्तार र गुणस्तर वृद्धि गदै अर्को महाधिवेशनसम्म पार्टी सदस्य सङ्ख्या कम्तीमा दस लाख पुऱ्याउने ।
- महाधिवेशन, अधिवेशन, बैठक र प्रशिक्षणहरू नियमित, परिणाममुखी र प्रभावकारी बनाउने ।

*विभाजनका असर न्यून पार्न भ्रममा परेका साथीहरूलाई पार्टीमा फर्काउने, विभाजनकारीहरूका अवसरवादी र जनविरोधी क्रियाकलापबारे जनतालाई स्पष्ट पार्ने । ... पार्टीलाई नेपाली कम्युनिष्ट आन्दोलनको मुख्य शक्तिका रुपमा थप सुदृढ गर्न आधारभूत तहबाटै वामपन्थी एकताको अभियान अगाडि बढाउने।*

- विभाजनका असर न्यून पार्न भ्रममा परेका साथीहरूलाई पार्टीमा फर्काउने, विभाजनकारीहरूका अवसरवादी र जनविरोधी क्रियाकलापबारे जनतालाई स्पष्ट पार्ने ।
- पार्टीलाई नेपाली कम्युनिष्ट आन्दोलनको मुख्य शक्तिका रुपमा थप सुदृढ गर्न आधारभूत तहबाटै वामपन्थी एकताको अभियान अगाडि बढाउने।
- प्राकृतिक विपत्ति लगायत जनताका सुखदुख, पीडा र कष्टमा अग्रपङ्क्तिमा उभिएर सेवा गर्ने ।
- जनसङ्गठनहरूलाई आफ्नो वर्ग, समुदाय या पेशाका वास्तविक नेताका रुपमा गतिशील, विस्तारित र प्रभावकारी बनाउने ।
- पार्टी स्कुलका माध्यमबाट नियमित प्रशिक्षण सञ्चालन गर्दै पार्टी पङ्क्तिको चेतना माथि उठाउने । पार्टीको नीति अनुसन्धान प्रतिष्ठानद्वारा नयाँ नयाँ विषयहरूको अनुसन्धान र विभिन्न नीतिहरूको विश्लेषण सहित पार्टीलाई आवश्यक सुझाव र पृष्ठपोषण गर्ने ।

**ख) पार्टीमा सुदृढीकरण र शुद्धीकरण अभियान सञ्चालन गर्ने ।**

- गुटबन्दी, भ्रष्टता र सांस्कृतिक विचलनका विरुद्ध पार्टीमा शुद्धीकरण र सुदृढीकरण अभियान सञ्चालन गर्ने ।
- पार्टीको प्रचार कार्यलाई चुस्त, प्रभावकारी र गुणस्तरीय बनाउने ।

**ग) आगामी निर्वाचनमा पार्टीलाई बहुमतप्राप्त पहिलो शक्तिका रुपमा स्थापित गर्ने ।**

- वडा, पालिका र निर्वाचन क्षेत्र तहमा निर्वाचनको तयारीका काममा तीव्रता दिने ।
- मतदाता नामावली लगायत कानुनी र प्राविधिक पक्षलाई चुस्त राख्ने ।
- विगत निर्वाचनमा विजयी भएका स्थानमा पार्टीले गरेका काम, प्राप्त गरेका उपलब्धि र पहलहरूका बारेमा व्यवस्थित सामग्री तयार गरी जनताका बीचमा स्थापित गर्ने ।
- शक्ति सन्तुलनको अवस्था, विपक्षी रणनीति र जनभावनाको सूक्ष्म अध्ययन/विश्लेषण गर्ने ।
- तीनै तहका निर्वाचनमा पार्टीलाई बहुमत प्राप्त पहिलो शक्तिका रुपमा स्थापित गर्ने ।

**घ) दक्षिणपन्थी अवसरवादी गठबन्धन र त्यसले सञ्चालन गरेको सरकारका गलत कामको विरोध गर्ने ।**

- वर्तमान गठबन्धनको अवसरवादी, स्वार्थी र राजनीतिक अस्थिरता सिर्जना गर्ने चरित्रको भण्डाफोर गर्ने ।

*छिमेकी लगायत सबै मित्र राष्ट्रहरूसँग सार्वभौम समानता, पारस्परिक लाभ र सम्मान तथा अहस्तक्षेपमाथि आधारित सुमधुर सम्बन्ध सञ्चालन गर्ने ।*
*लिपुलेक, लिम्पियाधुरा, कालापानी र सुस्ता लगायत नेपाली भूभागमा नेपालको हकभोग कायम गर्न निरन्तर पहल गर्ने ।*
*असमान सन्धीहरुको पुनरावलोकन गर्ने ।*

- गठबन्धन सरकारबाट गरिने जनविरोधी, राष्ट्रविरोधी क्रियाकलापको सशक्त प्रतिवाद र विरोध गर्ने ।
- प्रतिपक्षका रुपमा पार्टीको भूमिकालाई सशक्त, सिर्जनात्मक र प्रभावकारी बनाउने ।

**ङ) राष्ट्रियताको सुदृढीकरण, राष्ट्रिय हितको रक्षा र राष्ट्रिय स्वाभिमानको अभिवृद्धि गर्ने ।**

- राष्ट्रिय हितमा केन्द्रित स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्ने ।
- छिमेकी लगायत सबै मित्र राष्ट्रहरूसँग सार्वभौम समानता, पारस्परिक लाभ र सम्मान तथा अहस्तक्षेपमाथि आधारित सुमधुर सम्बन्ध सञ्चालन गर्ने ।
- लिपुलेक, लिम्पियाधुरा, कालापानी र सुस्ता लगायत नेपाली भूभागमा नेपालको हकभोग कायम गर्न निरन्तर पहल गर्ने ।
- असमान सन्धीहरूको पुनरावलोकन गर्ने ।
- छिमेकीहरू लगायत मित्र राष्ट्रहरूसँग गरिएका विकास साझेदारी र कनेक्टिभिटीका परियोजनाको प्रवर्द्धन गर्ने ।

**च) लोकतन्त्रको सुदृढीकरण, संविधानको रक्षा र विकास एवं राजनीतिक स्थायित्वको सम्बर्द्धन गर्ने ।**

- लोकतन्त्रलाई कमजोर गर्ने कुनै पनि कार्यको सशक्त विरोध गर्ने ।
- संविधानको रक्षा, कार्यान्वयन र विकासका लागि अग्रपङ्क्तिमा रहेर भूमिका खेल्ने ।
- मुलुकलाई विभिन्न बहानामा अस्थिरतातिर धकेल्ने, अन्यौल सिर्जना गर्ने, सामाजिक सम्बन्ध र सौहार्द्रतालाई खलबल्याउने कुनै पनि प्रयाश सफल हुन नदिने ।
- अनुभवहरूका आधारमा सङ्घीय प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाउने ।

**छ) मौलिक सांस्कृतिक मूल्यहरूको सम्बर्द्धन र सांस्कृतिक रुपान्तरण**

- मुलुकका सांस्कृतिक विशेषता, मौलिक पहिचान र सकारात्मक पक्षहरूको संरक्षण गर्ने ।
- बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुआस्था समूहका विशेषता र विविधताको संरक्षण र राष्ट्रिय एकताको सम्बर्द्धन गर्ने ।
- सामन्ती, उपभोक्तावादी, व्यक्तिवादी र विकृत सांस्कृतिक परम्परा, मूल्य र मान्यताहरूको प्रतिवाद गर्ने ।
- पार्टी पङ्क्तिमा श्रमलाई सम्मान गर्ने, जातीय विभेद, छुवाछुत र महिला हिंसाको विरोध गर्ने लगायत मानवतावादी, वैज्ञानिक र सामूहिकताको संस्कृतिलाई प्रवर्द्धन गर्ने ।

*जमिनको खण्डीकरण रोक्ने, उपयोगका आधारमा जमिनको वर्गीकरण गर्ने, कृषि जमिनलाई करमुक्त गरी कृषि कार्यलाई प्रोत्साहन गर्ने, निश्चित ठाउँमा एकै खालको बालीका लागि प्रोत्साहन दिएर नयाँ ढङ्गले चक्लाबन्दी गर्ने, कृषि उपजको उचित मूल्य निर्धारण, लगानी वृद्धि र किसानहरुको हित सुनिश्चित गर्ने ।*

**ज) आर्थिक विकास र समृद्धिको यात्रालाई निरन्तर अगाडि बढाउने ।**

देहायका विषयलाई सरकारमा हुँदा कार्यान्वयन गर्ने र प्रतिपक्षमा हुँदा कार्यान्वयनका लागि दबाब दिने–

- जीवनचक्रमाथि आधारित सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ बनाउँदै सक्रिय उमेर समूह बाहिरका नागरिकलाई सर्वकालिक सामाजिक सुरक्षाका योजनाबाट संरक्षण गर्ने ।
- योगदानमाथि आधारित सामाजिक सुरक्षाको दायराभित्र सबै श्रमजीवीहरूलाई समेट्ने ।
- भूमि आयोग मार्फत् भूमिहीन, सुकुम्बासी, घरबारविहीन तथा दलितहरूलाई आवासको प्रत्याभूति गर्ने ।
- जमिनको खण्डीकरण रोक्ने, उपयोगका आधारमा जमिनको वर्गीकरण गर्ने, कृषि जमिनलाई करमुक्त गरी कृषि कार्यलाई प्रोत्साहन गर्ने, निश्चित ठाउँमा एकै खालको बालीका लागि प्रोत्साहन दिएर नयाँ ढङ्गले चक्लाबन्दी गर्ने, कृषि उपजको उचित मूल्य निर्धारण, लगानी वृद्धि र किसानहरूको हित सुनिश्चित गर्ने ।

कृषि क्षेत्रमा जगेडा रहेको श्रम शक्तिलाई गैर कृषि क्षेत्रतर्फ आकर्षित गर्न कृषिमा आधारित उद्योगहरूको तीव्र विकास गर्ने ।

- रोजगारी सिर्जना र स्वरोजगारीको विस्तारमार्फत् युवाहरूका लागि देशभित्रै अवसरहरू सिर्जना गर्ने । विदेशिएका नेपालीहरूलाई स्वदेशमै विभिन्न उद्यम तथा रोजगारीमा सङ्लग्न गराउन वातावरण निर्माण गर्ने ।
- सार्वजनिक यातायात क्षेत्रमा सार्वजनिक–निजी साझेदारी विकास गर्दै गुणस्तरीय सेवा उपलब्ध गराउने । विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्ने ।
- स्वास्थ्य बीमा मार्फत जनताको स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्ने । प्रत्येक प्रदेशमा सरकारी मेडिकल कलेज स्थापना र चिकित्सा शिक्षामा देखिएका विकृति र व्यापारीकरणको अन्त्य गर्ने ।
- विद्यालयको दायराबाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा अनिवार्य भर्ना गर्ने । बीचैमा पढाइ छाड्ने स्थिति अन्त्य गर्ने । गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै माध्यमिक तहसम्मको शिक्षामा ७० प्रतिशत प्राबिधिक तथा व्यवसायिक र ३० प्रतिशत साधारण शिक्षाको अनुपात हुनेगरी प्राविधिक शिक्षाको पहुँच बढाएर मध्यम स्तरका प्राविधिक जनशक्ति निर्माण गर्ने । सहज पहुँचसहितको उच्च शिक्षा गुणस्तरीय तुल्याउँदै आवश्यक विज्ञ जनशक्ति निर्माण गर्ने ।
- सामन्तवादका अवशेषहरूको उन्मूलन गर्ने ।

*...हामी हरेक चोटी धुलो टक्टक्याउँदै उठेका छौं, घाउहरु निको पारेका छौं र थप उर्जा एवं वेगका साथ लक्ष्यतर्फ अगाडि बढेका छौं । यही यात्राका क्रममा नेपाली कम्युनिष्ट आन्दोलन आज मुलुककै नेतृत्वदायी शक्तिका रूपमा स्थापित भएको छ । समाजका हरेक आयामलाई बाटो देखाउन सफल भएको छ ।*

- औद्योगीकरणमार्फत् रोजगारी सिर्जना, राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण र परनिर्भरताको अन्त्य गर्ने ।
- भ्रष्टाचार, अनियमितता, राज्यकोषको दोहन, ठेक्कापट्टामा मिलिमतो र कमसल भौतिक निर्माण तथा सेवाग्राहीको शोषण लगायत विकृतिलाई अन्त्य गर्ने । डिजिटल कारोबारहरू मार्फत् कर चुहावट, गैरकानुनी कारोबार र अवैध धनको प्रयोग नियन्त्रण गर्ने ।
- कर्मचारी प्रशासनमा सुधार गर्दै सेवा प्रवाहलाई छरितो, जनमुखी र स्वच्छ बनाउने ।
- दिगो विकास लक्ष्य हासिल गर्न निरन्तर प्रयत्न गर्ने ।

कमरेडहरू !

इतिहासमा लोकतन्त्रको प्राप्ति, राष्ट्रियताको रक्षा र जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन एवं सामाजिक न्याय र समानता स्थापित गर्न असाधारण भूमिका खेल्दै आएको हाम्रो पार्टीका सामु यतिबेला केही चुनौतीहरू थपिएका छन् । तर आन्दोलनका सामु उपस्थित वर्तमान चुनौतीहरू

अस्थायी हुन् । आफ्नो ७२ वर्ष लामो यात्रामा मुलुकको लोकतन्त्र र कम्युनिष्ट आन्दोलन दुबैले अनेकौं धक्का खाएका छन्, अस्थायी पराजय भोगेका छन् । तर हामी हरेक चोटी धुलो टक्टक्याउँदै उठेका छौं, घाउहरू निको पारेका छौं र थप उर्जा एवं वेगका साथ लक्ष्यतर्फ अगाडि बढेका छौं । यही यात्राका क्रममा नेपाली कम्युनिष्ट आन्दोलन आज मुलुककै नेतृत्वदायी शक्तिका रुपमा स्थापित भएको छ । समाजका हरेक आयामलाई बाटो देखाउन सफल भएको छ । इतिहासका अनुभव र शिक्षाको आलोकमा कमी कमजोरीहरूलाई हटाउँदै एवं उपलब्धिहरूको रक्षा गर्दै देशभक्ति र जनसेवाको उच्च भावनाका साथ अगाडि बढौं । आन्दोलनमा सङ्कट उत्पन्न भएको बेला युवा–विद्यार्थी लगायत नयाँ पुस्ताले प्रदर्शन गरेको साहस र उत्साह आन्दोलनका लागि ठूलो उर्जा हो । वर्तमान र भावी पुस्ताका लागि समृद्ध, सबल र विकसित राष्ट्र एवं न्यायपूर्ण र समुन्नत समाज हस्तान्तरण गर्ने यस अभियानमा केन्द्रित भएर लागौं, सफलता अवश्यंभावी छ ।

**केपी शर्मा ओली**
**अध्यक्ष**